# कम्मट्ठान-दीपनी

# KAMMATTHANA-DIPANI



सम्पादक - भिक्षु शोभन

अनुवादक - महेन्द्र रत्न शाक्य

Downloaded from http://dhamma.digital

# कम्मट्ठान-दीपनी

# KAMMATTHANA DIPANI

**मूल लेखक**

अग्गमहापण्डित लेदी सयादो महास्थविर

**सम्पादक**

भिक्षु शोभन

श्री सुमंगल विहार

**अनुवादक**

महेन्द्र रत्न शाक्य

Downloaded from http://dhamma.digital

**प्रकाशन समूह**

मूल प्रकाशक:
लक्ष्मी मानन्धर, काठमाडौं

सह प्रकाशक :
मिश्री माया वैद्य, स्वथ
धर्मराज लामा, प्रयागपोखरी
दुवलक्ष्मी राना, लगनखेल
पवित्रा मोक्तान, सानेपा

बुद्ध संवत् २५४७
नेपाल संवत् ११२३
विक्रम संवत् २०६०
इस्वी संवत् २००३

**Kammatthana Dipani (Manual of Meditation Subjects) by**
**MATHERO LEDI SAYADAW AGGAMAHAPANDITA**
**Edited in Nepali by Rev. Sobhan (B.F.A)**
**Translated in Nepali by Mahendra Ratna Shakya**

**कम्प्यूटर टाइप** : भिक्षु शोभन
**कभर डिजाइन**
**र चित्र** : भिक्षु शोभन
श्री सुमंगल विहार
५५३१७१५

**मुद्रक** : **सिद्धार्थ प्रिन्टिङ्ग प्रेस**
कनिवहाल–६, ललितपुर
५ ५४०५४९

**मूल्य** : **धर्म दान**

Downloaded from http://dhamma.digital

# सादर समर्पण



दिवंगत हुनु भएका
अनन्त गुणी बुबा मुमालाई

श्रीमान् रवि मानन्धरका पुजनिय पिता देवरत्न मानन्धर
तथा ममतामयी माता चिनीमाया मानन्धर।

श्रीमति लक्ष्मी मानन्धरका पुजनिय पिता कुल नारायण मानन्धर
तथा ममतामयी माता सुर्यमाया मानन्धर।

Downloaded from http://dhamma.digital

# प्रस्तावना

भगवान् बुद्धको शूक्ष्मातिशूक्ष्म गम्भीर उपदेशलाई सरल तरीकाले बुझाउने उद्देश्यले १९ औं शदीको अन्त्य एवं बीसौ शदीको शुरूका विशिष्ट बौद्ध विद्वान "अग्गमहापण्डित भद्दन्त लेदी सयादो" बाट लिखित विभिन्न दीपनी ग्रन्थहरू र अन्य महत्त्वपूर्ण ग्रन्थहरू बर्मी भाषामा प्रकाशित भइसकेका छन् । ती अनेक दीपनीहरूमध्ये **"कम्मट्ठान दीपनी"** पनि एक अमूल्य दीपनी हुन् । प्रस्तुत दीपनीमा मनुष्य जन्म दुर्लभ, लोकमा बुद्धको जन्म हुनु जस्ता कुराहरूलगायत चार महाभूत, पञ्चस्कन्ध, बाह्र आयतन र अट्ठार धातुको विषयलाई ग्रन्थकारले बत्ति बालेर देखाउनेझैं स्पष्टरूपले प्रकाश पार्नु भएको छ ।

यस पुस्तकका मूल लेखकको नाम भद्दन्त ञाण महास्थविर हुन् । तर उहाँ बौद्ध जगतमा भद्दन्त ञाण महास्थविर को नामले सुविख्यात हुनुहुन्छ । तर उहाँ बौद्ध जगतमा लेदी सयादोको नामले परिचित हुनु हुन्छ । उहाँ आधुनिक युगका एक महान पण्डित हुनुहुन्छ । बर्मा देशमा ब्रिटिस राज्य कालमा सन् १९१५ मा उहाँलाई सर्वप्रथम अग्गमहापण्डित उपाधि प्रदान गरिएको थियो । उहाँले बुद्धधर्मका विविध विषयमा साना ठूला करिब ५०० जति ग्रन्थहरू लेख्नु भएको थियो । तीमध्ये सय वटा जति दीपनी पुस्तकहरू छन् । उहाँको दीपनी ग्रन्थहरू सबैले रूचाउनुका साथै भावना गर्नेहरूलाई त ठूलो मद्दत पुऱ्याएका छन् । उहाँले लेख्नुभएका धेरै ग्रन्थहरू अग्रेजी भाषामा पनि अनूदित भई प्रकाशनमा आएका छन् । उहाँले लेख्नुभएका सवै ग्रन्थहरू बर्मामा उहाँ बस्नु हुने विहार शिलामा लेखबद्ध गरी सुरक्षित गरिएका छन् ।

अग्गमहापण्डित लेदी सयादो केवल विद्वताले मात्र बर्मा देशमा प्रसिद्ध हुनुभएको होइन, बरु उहाँ एक सुप्रसिद्ध योगी महापुरुष पनि हुनुहुन्थ्यो । उहाँले आफ्नो ध्यान अभ्यासको आधार

Downloaded from http://dhamma.digital

लिइ पुस्तक रचना गर्नुहुन्थ्यो । एक ठाउँमा उहाँले यसरी भन्नुभएको छ – *"मैले लेखेको पुस्तकमा जङ्गल पर्वतको ध्वनि गुन्जीरहेको छ ।"*

अग्गमहापण्डित लेदी सयादोको विद्वत्तामा प्रभावित भई बर्मामा भएको छट्ठ संगायनका द्वितीय नायक हुनुभएका अग्गमहापण्डित "अभिधज महारट्ठ गुरु मासोयें सयादो"ले आफू कहाँ आएका एक उपासकलाई यसरी भन्नुभयो –*"बुद्ध धर्म प्रचार गर्ने हो भने लेदी सयादोद्वारा लिखित सबै दीपनीहरू प्रकाशन गर्नू भनी बुद्धशासन काउन्सिललाई सुनाइ देउ ।"* नभन्दै काउन्सिलले उहाँका धेरै दीपनीहरू प्रकाशित गरे । यस अघि उहाँका सबै दीपनीहरू पब्लिक तर्फबाट पनि प्रकाशित भइसकेका थिए ।

उहाँले लेख्नुभएका दीपनीहरूमध्ये यस अघि हाम्रो देशमा पनि सात वटा दीपनी प्रकाशित भइसकेका छन् । जुन यस प्रकार छन्–सुश्री नानीमैंया मानन्धरद्वारा अनूदित "मग्गङ्ग-दीपनी" २०३३ सालमा सिद्धि थ्रेड इण्डस्ट्रीज प्रा.लि. मखनद्वारा प्रकाशित भयो । फेरी २०३५ सालमा बोधिपक्खिय दीपनी पनि उनै अनुवादिकाबाटै अनूदित भइ उपासकोपासिकाहरूद्वारा प्रकाशित भयो । वि. सं. २०३७ सालमा पूज्य भिक्षु अनिरुद्ध महास्थविरद्वारा अनूदित विपस्सना दीपनी स्व. अनागारिका विरतिले आफ्नो मुमा अनागारिका विमोक्खाको पुण्य स्मृतिमा प्रथम पटक प्रकाशित भई सोही पुस्तकको द्वितीय संस्करण दिवंगत पुत्र गौतम दर्शन बज्राचार्यको पुण्य स्मृतिमा प्रकाशित भएको थियो । वि.सं. २०४० मा नानीमैंया मानन्धरद्वारा अनुदित नियाम दीपनी पनि पूज्य भिक्षु अनिरुद्ध महास्थविरसहित उपासकोपासिकाहरूको समूहबाट प्रकाशित भएको थियो । २०४२ सालमा आर. बी. बन्द्यद्वारा अनूदित पञ्चआलोक श्री नन्दसिद्धि गुभाजुबाट प्रकाशित गरियो । २०४२ सालमै नानीमैंया मानन्धरद्वारा अनूदित बर्मी भाषाको नियाम दीपनी उपासकउपासिकाहरूबाट प्रकाशित गरियो । यसरी नै २०४५ सालमा नानीमैंयाबाट अनूदित चतुसच्च दीपनी पनि उपासकउपासिका समूहबाटै प्रकाशित भयो ।

Downloaded from http://dhamma.digital

नेपाल भाषाको "कम्मट्ठान दीपनी" मैले सम्पादन गरी पवित्रबहादुर वज्राचार्य, दुण्डबहादुर वज्राचार्य सपरिवारबाट स्व.पिता पूर्णबहादुर वज्राचार्यको स्मृतिमा प्रथम पटक एक हाजार प्रति प्रकाशित भई सोही पुस्तक दोस्रो पटक ५०० प्रति दिवंगत आमा भीममाया र बुबा मानबहादुर शाक्यको पुण्यस्मृतिमा ज्ञानरत्न शाक्य नकवहीबाट प्रकाशित गरिएको हो ।

१५/१६ वर्षदेखि नेपालमा विपस्सना भावना गर्ने जनइच्छा र अभिरुचि वृद्धि हुँदै आएको छ । यस्तो अवस्थामा "कम्मट्ठान दीपनी" जस्तो गम्भीर विषयक पुस्तक प्रकाशन हुनु निश्चय नै समय सापेक्ष्य ठानेको छु । प्रस्तुत दीपनीले पाठकवर्ग निकै लाभान्वित हुने मैले आशा एवं विश्वास लिएको छु । साथै भगवान् बुद्धको शूक्ष्म धर्मलाई अझ गम्भीर अध्ययन र अभ्यास गरी प्रज्ञा ज्ञानको स्वयं अधिकारी भई बुद्धधर्मको गहनता र उपयोगिता बुझ्न सफल हुनेछ भन्ने विश्वास लिएको छु ।

यस्तो अमूल्य ग्रन्थ प्रकाशित गरेकोमा श्रीमती लक्ष्मी मानन्धरलाई हार्दिक शुभमङ्गल कामना व्यक्त गर्दछु । साथै अनुवादक महेन्द्र रत्न शाक्य र सम्पादन तथा प्रेसको जिम्मा लिने आयुष्मान् शोभनलाई मेरो शुभ-आशिष ।

Dhamma.Digital

"अग्गमहासद्धम्मजोतिकधज"
भिक्षु बुद्धघोष महास्थविर
श्री सुमङ्गल विहार
ललितपुर
५/६/२०६०

Downloaded from http://dhamma.digital

# सम्पादकीय

वर्तमान् नेपालको परिपेक्ष्यमा हत्या र हिंसा बढ्दै गएको अवस्थामा बुद्ध उत्पन्न दुर्लभ, मनुष्यभाव दुर्लभ भन्ने उक्तिलाई अविद्या र अज्ञानताले ढाकेको हुनाले बभ्रुन नसकेको हो। जबसम्म हामी भगवान् बुद्धको उपदेशलाई पढ्दैनौं र भावनद्वारा अभ्यास गर्दैनौं भने यस देशमा बुद्ध जन्मे पनि मनुष्य भएर जन्मे पनि पशुसरहनै जीवन बिताएको भनेर यस पुस्तकबाट पढेर बुभ्रुन सकिन्छ।

कुनै पनि पुस्तकलाई पूर्णता दिन तथा भाषा शुद्धिकरणको निम्ति सम्पादकको अहम भूमिका रहन्छ। पुस्तक अशुद्ध हुँदा पढ्न गाह्रो हुने तथा अस्पष्ट हुँदा नबुभ्रने तथा अर्थको अनर्थ पनि लाग्न सक्छ। तसर्थ यस्तो गम्भीर पुस्तक सम्पादन गर्न पाउँदा आफूलाई हर्ष लागेको छ। तसर्थ यसलाई सम्पादान गर्न पाउनु आफूले सौभाग्य ठानेको छु। मानव भएको नाताले पुस्तकमा कतै त्रुटि हुन्न र सम्पूर्ण रुपमा शुद्ध हुन्छ भन्ने कुरा भन्न सकिन्न। पाठकको प्रतिक्रिया सुभ्राउ र सल्लाह यस सम्पादकलाई सधै स्वागत् तथा सराहनीय हुनेछ।

पूज्य गुरुवर भन्तेसंग प्राय: विहान यस पुस्तकको वारे छलफल हुँदा उहाँले बुभ्राउने गर्नुहुन्थ्यो, त्यति बेला यस्तो मनमा लाग्दथियो कि 'यस पुस्तकलाई नेपालीमा अनुवाद गरेर छाप्नु पाए कति बेश हुन्थ्यो होला' भन्ने लागेको थियो र पुस्तकको अगाडिको केही भाग अनुवाद गरेर भाषाको अल्प ज्ञान र समयको अभावले त्यसै थनक्याई रांखेको र पछि अनुवाद हुँदै गरेको सुन्नु पाउँदा हर्ष नै लागेको थियो।

उपासक उपासिकाको हतारोले गर्दा "पुस्तक सकिएन भन्ते !" भन्ने वचनले गर्दा 'कुशल कायमा किन अवेर' भन्ने विचारले गर्दा पुस्तकको जिम्मा लिनु पर्ने भएको थियो। यस कितावलाई जति चाँडै सक्नु पर्ने हो त्यति चाँडै सक्नु पाइन किन कि आचार्य डा.अमृतानन्द भन्तेको बुद्धकालीन पुस्तक दातामाँ नानीमैंयाको अनुरोधमा पनि साथ साथै सम्पादन गर्नु पर्ने भएकोले हो।

विपश्यना गर्ने साधक साधिकाहरूलाई अवश्य पनि यस पुस्तकले भावनागर्नमा मद्दत पुऱ्याउने आशा लिएको छु। सरसरति कथा

Downloaded from http://dhamma.digital

उपन्यास पढेको जस्तो गरेर यस पुस्तकलाई बुझ्न सकिन्न छलफल गरेर ध्यान अभ्यास गरेर मात्र यस पुस्तकको महत्त्व बुझ्न सकिन्छ।

अन्तमा आमा बुबाको गुण अनन्त छ भनी स्मरण गरी विपस्सी साधक साधिका रवि मानन्धर र लक्ष्मी मानन्धरलाई धेरै धेरै साधुवाद छ। उहाँहरूले आफ्नो आमा बुबाको निर्वाण कामना गर्दै यो पुस्तक छाप्नु भएको छ। आफूले दुःख गरेर कमाएको धन आमा बुबाको नाममा कहाँ खर्च गर्नुपर्छ भन्ने कुरा कमै व्यक्तिलाई मात्र थाहा होला। तसर्थ **सब्ब दानं धम्म दानं जिनाति सबै** दानलाई धर्म दानले जित्छ भन्ने भगवान् बुद्धको उपदेशलाई मनन् गरी दिवंगत हुनुभएकाको नाममा पुस्तक छाप्नु सराहनीय कार्य हो। प्रकाशन कार्यमा आर्थिक सहयोग गर्नु हुने धर्मराज लामा, दुवलक्ष्मी राना र पवित्रा मोक्तानलाई पनि सधुवाद। धेरै दुःख र मेहनत गरी अनुवाद गर्नुहुने श्री महेन्द्र रत्न शाक्यलाई धेरै धेरै साधुवाद तथा धन्यवाद छ। त्यस्तै परम पूज्य गुरुवर बुद्धघोष भन्तेप्रति आभार कृतज्ञता व्यक्त गर्न चाहन्छु किन कि यी सबै श्रेय पूज्य भन्तेलाई नै जान्छ जसले अथक मेहनत गरेर नेपाल भाषामा अनुवाद र सम्पादन गरेर परम पूज्य लेदी सयादो भन्तेको रचना "कम्मट्ठान दीपनी" सहज रुपमा पढ्न पायौं। बुद्धघोष भन्तेबाट प्रयास नभएको भए नेपालीमा "कम्मट्ठान दीपनी" किताव प्रकाशन गर्न सायद दुश्कर नै हुन्थ्यो होला। पूज्य भन्तेबाट सम्पादन कार्य गर्दा र नबुझेको ठाउँमा हरतरहले सघाउँनु भएको छ। हरतरले मलाई सुझाव सल्लाह सहयोग गर्नु हुने दाइ दुण्डबहादुर वज्राचार्यलाई अल्याख धन्यवाद, साधुवाद। शिद्धार्थ प्रेसका मेनेजर नन्द महर्जनलगायत प्रेसका सम्पूर्ण परिवारलाई धेरै धेरै साधुवाद र धन्यवाद। यस पुस्तकको फाइदा अधिकभन्दा अधिक व्यक्तिहरूले उठाउँन सकून् यही कामना छ।

भिक्षु शोभन<br>
श्री सुमंगल विहार<br>
५/६/२०६०

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

अग्गमहापण्डित भद्दन्त लेदी सयादो महास्थविरद्वारा बर्मी भाषामा लिखित तथा पूज्य भन्ते बुद्धघोष महास्थविरद्वारा नेपाल भाषामा अनूदित अति घतलाग्दो र गहन विषयको पुस्तक "कम्मट्ठान-दीपनी" पढने मौका पाएकी थिएँ । यो पुस्तक नेपाली भाषमा अनुवाद भएमा नेपाल भाषा नबुझ्ने तर भगवान् बुद्धद्वारा उपदेशित यस गम्भीर विषयमा श्रद्धा हुने तथा विपस्सना भावना गरिरहनु हुने महानुभावहरूलाई सजिलै बुझ्न मद्दत पुग्ने छ भन्ने मनमा लागेर प्रकाशन गर्न पाए हुन्थ्यो भनी सो कुरा श्रदेय बुद्धघोष भन्तेलाई ब्यक्त गरेकी थिए । भन्तेले पनि यस कुरालाई सहर्ष स्वीकार गर्नुभयो र अनुवाद गर्ने व्यक्तिसमेत जुटाई दिनुभयो । उहाँ भन्तेप्रति आभार ब्यक्त गर्दछु । यस गम्भीर विषयको पुस्तकलाई अनुवाद गरी मद्दत गर्नु हुने परियत्ति सद्धम्मपालक श्री महेन्द्र रत्न शाक्यज्यूमा आभार व्यक्त गर्दछु । यस पुस्तक प्रकाशनको लागि अति मेहनत तथा परिश्रम गरी सपादन, कम्पूटर टाइप तथा कभर डिजाइन गर्नु हुने तथा प्रेसको सम्पूर्ण जिम्मा लिनु हुने श्रद्धेय शोभन भन्तेप्रति आदर तथा आभार ब्यक्त नगरी रहन सक्दिन ।

अन्तमा यो पुस्तक प्रकाशन गर्न सफल तुल्याउनु हुने शिद्धार्थ प्रेस परिवार पनि धन्यवादका पात्र हुनुहुन्छ ।

लक्ष्मी मानन्धर
काठमाण्डौ

Downloaded from http://dhamma.digital

# अनुवादकको दुई शब्द

अनुवाद गर्नु भन्ने कुरा निश्चय नै गाह्रो कुरो हो भन्ने कुरा यस पुस्तकको अनुवाद कार्यले मलाई अनुभव गराइदियो । पूज्य गुरुवर भिक्षु बुद्धघोष महास्थविरज्यूले मलाई एक वर्ष अगाडि नै यो "कम्मट्ठान-दीपनी" नेपाली भाषामा अनुवाद गर्नको निम्ति दिनु भएको थियो । मैले दिनहुँ फुसर्दको समयमा अलि अलि गरी तीन महिनामा अनुवाद गर्न सकिएला भन्ने सोचेको थिएँ । तर हुँदा हुँदा एक वर्ष बित्न गयो । मेरो मातृभाषा नेपाल भाषा भएकोले पनि नेपालीमा अनुवाद गर्न गाह्रो भएको हुन सक्छ । यस भाषागत त्रुटि मिलाइ दिनु हुने तथा सम्पादन गर्नु हुने साथै कभर डिजाइन तथा प्रेससम्बन्धी जम्मै कार्यमा सहयोग गरी दिनु हुने श्रद्धेय शोभन भन्तेप्रति आभार प्रकट गर्दछु ।

यो पुस्तक पढिसकेपछि पाठक आफैले यसको महत्त्व कति छ भन्ने कुरा महशूस गर्नु हुनेछ । नपढ्नेहरूका निम्ति जति सुकै मूल्यवान भएपनि काम आउँदैन । मनुष्यभाव दुर्लभदेखि लिएर बुद्धको प्रादुर्भाव दुर्लभ भन्ने विषय र पञ्चस्कन्धको विशिष्ट व्याख्या यसमा छ । समथ विपस्सना ध्यान अभ्यास गर्ने व्यक्तिले नपढी नहुने यो पुस्तक हो भनी म ठान्दछु । यस्तो महत्त्वपूर्ण ग्रन्थरत्न रच्नु हुने भद्दन्त लेदी सयादो र नेपालभाषामा अनुवाद सम्पादन गर्नु हुने भिक्षु बुद्धघोष महास्थविरप्रति सदा नतमस्तक छु ।

यो पुस्तक नेपालीमा अनुवाद गर्ने अवसर दिनु भएकोमा पूज्य गुरुवर भिक्षु बुद्धघोष भन्तेप्रति कृतज्ञता प्रकट गर्दै यसका प्रकाशक श्रीमती लक्ष्मी मानन्धरलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै शिद्धार्थ प्रिटिङ्ग प्रेसलाई पनि धन्यवाद छ ।

महेन्द्र रत्न शाक्य
सिन्चाहिटी, ललितपुर
२०६०/५/१२
(स्नातक डिप्लोमा बौद्ध अध्ययन)

Downloaded from http://dhamma.digital

# विषय-सूचि


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | प्रस्तावना | |
| २ | सम्पादकीय | |
| ३ | प्रकाशकीय | |
| ४ | अनुवादकको दुई शब्द | |
| ५ | पाँच प्रकारका दुर्लभ धर्महरू | १ |
| ६ | १.कसरी मनुष्यभाव दुर्लभ छ ? | २ |
| ७ | सुगतिभन्दा दुर्गतिमा जाने सत्त्वहरू बढी | ४ |
| ८ | अन्धो कछुवाको उपमा | ७ |
| ९ | अभिधम्म विभङ्ग अट्ठकथाअनुसार मनुष्यभाव दुर्लभ | ११ |
| १० | सक्कायदिट्ठिलाई हटाउनु पर्ने आवश्यकता | १२ |
| ११ | ज्ञानको दियो खोज्नको निम्ति | १३ |
| १२ | पानीमा खसेको ढुङ्गाको उपमा | १५ |
| १३ | मनुष्य जन्म भनेको कल्पवृक्ष समान | १६ |
| १४ | बुद्धोत्पाद दुर्लभभाव प्रकाशन | २० |
| १५ | बुद्ध उपन्न हुनु दुर्लभ | २० |
| १६ | बुद्ध र बुद्धशासनको संयोग प्राप्त गर्न गाह्रो भएको कुरा | २२ |
| १७ | बुद्धशासन र मनुष्यभाव | २६ |
| १८ | पञ्चस्कन्ध | ३१ |
| १९ | रूपस्कन्ध | ३१ |
| २० | व्यवहार पृथ्वी | ३२ |
| २१ | परमार्थको विशेषता | ३४ |
| २२ | कडा स्वभावको परमार्थ कलल रूपमा | ३६ |
| २३ | अत्यन्त नरम मृदु परमार्थ | ३८ |
| २४ | विकार रुप्पन (विनाश) | ३८ |
| २५ | धातुको आँखा नहुनेको दोष (दुष्परिणाम) | ४० |


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| २६ | वायु धातुले छकाउने | ४३ |
| २७ | वायु धातुले छल्ने कुरालाई हटाउने विधि | ४४ |
| २८ | पीजा समान रूपस्कन्धको दोष | ४५ |
| २९ | चार महाभूत सर्प समान | ५० |
| ३० | चार सर्प नागराजहरूको विशेषता | ५० |
| ३१ | चार महाभूत वधक(हत्यारा) समान | ५२ |
| ३२ | चार धातु भावनाको पूर्ण अवस्था | ५६ |
| ३३ | वेदनाखण्ड आदिको प्रकाशन | ६० |
| ३४ | तीन प्रकारका वेदनामा अनित्य भावना गर्ने विधि | ६१ |
| ३५ | विशेष रूपले थाहापाउनु पर्ने कुराहरू | ६५ |
| ३६ | चैतसिक वेदनामा उदयव्यय ज्ञान देखाइएको विधि | ६९ |
| ३७ | तीन वेदना पानीको फोका समान | ७२ |
| ३८ | पृथक्जनहरू पागल समान | ७४ |
| ३९ | वेदना तीन वटा चक्कुको धार झै भनी ज्ञानले विचार गर्ने | ७७ |
| ४० | संज्ञास्कन्धको प्रकाशन | ७९ |
| ४१ | संज्ञाको स्वभाव लक्षण | ७९ |
| ४२ | प्रज्ञप्ति स्वभाव सण्ठान सन्तति | ८० |
| ४३ | मृगतृष्णा र मृगको उपमा | ८१ |
| ४४ | ब्रह्मा, देव र मनुष्य तीनवटा भुवनलाई दह सरोवरसंग तुलना गरिएको कुरा | ८२ |
| ४५ | नाम रूप जति भुवनअनुसार दिकदार हुनलाई मात्र | ८३ |
| ४६ | सङ्खारस्कन्धको प्रकाशन | ८५ |
| ४७ | भिन्न भिन्न संस्कारको स्वभाव | ८५ |
| ४८ | गाहसंग सम्बन्ध राखी अभिमान चढेको कुरा | ८६ |
| ४९ | केराको बोट भएको जङ्गलको उपमा | ८७ |
| ५० | पृथक्जन सत्त्वसंग सम्बन्ध भएको उपमेय्य | ८८ |
| ५१ | अविद्यासंग नडराएकोले भय उत्पन्न | ९० |

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| ५२ | सत्कायदृष्टिलाई मनपराएकोले भय उत्पन्न | ९१ |
| ५३ | परियत्ति ज्ञानले भय नतार्ने | ९३ |
| ५४ | संखार धातु सजिलै नाश हुनुको बारे प्रकाशन | ९५ |
| ५५ | विञ्ञाणखन्धको प्रकाशन | ९७ |
| ५६ | छवटा विज्ञानको भ्रम | ९७ |
| ५७ | छवटा विञ्ञाण र चटक गर्ने जादूगरको उपमा | ९८ |
| ५८ | पृथक्जनहरूलाई जादूगरको चमत्कार | १०१ |
| ५९ | धातुको चश्माले नाम रूपलाई हेर्ने | १०२ |
| ६० | छवटा अज्झतिक आयतन | १०४ |
| ६१ | आध्यात्मिक आयतनको स्वभाव | १०४ |
| ६२ | यक्षवास बसिरहेको ध्वस्त गाउँको उपमा | १०७ |
| ६३ | इन्द्रिय असंयमी भएको कारणले हानि भएको बारे प्रकाशन | ११० |
| ६४ | छ वटा बाहिर आयतनको प्रकाशन | ११४ |
| ६५ | बाहिर आयतनको स्वभाव | ११४ |
| ६६ | ग्राम ध्वस्त गर्ने डाँकूहरूको उपमा | ११४ |
| ६७ | बोधिपक्खियलाई डाँकूहरूले बिगारेको उपमा | ११५ |
| ६८ | अट्ठार धातुको प्रकाशन | ११८ |
| ६९ | तण्हासंखय–सुत्त | १२१ |
| ७० | अट्ठार धातु विभाजन गर्ने विधि | १२२ |
| ७१ | धातुको घर धातुको भाँडो | १२५ |
| ७२ | चक्खुविञ्ञाण धातुलाई जान्ने विधि | १२८ |
| ७३ | चक्खुधातु र हृदयधातु | १२९ |
| ७४ | धातुको विचित्रता | १३४ |
| ७५ | पाँच प्रसाद रूप र विञ्ञाण धातु | १३७ |
| ७६ | हृदय वत्थुमा स्पर्श भएको र थाहा भएको अनेक प्रकार | १४० |
| ७७ | रूप धातु र नाम धातु दुई थरी | १४३ |
| ७८ | धातु कर्मस्थान भावना गर्ने विधि | १४५ |
| ७९ | चक्खुविञ्ञाण धातुको स्वभाव | १४९ |

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| ८१ | श्रद्धा आदि धातु | १५२ |
| ८२ | विपश्यना भावना गर्नुको फल | १५७ |
| ८३ | लोभको उपमा | १५८ |
| ८४ | सलाई बट्टा र काँटीको उपमा | १५९ |
| ८५ | बल्ने पदार्थ र सलाईको काँटीको उपमा | १५९ |
| ८६ | तीन कर्मको अभिप्राय | १६० |
| ८७ | स्त्रीको वर्ण (रूप) धातुरूपी शस्त्रले लागेको | १६० |
| ८८ | तीनवटा कर्मको बीज मूललाई काट्ने विधि | १६२ |
| ८९ | तीनवटा त्रिलक्षण विमोक्खमुख ज्ञान तीनवटासंग लक्षण विमोक्ख मिसिएको विधि | १६७ |
| ९० | तीनवटा विमोक्ख र त्रिलक्षण | १६७ |
| ९१ | तीनवटा विपस्सना ठीक ठाउँमा छ छैन थाहा पाउने | १६९ |
| ९२ | क्लेश नगर तीन वटा | १७१ |
| ९३ | राज्य चलाई राखेको धर्म | १७२ |
| ९४ | निमित्त नगरमा राज्य गर्ने मानलाई हटाउने विधि | १७२ |
| ९५ | पणिहित नगरमा तृष्णा | १७४ |
| ९६ | अत्तजीवन दिट्ठिलाई हटाउने विधि | १७६ |
| ९७ | तीनवटा नगरलाई नष्ट गर्ने विधि | १७७ |
| ९८ | निगमन | १७८ |

Dhamma.Digital

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# कम्मट्ठान-दीपनी

## पाँच प्रकारका दुर्लभ धर्महरू

पाँच दुर्लभ धर्म* उपलब्ध भएको अवस्थामा सत्त्वहरूले अत्यन्त उत्तम, महान, आनिशंस फल अनन्तरूपले प्राप्त गर्न सक्छन् । लोकमा बुद्ध आदि विज्ञजनहरूले देव मनुष्यहरूलाई पाँच दुर्लभ धर्मको महत्त्व बोध गराउनको निम्ति यो धर्मदेशना गर्नुभएको हो ।

अनन्त आनिशंस भएका यी पाँच दुर्लभ धर्म बुझ्न सक्नेहरूलाई मात्र दुर्लभ भावको अवसर प्राप्त भएकाहरू भन्न सुहाउछ । परन्तु जसले पाँच दुर्लभ धर्मलाई बुझ्न सक्दैन, तिनीहरूका निम्ति दुलभ भाव अवसर प्राप्त भएता पनि प्राप्त भएकाहरू भन्न सुहाउँदैन ।

अब यहाँ पाँच दुलर्भ धर्ममध्ये मनुष्यभाव दुर्लभ भन्ने बारे प्रस्तुत गर्न चाहन्छु । १) कसरी मनुष्यभाव दुर्लभ छ ? २) दुर्लभ मनुष्य जन्म प्राप्त भएपछि कस्तो महान् आनिशंस प्राप्त हुन्छ ?

---

* पाँच दुर्लभ धर्म भन्नाले – १. बुद्ध उत्पन्न हुनु, २. मनुष्यभाव प्राप्त हुनु ३. प्रव्रजितभाव प्राप्त हुनु, ४. श्रद्धा सम्पत्ति हुनु र ५. सद्धर्म श्रवण गर्नु ।



Downloaded from http://dhamma.digital

# १. कसरी मनुष्यभाव दुर्लभ छ ?

एक समय भगवान् बुद्ध श्रावस्तीस्थित अनाथपिण्डकको आराम जेतवनमा विहार गर्नुभएको थियो । त्यस बेला भगवान् बुद्धले आफ्नो (हातको औंलाको) नङमा अलिकति धूलो राख्नु भई भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहरू ! तिमीहरू के विचार गर्छौ – जुन यो मेरो नङमा धूलो छ त्यो धेरै छ कि यो महापृथ्वीमा भएको धूलो धेरै छ ?"

भिक्षुहरूले भन्नुभयो–"भन्ते ! महापृथ्वीमा भएको धूलो अत्यन्तै बढी छ, भगवान्‌ले नङमा राख्नु भएको धूलो अत्यन्तै अल्प छ, जुन यो तुलना गर्न योग्य छैन ।"

भगवान्‌ले भन्नुभयो – "भिक्षुहरू ! ठीक यसरी नै यो सुगति भूमिमै उत्पन्न हुन सक्ने सत्त्वहरू यो नङको धूलोझैं थोरै मात्र छन् । परन्तु अपाय दुर्गतिमा उत्पन्न हुने सत्त्वहरू महापृथ्वीको धूलो समान धेरै छन् ।

यो भयो नखसिख-सुत्त देशनामा भगवान् बुद्धले आज्ञा गर्नु भएको कुरा ।

यो कुरा मृत्यु पछि दुर्गतिमा पतन हुनेहरू धेरै भएको तथा सुगति भूमिमा उत्पत्ति हुनेहरू अल्प मात्र भएको कारणले नङमा भएको धूलोको उपमा देखाउन भएको हो भनी जान्नुपर्छ ।

यो सूत्रअनुसार आदि नभएको अनन्त (अनमतग्ग) संसारमा प्रत्येक सत्त्व प्राणी जन्म मृत्यु हुँदै घुम्दै गरेको अवस्थामा सुगति र दुर्गति भूमिमा जन्मेको विषयलाई लिएर पनि अनुमान



Downloaded from http://dhamma.digital

गर्न सकिन्छ। जस्तै सुगति भूमिमा मैले जन्म लिएर आएको संख्या नङमा भएको धूलो प्रमाणले अल्प मात्र छ। दुर्गति भूमिमा मैले जन्म लिएर आएको संख्या महापृथ्वीमा भएको धूलो समान धेरै धेरै नै छ भन्ने कुरा यसरी थाहा पाउन सकिन्छ। यसमा कुनै सन्देह छैन। अनमतग्ग संसारमा घुमीरहेका प्रत्येक प्राणीको सुगति भव ज्यादै अल्प भएको कारण सुगति भूमिमा भएका प्राणीहरू सवैलाई एक समूह गरी यो नङमा भएको धूलो समान अल्प मात्र छ भनी देखाउनु भई संक्षिप्त देशना गर्नु भएको हो। यसरी नै अनागत संसारमा घुमीरहनेहरूका बारे पनि यही रूपले हुन्छ भनी जान्नुपर्छ।

यो नखसिख-सुत्त देशनाअनुसार उल्लेख भएको कुरा भयो।

यो सूत्र देशनाअनुसार यहाँ केही कुरा स्पष्ट गर्न अभिधर्मअनुसार उल्लेख गर्छु। चित्त क्षण भनेको आँखा झिम्क्याउने क्षण भित्रै अथवा विजुली चम्कने क्षण भित्रै एक लाख कोटीभन्दा अधिक उत्पत्ति भइसकेको हुन्छ।

Dhamma.Digital

**सब्बं अकुसलं अधो गमनियं**

**सब्बं कुसलं उद्धं गमनियं**

– *सल्लेख सुत्त*

सवै अकुशलले तलतिर लान्छ। सवै कुशलले माथितिर लान्छ।



Downloaded from http://dhamma.digital

जनकशक्ति र उपनिस्सयशक्तिअनुसार अकुशल भएमा एक एक चित्त क्षणले एउटा एउटा दुर्गतिमा जन्म लिन सक्छ। कुशल भएमा पनि एक एक चित्त क्षणले एउटा एउटा सुगतिमा जन्म लिन सक्छ । सुगति भूमिमा भएका देव मनुष्यहरूको चित्तलाई अनुमान गरी समूह गरी विचार गर्दा कुशल चित्त क्षण भनेको नङ माथि भएको धूलोसमान अल्प मात्र छ, अकुशल चित्त क्षण महापथ्वीमा भएको धूलो समान अत्यन्त अधिक छ । अनमतग्ग सिंगो संसारलाई नै यही रूपले जान्नुपर्छ।

आआफ्नो शरीरमा एक एक दिनमै छवटै द्वारमा व्यर्थको देख्ने, सुन्ने आदि र फाइदा जनक देख्ने सुन्ने आदिमध्ये कुनचाहिँ बढी छ भनी राम्ररी नियालेर हेरेमा स्पष्ट हुनेछ। आफूमा एक दिनमै कुशल वा अकुशल कुनचाहिँ बढी उत्पन्न हुन्छ भन्ने कुरा स्वयं आफैले अनुमान गरी थाहा पाउन सकिन्छ।

## सुगति भन्दा दुर्गतिमा जाने सत्त्वहरू बढी

सुगति र दुर्गति भूमिमा रहेका सत्त्वहरूका बीचमा तुलना गरेमा सजिलैसित थाहा पाउन सकिन्छ। सुगति-भूमिमा बसेका देव ब्रह्माहरूको शरीरको उचाई तीन गाउत◆ प्रमाण

---

◆ एक गाउत बराबर एक चौथाई योजन।



Downloaded from http://dhamma.digital

हुन्छ। उनीहरू बस्ने विमान १२ योजन, १५, २०, ३०, ६० योजन ठूलो हुन्छ। यदि यस्ता विमानसँग तुलना गरेमा यस्तो विमानले बर्माको तीन खण्डको एक भूभाग ढाक्न सक्छ। अझ सूर्य विमान भन्ने एक मात्र विमान पनि झण्डै बर्मा देशभन्दा ठूलो हुन सक्छ। परन्तु भूमिको हिसाबले विशाल भएता पनि जनघनत्वको हिसावले ज्यादै थोरै मात्र संख्या छ। यो अनुपातमा दुर्गति भूमि पनि विशाल भएता पनि त्यसमा बस्ने जनघनत्व पनि धेरै बढि छ। यो चक्रवालमा एक मनुष्य-भूमि, ६ वटा देव-भूमि, १६ वटा रूप ब्रह्मा-भूमि र ४ वटा अरूप ब्रह्मा-भूमि गरी जम्मा २७ वटा भूमिहरू छन्। यहाँ बस्ने मनुष्य, देव, ब्रह्माहरू एउटै नछुटाइ गिन्ति गरी हाम्रो देशमा भएका कमिला एक जातिको प्राणीसँग तुलना गरेमा ती देव मनुष्यहरूभन्दा कमिलाहरू नै बढी हुन्छ। २७ वटा भूमिमा रहेका मनुष्य, देव, ब्रह्माहरूको संख्या थोरै मात्र हुन्छन्। अब यसको अतिरिक्त माथि र तलको बर्मा देशमा जल र स्थलमा बस्ने सत्त्वहरूको जाति अनन्त छन्। संख्याको त कुरै छोडौं। बर्मा देश बाहेक यो चक्रवाल भित्र चार महाद्वीप र ससाना दुई हजार द्वीपहरू छन्। अत्यन्त ठूला, साना, पहाड, पर्वत, जङ्गल छन्। यी बाहेक भित्रको सीदा समुद्रसहित महाद्वीप र ससाना द्वीपहरू बाहिरको चार समुद्रहरू, साना ठूला नदीहरू, सरोवरहरू नहर आदि स्थानमा रहेका जलचर थलचर प्राणीहरूको त गिन्ति नै



Downloaded from http://dhamma.digital

छैन । यसरी तिर्यक सत्त्वहरूसँग तुलना गरी हेरेमा पनि २७ सुगति भूमिमा रहेका सत्त्वहरू नङ माथिको धूलोझैं अत्यन्त अल्प मात्र छन् । तिर्यक सत्त्वहरू महापृथ्वीको धूलो समान धेरै छन् ।

फेरि जम्बुद्वीप जस्तो अर्को दश दश हजार योजन विशाल भई तल माथि पन्ध्र पन्ध्र हजार योजनको दूरी भएको आठ वटा महानरकहरू छन् । तीमध्ये सबभन्दा तलको नरक महाअवीचि नरक छ । किन महाअवीचि भनेको ? बाँसको ढुङ्ग्रोमा टम्म भरिएको तोरीझैं कुनै ठाउँ खाली नहुने गरी नरकमा प्राणीहरू भरी भराउ हुने भएकोले अवीचि भनेको हो भनी अट्ठकथाका ग्रन्थहरूमा उल्लेख भएको छ । यो अवीचि नरक महाअकुशल कर्म गर्नेहरू मात्र पतन हुने ठाउँ हो । महाअकुशल कर्म गर्नेहरू मात्र पतन हुने महाअवीचि नरकमा नै नारकीय प्राणीहरू यति भरी भराऊ छन् भने त्योभन्दा सानो अकुशल कर्म गर्ने माथि माथिका नरकमा उत्पन्न भएका प्राणीहरूको संख्या कति होला भन्ने कुरा अनुमानले नै पनि थाहा पाउन सकिन्छ । त्यसपछि त्यस त्यस अनन्त जङ्गलमा अनन्त पर्वतमा अनन्त समुद्रका ससाना द्वीपहरूमा भएका नरकभूमि र तीन वटा चक्रवालको माझमा रहेको लोकान्तरिक नरकमा रहेका प्राणीहरूको कुरा त बाँकी नै छ । यसरी नै प्रेतलोकमा अनन्त, असुर-काय भूमिमा अनन्त प्राणीहरू भएको कुरा पनि बाँकी नै छ ।



Downloaded from http://dhamma.digital

यसरी दृष्टान्त रूपले देखेका सुनेका २७ सुगति भूमिमा रहेका सत्त्व प्राणीहरू नङ माथिको धूलो प्रमाणले अत्यन्त अल्प छ। अपाय दुर्गति चार वटामा भएका सत्त्व प्राणीहरू महापृथ्वीमा रहेको धूलो प्रमाणले अत्यन्त अधिक छन् भनी अनुमानले पनि थाहा पाउन सकिन्छ। आदि अन्त नभएको संसारमा कल्प कल्प पिच्छे यसरी नै जानी देखी अनुमान गर्न सकिन्छ। यसरी जानी देखी अनुमान गर्दै लगेमा अनमतग्ग संसार भित्र एक एक सत्त्वको सुगति भूमिमा उत्पन्न भई जन्मेको संख्या नङमाथिको धूलो प्रमाणले अत्यन्त अल्प हुन्छ। दुर्गति भूमिमा उत्पन्न भई जन्मेको संख्या महापृथ्वीको धूलोसमान धेरै धेरै नै छन् भनी थाहा पाउन सकिन्छ।

यसरी नखसिख-सुत्त देशनाअनुसार मनुष्यभाव दुर्लभ छ भन्ने कुरा बुझ्नुपर्छ।

## अन्धो कछुवाको उपमा

अब मज्झिमनिकाय ग्रन्थको 'बालपण्डित-सुत्त' देशनामा भगवान् बुद्धले जुवा (बैल गाडाको गोलो चक्का) को उपमाद्वारा आज्ञा गर्नु भएअनुसार मनुष्यभाव दुर्लभ भन्ने कुरा उल्लेख गर्दछु। त्यस सूत्रमा भगवान् बुद्धले आज्ञा गर्नुभयो – "भिक्षुहरू ! एउटा उपमा दिन्छु – भिक्षुहरू ! कुनै व्यक्तिले बीचमा एउटा प्वाल भएको जुवालाई जम्बुद्वीपको दक्षिणतिरको महासमुद्रमा फालि दिन्छ। त्यसलाई हवाले



Downloaded from http://dhamma.digital

अथवा छालले त्यसलाई कहिले पूर्वतिर, कहिले पश्चिमतिर, कहिले उत्तरतिर, कहिले दक्षिणतिर बहाएर लैजान्छ। उत्तरकुरु तर्फ उत्तर तिर महासमुद्रको बीचमा दुवै आँखा नदेख्ने (अन्धो) एउटा कछुवा छ। त्यो कछुवा समुद्र भित्र यता उता जहाँ मन लाग्यो त्यहीँ विचरण गरी बस्छ। त्यो कछुवाले एक सय वर्षमा वा एक हजार वर्षमा एक पटक समुद्रको पानीको सतह बाहिर आफ्नो टाउको फुत्त उठाउँछ। भिक्षुहरू ! तिमीहरू के विचार गर्छौं कि त्यो अन्धो कछुवाले त्यसरी फुत्त टाउको उठाउँदा त्यो जुवाको प्वालमा छिर्न सक्ला ?"

भिक्षुहरूले जवाफ दिए– "जुवाको प्वाल भित्र छिर्ने सम्भावना त छैन तै पनि संसार भनेको अत्यन्त लामो भएकोले यदि त्यो अन्धो कछुवा पनि नमरेमा, त्यो जुवा पनि पानीले मक्काएन भने र अनन्त काल बितिसके पछि कुनै किसिमले वा संयोगले सायद कछुवाको टाउको जुवाको प्वालमा छिर्ने सम्भावना हुन्छ।" अनि भगवान्‌ले भन्नुभयो – "भिक्षुहरू ! बरू त्यो अन्धो कछुवाको टाउको जुवाको प्वालमा चाडै छिर्न सक्ने सम्भावना छ, परन्तु मनुष्यलोकबाट च्युत भई अपाय दुर्गतिमा पतन भएका सत्त्व फेरि मनुष्यलोकमा आउने मौका पाउनु साह्रै नै कठिन तथा दुर्लभ छ। त्यो अन्धो कछुवाको टाउको जुवाको प्वालमा पर्नु भन्दा पनि सय गुना, हजार गुना अधिक कठिन छ। किनकि अपाय



Downloaded from http://dhamma.digital

भुवनमा कुशल-कर्म गर्ने मौका हुँदैन । फेरि कुशल अकुशल भनेर थाहा पनि हुँदैन । आआफूमै बलियाले दुर्बललाई मार्ने, दुःख कष्ट दिने, बलियोले निर्बललाई समातेर खाने गर्छन् ।"

यो देशनाअनुसार बुझ्नु पर्ने कुरा यस प्रकार छ – लोकमा जो सत्त्वहरू कुशल कर्म गरी मरण हुन्छन्, ती सत्त्वहरू सुगति-भुवनमा जन्म लिन्छन् । जो सत्त्वहरू अकुशल गरी मरण हुन्छन्, ती सत्त्वहरू दुर्गति-भुवनमा जन्म लिन्छन् । यसरी यो अभिधर्मको नियमानुसार भयो । मृत्युपूर्व वर्तमान जीवनमा कुशलको अभ्यास गरिरहेका सत्त्वहरूलाई समेत मृत्यु दुःख उपस्थित हुने बखतमा कुशल अगाडि आउन धेरै गाह्रो हुन्छ भने मृत्यु पूर्व वर्तमान जीवनमा कुशल भनेकै थाहा नपाई लोभ-चित्त, द्वेष-चित्त, मोह-चित्तले मात्रै दिन, महिना, वर्ष बिताइरहेका अपाय भुवनका सत्त्वहरूलाई, कुशल अगाडि आई मृत्यु हुनु भनेको सम्भव छैन । वर्मा एउटा देशमा पनि प्रत्येक दिनमा असंख्य तिर्यक सत्त्वहरू मर्छन् । त्यस्तै पानी भित्र पनि असंख्य सत्त्वहरू मर्छन् । ती सत्त्वहरूमध्ये कुशल अगाडि परी मृत्यु भएका सत्त्वहरू भेट्टाउनै मुस्किल हुन्छ । त्यसमा पनि अपायभूमिमा पतन भएका प्राणीहरूको निम्ति दान, शील, भावना भन्ने कुशल धर्मसँग यो जन्ममा भन्दा अर्को जन्ममा झन् झन् टाढिदै जान्छ । अकुशल धर्म भने यो जन्म वा अर्को जन्ममा झन् झन् गह्रौ हुँदै जान्छ तल तल दब्दै जान्छ, एउटा



Downloaded from http://dhamma.digital

जन्मबाट अर्को जन्ममा झन् झन् अज्ञानतामा डुब्दै जान्छ। जसरी महासमुद्रमा खसेका लाखौ करोडौं ढुङ्गाका टुक्राहरू झन् झन् तल दब्दै जाने हुन्छ अथवा एक टुक्रा पनि फेरि माथि उठ्ने सम्भावना नहुनेझैं हुन्।

पारमिसम्भार छिपेका बोधिसत्त्वहरू बाहेक अरू सत्त्वहरू अपाय दुर्गतिमा एकबार पतन भएपछि हजार जन्ममा पनि मनुष्य-भुवनमा आउने मौका प्राप्त हुँदैन, दश हजार जन्ममा पनि........, लाखौं लाख जन्ममा पनि .........., दश लाख जन्ममा पनि........, एक करोड जन्ममा पनि त्यो मौका प्राप्त नहुन सक्छ। तर असंख्य जन्म बितिसकेपछि सम्भवत कुनै समयमा मनुष्यभुवनमा जन्म लिने मौका प्राप्त हुन सक्छ।

यसरी आदि अन्त नभएको संसारमा घुमिरहेका एक एक सत्त्वको सुगति-भुवनमा जन्म लिएको संख्या नङ माथिको धूलो समान अत्यन्त अल्प मात्र हुन्छन्। दुर्गति भुवनमा जन्म दिएको संख्या महापृथ्वीमा भएको धूलोसमान अत्याधिक हुनेछ भनी दर्शाइएको आधारमा हामीले अनुमान गरी थाहा पाउन सक्छौं।

यो अन्धो कछुवाको उपमा (काणकच्छपोपम-सुत्त) देशनाद्वारा देखाउनु भएको मनुष्य भाव दुर्लभको कुरा हो।



Downloaded from http://dhamma.digital

## अभिधम्म विभङ्ग अट्ठकथाअनुसार मनुष्यभाव दुर्लभ

अभिधम्मञाण विभङ्ग अट्ठकथामा वर्णन गरिएअनुसार अनादि संसार घुमिरहेका पृथकजन् सत्पुरूषहरूको पनि सत्पुरूष धर्मले युक्त भई पूर्ण भई ती धर्म राम्ररी सुरक्षित भएका जन्महरूको संख्या ज्यादै थोरै मात्र छ। यसबाट पनि स्पष्ट छ कि अपायभव(जन्म) मिथ्यादृष्टिभव, दुश्चरित्रभवको संख्या महापृथ्वीमा भएको धूलो समान धेरै छ।

अकुशल भनेको एक दिनमै काय-कर्म, वची-कर्म, मनो-कर्मको रूपले लाखौं करोडौं पटकभन्दा बढी उत्पन्न हुन्छ। दिन, महिना साल भरमा र जीवनभरमा बनाउने अकुशलको संख्या अनगिन्ति हुन्छन्। एक एक चित्त क्षणले नै एउटा एउटा अपाय भवमा पतन भई अपाय दुःख भोग गरी सकेपछि मात्र ती कर्म शान्त भएर गएकाहरू पनि धेरै छन्। त्यस्ता हरेक व्यक्तिको एक एक अकुशल चित्त क्षणले एउटा एउटा अपायभवमा पतन भएका जन्महरू पनि अनगिन्ति रूपमा हुन्छ।

अपाय दुर्गतिमा पतन हुने मौका प्राप्त नभए पनि सत्कायदृष्टिमा टाँसी सत्त्वहरूको हृदयमा संचित भई जहाँ जहाँ जन्मियो त्यहीं त्यहीं संगसंगै गइरहेका दुश्चरित्र कर्महरू पनि एक एक सत्त्वमा अनगिन्ति रूपमा असंख्य भएका हुन्छन्। एक एक चित्तक्षणले नै एउटा एउटा अपाय भवमा पतन भई अपाय दुःख भोग गरी सकेपछि मात्र ती कर्म शान्त भएर गएकाहरू पनि धेरै छन्। त्यस्ता हरेक व्यक्तिको



Downloaded from http://dhamma.digital

एक एक अकुशल चित्त क्षणले एउटा एउटा अपायभवमा पतन भएका जन्महरू पनि अनगिन्ति रूपमा हुन्छन् ।

अपाय दुर्गतिमा पतन हुने मौका प्राप्त नभए पनि सत्कायदृष्टिमा टाँसी सत्त्वहरूको हृदयमा संचित भई जहाँ जहाँ जन्मियो त्यहीँ त्यहीँ संगसंगै गइरहेका दुश्चरित्र कर्महरू पनि एक एक सत्त्वमा अनगिन्ति रूपमा असंख्य भएका हुन्छन् । महाअवीचि नरकमा असंख्य कर्महरू पनि प्रत्येक सत्त्वमा हुन्छ । त्यस्तै तापन, महातापन नरकमा पतन हुन सक्ने यसरी नै अन्य नरकको कुरा पनि बुझ्नुपर्छ । संयोगवश कुनै एउटा कुशल कर्मको उपस्थितिले मनुष्यलोकमा जन्म लिएका साहु, महाजन, प्रदेश राजा, एक राजा, चक्रवर्ती, मन्धाता राजा, देवलोकमा जन्मेका देवराज, इन्द्रराज तथा ब्रह्मलोकमा जन्मेकाहरू पनि यदि उनीहरूले पूर्वजन्ममा गरी आएका अकुशल कर्मपथ पूर्ण भई अवीचि आदि अपायमा अब फेरि पतन गराउन सक्ने पुराना अनन्त कर्महरू आफूमा विद्यमान भएको कुरा थाहा पाएको भए शायद उनीहरू एक पटक पनि हाँस्ने, आनन्द लिने गर्दैन थिए होला । निश्चय पनि रूदै, विलाप गरी बस्ने थिए होला ।

## सक्कायदिट्ठिलाई हटाउनु पर्ने आवश्यकता

**सत्तियाविय ओमट्ठो, दय्हमानो व मत्थके ।**
**सक्कायदिट्ठि पहानाय, सतो भिक्खु परिब्बजे ॥**

*– सगाथावग्ग पालि*



Downloaded from http://dhamma.digital

अर्थात, भिक्षुहरू ! छातीमा भालाले रोपेको पुरूषझैं टाउको दन् दन् बलिरहेको पुरूषझैं प्रमादी नभई सधैं स्मृति पूर्ण भई सत्कायदृष्टि हटाउनको निम्ति आफ्नो जिउको समेत पर्वाह नगरी दृढतापूर्वक कोशिस गरी समथ विपस्सनाको अभ्यासमा लाग्नुपर्दछ ।

यी दुवै उपमा हीन उपमा हुन् । साँच्चै नै ती दुवैमा प्रत्यक्षरूपमा देखिरहेको भालाको भय र आगोको भय र केवल मृत्यु हुन केही क्षणको लागि मात्र दुःख कष्ट हुने खालको हो । परन्तु पुरानो अनन्त अकुशल कर्मले समेटिएका सत्त्वहरूको छातीमा विद्यमान भएको जुन सत्कायदृष्टि हो, त्यो नै साँच्चैको महान भय हुन् । यदि ती दुवै समर्थवान् भएकमा आफूमा रोपिएको भाला र दन् दन् बलिरहेको आगोलाई वास्ता नगरी सर्वप्रथम सत्कायदृष्टिलाई हटाउन जति सक्यो उति छिटो कोशिस गर्न खोज्छ ।

## ज्ञानको दियो खोज्नको निम्ति

**कोनुहासो किमानन्दो, निच्चं पज्जलिते सति ।**
**अन्धकारेन ओनद्धा, पदीपं न गवेसथ ॥**

*– धम्मपद पालि गा. नं. १४६*



Downloaded from http://dhamma.digital

सर्वदा पछि अपायमा पतन हुने शोक अग्नि आफ्नो हृदयमा दन् दन् बलिरहेको छँदाछदै कहाँ तिमीहरूलाई हाँस्नु छ ? कहाँ तिमीहरूलाई आनन्द लिनु छ ? अविद्या अन्धकारले आफूमा निरन्तर रूपमा भएको शोकलाई चाल पाउनै नसक्ने गरी छोपिएर तिमीहरू किन प्रज्ञाको प्रदीप नखोजेको ?

ती साहु महाजन आदि मनुष्य, देव, ब्रह्मा, सत्त्वहरूलाई अपायभवमा आफ्नो पालो आई पतन हुने बेलामा अनन्त पुरानो कर्म सबै सक्रिय भई आउने छन् । जसरी ठूलो रूखबाट एउटा जङ्गली मुसोको गति कस्तो भन्दा तल खसी रूख मुनि बसेका हजार, दश हजार बिरालोहरूको बथानमा पर्दा त्यो मुसो ती विरालोहरूबाट बच्न नसकी बिरालोले झम्टेर खानेझैं हुन् । मानिसको नजिक रहेका गाई, भैंसी, कुकुर, सुँगुर, विरालो, कुखुरा आदि आआफ्नो अकुशल कर्मको कारणले उत्पन्न भएका हुन् । फेरि उनीहरूमा विद्यमान पुरानो अकुशल कर्मको कारणले झन् झन् तलतिर पतन हुँदै ससाना प्रेतलोक, ठूलठूला प्रेतलोक, ससाना नरक लोकमा क्रमशः झर्दै महाअवीचि नरकसम्म पनि पतन हुनेहरू पनि छन् । उनीहरू कल्पनाश हुने अवस्थामा मात्र बल्ल त्यहाँबाट मुक्त हुने हुन्छन् । यस्ता सत्त्वहरू नरकलोकमा, प्रेतलोकमा असंख्य अनगिन्ति रूपमा छन् भनी अभिधम्मञाणविभङ्ग अट्ठकथामा उल्लेख भएको छ । यो जन्ममा अतिनै अकुशल कर्म गर्नेहरू र पहिले महान अकुशल



Downloaded from http://dhamma.digital

कर्म गरेकाहरू अपाय दुर्गतिमा पतन हुने सम्बन्धमा कुरा गरेरै साध्य हुँदैन । यो अट्ठकथामा उल्लेख भएअनुसार अनादि संसारमा घुमीरहेको प्राणीहरूको सुगति-भव नङमाथि राखेको धूलो प्रमाणले अत्यन्त अल्प छन् तर दुर्गति भव महापृथ्वीमा भएको धूलो प्रमाणले अत्यन्त अधिक छन् भनी अनुमानले जान्नुपर्छ ।

यो अट्ठकथामा वर्णन भएअनुसार मनुष्यभाव दुर्लभतालाई दर्शाइएको कुरा हो । अन्धो कछुवा र जुवाको उपमाद्वारा अपाय दुर्गतिमा पतन भएका प्राणीको निम्ति कुशल अगाडि आउने सम्भावना जन्म जन्ममा झन् झन् टाढा हुँदै जाने र मनुष्य जन्म फेरि प्राप्त गर्न कठिन हुने कुरा अट्ठकथाअनुसार वर्णन गरिएको हो ।

## पानीमा खसेको ढुङ्गाको उपमा

सुगतिभवबाट अपायभवमा पतन भएकाहरू अधिकांश रूपले समुद्रमा खसेको ढुङ्गा जस्तै एक जन्मपछि अर्को जन्ममा झन् झन् तल तिर थिंग्रिदै जान्छ, अपाय संसार मात्रै असंख्य जन्म पतन भई रहने स्वभावलाई थाहा पाउनुपर्दछ । यसरी थाहा पाउन सकेमा मनुष्यजन्म प्राप्तिको दुर्लभ भाव र यो संसार धेरै भयानक भएको कुरा अनुमानद्वारा बुझ्न सकिन्छ ।



Downloaded from http://dhamma.digital

यो मनुष्यभाव दुर्लभतालाई मूलपालि अट्ठकथा अनुसार देखाइएको हो ।

(२) दुर्लभ मनुष्य जन्म प्राप्त भएपछि कस्तो आनिशंस प्राप्त हुन्छ ?

## मनुष्य जन्म भनेको कल्पवृक्ष समान

छ वटा देवलोक, देवराज इन्द्र आदि देवताहरूको स्कन्ध सुख यही मनुष्यलोकमै बिउ रोपी प्राप्त गरेका हुन् । मनुष्य भएको बखत आफ्नो हृदयमा देव जाति, इन्द्र जाति, बिउ रोपिएकै कारणले पछि छ वटा देवलोकमा देवत्व, इन्द्रत्व भाव प्राप्त गरेका हुन् । त्यति मात्र होइन बीस वटा ब्रह्मलोकमा ब्रह्माहरूको स्कन्ध देह आनुभाव, ऋद्धि सुख पनि मनुष्यलोकमै जग हाली प्राप्त गरेका हुन् । मनुष्य भएको बखतमा आफ्नो हृदयमा ब्रह्मारूपी बिउ, रोपी त्यसलाई सुरक्षा गर्न सकेमा पछिल्लो जन्मा त्यसले ब्रह्मा भाव प्राप्त गर्न सक्छन् । फेरि स्वयं मनुष्यलोकमा साहु, महाजन, प्रदेश राजा, एकराजा, चक्रवर्ती मान्धाताहरूको सुख, ऐश्वर्य पनि मनुष्य लोकमै मात्र जग हाली प्राप्त गर्न सकिन्छ । मनुष्य भएकै बखत आफ्नो हृदयमा साहु महाजनदेखि मान्धाता आदि हुने जुन जुन बिउ रोपिन्छ त्यस्तै त्यस्तै फल फल्नेछ । अनादि संसार संसार चक्रबाट मुक्त भएर जानुभएका श्रावक बोधिका स्वामी, प्रत्येकबोधि, सम्यक्सम्बोधिका स्वामी



Downloaded from http://dhamma.digital

हुनुभएका देव, मनुष्य, ब्रह्मा, आर्य पुद्गल, विद्याधर, प्रख्यान्त पुदगलहरूले पनि मनुष्यलोकमै जग स्थापना गरेर गएका थिए । मनुष्य भएकै बेलामा आआफूले त्यस त्यस बोधि बिउलाई रोपी राम्ररी सुरक्षित गरेपछि मात्र त्यो आर्य पुद्गल महान् पुद्गल भावमा पुग्न सक्छ । त्यसैले मनुष्यभूमि भनेको कल्पवृक्ष समान हुन् । ब्रह्मा, देव, मनुष्य, लौकिक, लोकुत्तर सुख आदि जेजति सुख छन् ती पनि मनुष्य-भूमिरूपी कल्पवृक्षबाट उम्रेको फल, पात, हाँगा समान हुन् ।

मनुष्य जन्ममा भवसम्पत्ति र भोगसम्पत्ति भन्ने दुईवटा सम्पत्ति हुन्छन् । मनुष्यरूप, मनुष्य नाम, मनुष्य स्कन्ध समूहलाई भव सम्पत्ति भनिन्छ । पुत्र, पत्नी र धन सम्पत्ति घरबार खेत, सुन, चाँदी, रत्न, नगर, ग्राम आदि भनिएका तथा साहू महाजन, प्रदेश राजा, चक्रवर्ती मन्धाता सुख आदिलाई भोग सम्पत्ति भनिन्छ । ती दुईमध्ये भवसम्पत्तिलाई मनपराएकाहरूले भोगसम्पत्ति घाटामा पारिरहेका हुन्छन् ।

भवसम्पत्ति मन पराएकाहरूले कसरी भोगसम्पत्ति घाटामा पारेका हुन्छन् ? माथि उल्लेख गरेअनुसार विद्वान सत्पुरूषहरूले मनुष्यजन्म दुर्लभतालाई थाहा पाइराख्छन् । फेरि यो संसार चक्रलाई अत्यन्त भयङ्कर देख्छन् । मनुष्य जन्मको कल्पवृक्ष भावलाई पनि उनीहरूले देख्छन् । ती विद्वानहरूले यसरी विचार गर्छन्– यदि हामीले अहिले प्राप्त



Downloaded from http://dhamma.digital

गरेको साहु, महाजन, प्रदेश राजा, एकराजा, चक्रवर्ती, मन्धाता सुख ऐश्वर्यलाई नै प्रमुख स्थान दिइ यसैमा आसक्त भई दिन बिताएमा हामीलाई प्राप्त भएको दुर्लभ मनुष्यजन्म, मनुष्यस्कन्ध पनि मानौं अंकुर चुँडिएका शाखा प्रशाखाहरू भाँचिएका सुक्खा कल्पवृक्ष समान विनाश भावमा पुग्नेछ्छु। त्यसैले अहिले प्राप्त भएका भोगसम्पत्तिलाई त्यागी अहिले प्राप्त भएको भव कल्पवृक्षलाई दिनपर दिन वृद्धि गरी, दिन, महिना, साल गुजार्न सकेमा अहिले हामीलाई प्राप्त भएका जति पनि भोगसम्पत्ति र भवसम्पत्ति छन् त्यो पछि फेरि हजारौं लाखौं जन्मसम्म पनि प्राप्त हुनेछ। त्यति मात्र होइन महाकल्पभर आयु भई सुख प्राप्त गरेका ब्रह्माहरूको ऐश्वर्य पनि प्राप्त हुनेछ। त्यति मात्र होइन उत्तम श्रावक बोधिज्ञान, प्रत्येकबोधिज्ञान, सम्यक्सम्बोधिज्ञान पनि प्राप्त गर्न सकिन्छ। यही कारणलाई देखी जानी बुझी दिन, महिना, वर्षहरू व्यर्थमा नफाली कोही कोहीले आफूलाई प्राप्त साहु, महाजन, प्रदेश राजा, एकराजा, चक्रवर्ती, मन्धाता सुख ऐश्वर्यमा आसक्त नभई दान माग्न आएका पुद्गलहरूलाई खुला हातले दान दिइ दिन बिताउँछन्। यसरी भवसम्पत्ति मनपराएकाले भोग सम्पत्तिलाई त्याग गर्छन्।

भोगसम्पत्ति मनपराएकाले भवसम्पत्तिलाई कसरी घाटामा पार्छन्? दुर्लभ मनुष्य जन्म प्राप्त भएपनि यी व्यक्तिहरूमा संसार भयलाई तथा भव कल्पवृक्षको महत्वलाई



Downloaded from http://dhamma.digital

बुझ्न सक्ने प्रज्ञा ज्ञान वा ज्ञान चक्षु हुँदैन । उनीहरूले वर्तमान मनुष्य जीवनमा भइरहेका भोगसम्पत्तिलाई सुरक्षा गर्ने, वृद्धि गरी लाने र भोग गर्नेमा मात्रै दिन बिताउँछन् । उनीहरू यस्ता कार्य गर्दै अन्त हुन्छन् । उनीहरूको निम्ति मनुष्यजन्म, मनुष्यस्कन्धरूपी कल्पवृक्ष भनेको अंकुर चुंडिएको, शाखा प्रशाखा भाँचिएको सुक्खा रूखसमान हुन्छ । यसरी भोगसम्पत्ति मनपराएकाहरूले भवसम्पत्ति घाटामा पारेका हुन्छन् । भवलाई गौरव राख्नेहरूले दान, शील, बहुश्रुत धर्म दिनपर दिन अभिवृद्धि गर्नुमा ध्यान पुऱ्याउँछन् । भोगसम्पत्तिलाई महान् देख्नेहरूले लौकिक उन्नति वृद्धिलाई गौरव राखी मान्यता दिन्छन् ।

यसरी संक्षेपमा मनुष्यलोकमा चार प्रकारका मानिसहरू छन् । जस्तै –

क) धर्मको अभिवृद्धिमा बढी चित्त लगाई लौकिक वृद्धि गर्नुमा कम चित्त हुनेहरू ।

ख) लौकिक अभिवृद्धिमा बढी चित्त लगाई धर्मवृद्धि गर्नुमा कम चित्त लगाउनेहरू ।

ग) धर्ममा पनि लौकिकमा पनि आधा आधा चित्त भएका ।

घ) दुवैबाट अलग भई निरर्थक कार्यमा लागेकाहरू ।

आजकलको जमानामा धर्ममा पनि लौकिकमा पनि, आधा आधा चित्त राख्नेहरू भएमा उनीहरूलाई प्रशंसा गर्न योग्य छ । धर्ममा चित्त बढी गएकाहरूको त कुरै भएन । यदि लौकिक उन्नति अभिवृद्धिमा मात्र धेरै मन लगाएमा उनीहरूलाई मनुष्य भाव दुर्लभतालाई थोरै मात्र देखेको व्यक्ति भनिन्छ । दुवै पक्षमा उन्नति अभिवृद्धि हुनुबाट अलग



Downloaded from http://dhamma.digital

भएकाहरूलाई दुवै आँखा नदेख्ने अन्धो भनिन्छ । दुश्चरित्र धर्ममा लागेकाहरूलाई मनुष्यको गिन्तिमा राख्न योग्य छैन । बुद्धकालीन र जातककालीन समयमा साहु, महाजन, प्रदेश राजा, एकराजा, चक्रवर्ती, मन्धाता सुख ऐश्वर्यलाई थुक्नेभैं त्याग गरी घर, ग्राम, नगर, देशवासी, सवैलाई त्यागी अरञ्ञ (एकान्त) जंगलमा जानेहरूलाई नै दुर्लभ मनुष्यभावलाई बुझ्न सक्ने भनी भनिएका छन् । यसरी अत्यन्त दुर्लभ मनुष्यभावलाई कुनै कालमा एक पटक राम्ररी प्राप्त भएको बखतमा भोग सम्पत्तिलाई घाटामा पारी भवसम्पत्तिलाई प्रेम गरी भवकल्पवृक्षद्वारा उत्पन्न भएको महान् उत्तम आनिशंस अनन्त फललाई आफ्नो कायबल, ज्ञानबलद्वारा सदुपयोग गर्न सक्नेहरूलाई मात्र दुर्लभ मनुष्यभाव प्राप्त भएकाहरू भन्न सुहाउँछन् ।

यो बुद्धशासनबाट बाहिर मनुष्य भई जन्म लिएका मनुष्यहरूको मनुष्यभावको दुर्लभतालाई देखाइएको प्रसंग हो ।

शासनभित्र प्राप्त भएकाहरूलाई लाभ हुने अनन्त आनिशंस फल बुद्धोत्पाद दुर्लभताको अनन्त आनिशंस भित्र परेको कुरा फेरि देखाउने छु ।

# बुद्धोत्पाद दुर्लभभाव प्रकाशन

## बुद्ध उपन्न हुनु दुर्लभ

अब बुद्धोत्पाद दुर्लभ भन्ने विषयमा चर्चा गर्नेछु– बुद्ध उत्पन्न हुने दुर्लभ भन्ने कुरा कल्पको हिसाबले दुर्लभ र



Downloaded from http://dhamma.digital

आअफ्नो व्यक्तिगत हिसाबले दुर्लभ भनी दुई प्रकारले दुर्लभ देखाइएका छन् । बुद्धको उत्पत्ति कल्पअनुसार र व्यक्तिअनुसार कसरी दुर्लभ हुन्छ ? यी दुईमध्ये पहिलो प्रश्नको जवाफ यहाँ प्रस्तुत गर्दछु ।

एक महाकल्प भन्नाले कति दीर्घकाल हुन्छ भने– लम्बाई एक योजन* चौडाई एक योजन उचाई एक योजन भएको एउटा ढुङ्गाको पर्वत छ । त्यो ढुङ्गाको पर्वतलाई सय वर्षमा वा एक हजार वर्षमा एक पटक अत्यन्त नरम कपासले पुछ्दै गएमा अनन्त काल बितिसकेपछि त्यो पर्वत खिइएर नाश हुन्छ । परन्तु त्यो अवधि भित्र पनि एउटा महाकल्पको काल बित्दैन । यसरी एउटा महाकल्पको आयु यति लामो छ भनि देखाइएको छ । लोकमा यस्ता महाकल्पहरू सयवटा हजारवटा बितिसकेपछि मात्र बुद्ध उत्पन्न हुने अवसर प्राप्त हुन आउँछ । कहिले काहिं त दश हजार कल्पहरू बितिसकेपछि मात्र प्राप्त हुन्छ । यस्ता महाकल्प लाखौं बितिसकेपछि बल्ल एक पटक बुद्ध उत्पत्ति हुने अवसर प्राप्त हुन्छ । कहिले काहिं यस्ता महाकल्प असंख्य बिति सक्दा बल्ल बुद्ध उत्पत्ति हुने कल्पको संयोग हुन्छ । यहाँ असंख्य भन्नाले महाकल्प एक करोड बितिसकेपछि एक अंक, महाकल्प दुई करोड बितेपछि दुई अंक, तीन करोड बितेपछि तीन अंक गरी जति पनि गिन्ति गर्न सक्ने अंक हुन्छ ती सबै सकिएर जान्छ परन्तु बुद्ध उत्पन्न हुने कल्प शून्य नै रहन्छ । यति यत्रो

---

* चारकोसको एक योजन हुन्छ ।



Downloaded from http://dhamma.digital

लामो शून्य कल्पलाई नै एउटा असंख्य भनिएको हो । शून्य कल्पलाई नै एउटा असंख्य भनिएको हो । यस्ता शून्य कल्प असंख्य बितिसके पछि मात्र लोकमा बुद्ध उत्पन्न हुने अवसर एक पटक प्राप्त हुन आउँछ । यसरी बुद्ध उत्पन्न हुने कल्प प्राप्त हुने भनेको माथि उल्लेखित ढुङ्गाको पहाडको उपमाभैं असंख्य असंख्य काल लामो छ । मनुष्यको आयु एक लाख वर्ष मात्र हुनेछ । त्यो कल्पमा अन्य बाँकी भएका असंख्य असंख्य वर्षहरू शून्य शून्य वर्ष भई बितेर जानेछन् ।

यो बुद्ध उत्पन्न हुने कल्प दुर्लभ भएको कुरा हो ।

## बुद्ध र बुद्धशासनको संयोग प्राप्त गर्न गाह्रो भएको कुरा

अब यहाँ दोस्रो प्रश्नको जवाफ दिन लागेको छु–एक एक सत्त्व उत्पन्न हुने समयमा कसरी बुद्धशासन प्राप्त गर्न गाह्रो हुन्छ ? बुद्ध उत्पन्न हुने एउटै मात्र चक्रवाल हुन्छ । चक्रवाल अरू अरू पनि अनन्त छन् । ती अन्य चक्रवालमा बुद्ध उत्पन्न हुँदैन । सत्त्वहरू सधैं एउटै चक्रवालमा अथवा निर्धारित चक्रवालमा मात्रै जन्म घुमिरहने कुरा निश्चित छैन । जस्तै कि यो जम्बुद्वीपमा धेरै जन्म लिइ घुमिरहेकाहरू सधैं उही नगर उही गाउँमा मात्रै जन्मिन्छन् भन्ने निश्चित नभएभैं हो । माथि माथि आकाशमा घुमिरहेका गिद्धहरूले आफ्नो मुनि हजारौं लाखौं खेतका फाँटहरू देख्नेभैं माथि



Downloaded from http://dhamma.digital

माथिका ब्रह्मलोकमा बस्ने ब्रह्माहरूले पनि आफू मुनि रहेका थुप्रै चक्रवालहरूलाई आफ्नो साधारण आँखाले देख्न सक्छन् । फेरि अनन्त चक्रवालहरूमा पनि ब्रह्माहरू त्यही किसिमले हुन्छन् । त्यस त्यस ब्रह्मलोकबाट च्युत हुने अवस्थामा आफूले देखेका चक्रवालमा पनि उत्पन्न हुन सक्छ । त्यसरी उत्पन्न हुने चक्रवालमा निकान्ति (जन्म लिने प्रबल इच्छा) को आधारमा ती ब्रह्माहरू धेरै कल्प जन्म लिई घुमिरहन्छन् । यसरी क्रमशः हावाले उडाएझैं घुमिरहन्छन् । नियत भविष्यवाणी प्राप्त गर्नुभएका बोधिसत्त्वहरू मात्र यो चक्रवालमा स्थायीरूपमा जन्म लिइ रहन्छन् । बुद्ध उत्पन्न हुने अवस्था प्राप्त हुने समयमा यो चक्रवाल वरिपरिका दशहजार चक्रवालमा रहेका देव ब्रह्माहरू मात्र मुक्त हुन्छन् । अर्को तीनवटा द्वीपमा रहेका तथा अन्य चक्रवालमा रहेका सत्त्वहरूलाई मुक्त हुने अवसर प्राप्त हुँदैन ।

यी कुरालाई मनन् गरी हेर्दा एक एक सत्त्वको मनुष्य जन्म लिनु दुर्लभ हुनुभन्दा भगवान् बुद्ध उत्पन्न भएको शासन प्राप्त हुनु लाख, दश लाख गुणाभन्दा अधिक दुर्लभ छ । यसरी बुद्ध उत्पन्न हुने कल्प प्राप्त हुनु अत्यन्त कठिन छ । अझ योभन्दा पनि एक एक सत्त्वलाई बुद्धशासन भएको अवस्था प्राप्त हुनु त लाखौं करोडौं बुद्धहरू उत्पन्न भई सक्दा पनि एकपछि अर्को चक्रवालमा बतासले उडाएझैं घुमिरहेमा बुद्धको शासन प्राप्त हुनु त परै जावस्, बुद्ध उत्पत्ति हुनु



Downloaded from http://dhamma.digital

भएको समाचारसम्म पनि थाहा पाउने छैन । यो चक्रवालमै घुमिरहे पनि बुद्धको शासन प्राप्त अवस्था प्राप्त हुनु कठिन छ । बुद्ध उन्पन्न नहुने कल्प प्राप्त भएमा बुद्धशासनलाई देख्ने छैन । बुद्ध उत्पन्न हुने कल्प प्राप्त भएता पनि बुद्धशासन स्थिर हुने काल धेरै छोटो छ । एउटा कल्पको आयुसँग दाँजेर हेर्दा बुद्ध उत्पत्ति हुने अवधि केवल आँखा झिम्क्याउने समयसमान, विजुलि चम्कने समयसमान अल्प मात्र छ । भगवान् बुद्धकोशासन स्थिर भएको अवस्थामा तिर्यक योनीमा जन्म लिइ रहेमा त्यसको निम्ति पनि शासन चुकेको हुन्छ । फेरि शासन लोप भइसके पछि अन्धकार अवस्थामा मनुष्य भई जन्म लिएमा पनि शासन चुकेको  हुन्छ । पछि धेरै कल्प बितेपछि बुद्धशासन एक पटक उत्पन्न हुने अवस्थामा पनि आफू नरकमा पतन भएमा उसको निम्ति पनि शासन चुकेर गएको हुन्छ । यसरी लाखौं करोडौं बुद्धहरू उत्पन्न भएर गए पनि बुद्धशासन प्राप्त अवस्थामा आफू अष्टदोषमा• परेमा एक पटक मात्र शासन प्राप्त गर्नु पनि अति कठिन हुनेछ ।

आलारकालाम तपस्वीको मृत्यु सात दिन मात्र अघि भएकोले उसको निम्ति एक बुद्धशासन छुट्न गयो । त्यस्तै उदक तपश्वीको मृत्यु एक रात मात्र अगाडि भएकोले उसको

---

• अष्टदोषको विषयमा दीघनिकायको दसुत्तर-सुत्तमा 'आठ अक्षण समय' शीर्षक हेर्नु होला – सम्पादक



Downloaded from http://dhamma.digital

निम्ति पनि एउटा बुद्धशासन चुक्न गयो । ती तपश्वीहरू अरूप भुवनमा उत्पन्न भए । अब उनीहरू एक पटक मनुष्य जन्म लिंदा शून्य कल्पमा पर्नेछन् । यसरी एक रात मात्रको फरकले त्यत्रो ठूलो अन्तर हुन पुग्यो । यस्तै विगत अनमतग्ग संसारमा नदीको बालुवा प्रमाण लाखौं करोडौं बुद्धहरू उत्पन्न हुनुभएका मध्ये एक जना बुद्धको पनि यिनीहरूको निम्ति राम्ररी शासन प्राप्त नभएकोले आजसम्म पनि संसारमा डुबी रहनु पर्‍यो । यहाँ राम्ररी शासन प्राप्त नहुनुको अर्थ मुक्त हुन सक्ने गरी प्राप्त नहुनु अथवा नियत भविष्यवाणी प्राप्त हुने गरी प्राप्त नहुनु भनेको हो । यसरी राम्ररी प्राप्त नभई सामान्य रूपमा मात्र बुद्धको शासन प्राप्त भएमा पनि राम्ररी ग्रहण गर्न नसक्नुले पछि हुने भगवान् बुद्धको भरोसामा बसी अफूले आफैलाई भुक्याएर बसेझैं हुन्छ ।

त्यति मात्र होइन बुद्धलाई गुमाउनु पर्ने असंख्य अनन्त धर्महरू आफ्नो शरीर भित्र रहेको कारणले भगवान् बुद्ध एक जनाको त कुरै छोडौं, पछि पछि हुने लाखौं करोडौं बुद्धहरूसम्म पनि छलेर जाने सम्भावना हुन्छ । यो अवस्थामा प्राप्त भइरहेको बुद्धशासनलाई राम्ररी दृढतापूर्वक धारण गर्न नसकेको कारणले पछि हुने आर्य मैत्री बुद्धको भरोसा लिएमा हुन्छ कि भनी मनमा धारण गरी राखेमा पछि हुने आर्य मैत्री बोधिसत्त्वको मात्र होइन, एवं प्रकारको चित्त भएमा भविष्यमा हुने लाखौं करोडौं बुद्धहरू पनि चुक्ने वा छलेर जाने सम्भावना



Downloaded from http://dhamma.digital

हुन्छ । समय मौका भनेको नखसिख-सुत्त देशनाअनुसार जानी बुझी लिनु भनेको हो ।

फेरी अर्को, अहिले आफूमा विद्यमान श्रद्धा, प्रज्ञा आदि कुशल धर्मलाई दुर्बल गराउने लोभ, दोष, मोह, मान, दिट्ठि आदि अकुशल धर्म प्रबल हुने आदि इत्यादि बुझ्नु पर्ने कुराहरू धेरै छन् ।

यसरी मनुष्यभाव दुर्लभभन्दा पनि, लोकमा बुद्ध उत्पन्न हुनु दुर्लभ छ त्योभन्दा पनि बुद्धको शासन भएको अवस्था प्राप्त हुनु लाखौं करोडौं गुना दुर्लभ हुन्छ भनी देखाइएको यो प्रसंग भयो ।

(कसरी बुद्ध उत्पन्न हुने दुर्लभ भन्ने प्रश्नको उत्तर पूरा भयो ।)

## बुद्धशासन र मनुष्यभाव

भगवान् बुद्धको शासन प्राप्त भएको अवस्थामा कस्तो अनन्त आनिशंस प्राप्त हुन्छ भन्ने दोस्रो प्रश्नको उत्तरको बारे चर्चा गर्नेछु –

मनुष्य भाव दुर्लभताको सन्दर्भमा महाट्ठअथाअनुसार चर्चा गरिआए अनुरूप जुन सत्त्वहरूमा जबसम्म नामरूप धर्मलाई *'मेरो आत्मा'* भन्ने धारणा भएको सत्कादृष्टि हुनेछ तबसम्म ती सत्त्वहरूमा पहिले पहिलेका अतीत भावमा, अतीत कल्प, अतीत संसारमा मूर्ख भई आएको, भूल गरी



Downloaded from http://dhamma.digital

आएको, दुश्चरित्र कर्म अनन्त रूपमा आफ्नो हृदयमा निरन्तर रूपले रही रहेको हुन्छ । ती पुराना पुराना दुश्चरित्र कर्म, दुश्चरित्र ऋण नछुट्ने नटुट्ने गरी सिङ्गो ढिक्को भई बसेको कारणले सबभन्दा माथिको अरूप भुवनमा महाब्रह्म भई बसेता पनि उनीहरूको आफ्नो हृदयमा दृढरूपमा धारण गरेको अपायको डोरी, अवीचिको डोरी अनन्त रूपले विद्यमान हुन्छ । त्यसरी नै सवहरूमा सत्कायदृष्टि विद्यमान रहेसम्म अनागतकालमा घुम्नु पर्ने जन्ममा अनन्त दुश्चरित्र कर्म गर्नको निम्ति मिथ्या बीज पनि अनन्त हुनेछ तथा मिथ्या मार्गमा पार्ने क्लेश बीज पनि अनन्त हृदयमा नटुट्ने गरी धारण गर्नुपर्ने हुन्छ । जब सम्म अनत्तलक्खणलाई राम्ररी देखी पूर्णरूपले सत्कायदृष्टि निरोध हुन्छ त्यस बखत अतीत र अनागत कालका अनन्त दुश्चरित्र कर्महरू एकसाथ निरोध हुन्छ । त्यसपछि मात्र त्यो व्यक्ति अनमतग्ग संसारमा जतिसुकै घुमिरहे पनि पूर्णरूपले अपाय संसारबाट मुक्त हुन्छ । अपाय संसारबाट मात्र होइन अष्टदोषबाट पनि विल्कुल मुक्त हुन्छ । ऋद्धि, आनुभाव, सुख, ऐश्वर्य, ज्ञानबुद्धिहीन भएको मनुष्य जाति, देव जाति, ब्रह्मा जातिमा बिल्कुल उत्पत्ति हुने छैन । महान ऋद्धि, अनुभाव, सुख, ऐश्वर्य भएको उत्तम मनुष्य आर्य जाति, देव आर्य जाति, ब्रह्मा आर्य जातिमा मात्र उत्पत्ति हुनेछ ।



Downloaded from http://dhamma.digital

यसरी सत्कायदृष्टि निरोध भएपछि सम्पूर्ण अतीत र अनागत अनन्त दुश्चरित्र कर्म निर्मूल हुने कुरा दर्शाइएको छ । शासनबाट बाहिरका जति पनि मनुष्य-पण्डित, देव-पण्डित र ब्रह्मा-पण्डितहरू छन् उनीहरूले अघि अघि गरेका तथा पछि पछि गरिने दुश्चरित्र अकुशलको मूल कारणलाई भने उनीहरूले थाहा पाउन सक्छन् । परन्तु अकुशलको मूल कारणलाई भने उनीहरूले थाहापाउन सक्दैनन् । बोधिवृक्ष मुनि बुद्धत्वको नजिकमा पुगेपछि मात्र यस्ता कुराहरू थाहा पाउन सकिन्छ । ती देव, ब्रह्मा, मनुष्यहरू बुद्धशासन प्राप्त भएको अवस्थामा मात्र त्यस भवचक्रबाट बिल्कुल मुक्त हुन सकिन्छ भनी थाहा पाई जन्मैपिच्छे भगवन् बुद्ध भेट्ने आशालिइ बस्छन् । उहाँको धर्मलाई मात्र इच्छा गर्छन् । त्यस्तै भगवान् बुद्धको शासनको आशिका गर्छन् । बुद्धोत्पाद दुर्लभ भन्ने महत्वपूर्ण कुरालाई उनीहरूले अनेक प्रकारले प्रकाश गर्छन् । भगवान् बुद्धको शासन प्राप्त भएका जोतिक सेठ, जटिल सेठ आदि सेठहरूले सेठको सुख ऐश्वर्यलाई त्यागी भगवान् बुद्धको शासनलाई पूर्ण रूपले ग्रहण गरी लिएका थिए । भद्दिय राजा, पक्कुसाति राजा, महाकप्पिन राजा आदि राजाहरूले पनि राज्य सुख त्याग गरी भगवान् बुद्धको शासनलाई पूर्णरूपले ग्रहण गरेका थिए । चार द्वीपका अधिपति भएका चक्रवर्ती राजाहरूले चक्रवर्ती सुख ऐश्वर्यलाई त्यागी भगवान् बुद्धको शासनलाई विभिन्न



Downloaded from http://dhamma.digital

तहबाट सेठको ऐश्वर्य, राज्य सुख ऐश्वर्यसमेत त्याग गर्नुको कारण माथि बताइएअनुसार अतीत र अनागतका अनन्त दुश्चरित्र कर्महरू सत्कायदृष्टिकै परिवार भएकोले हो । त्यो सेठको ऐश्वर्य, राज्यसुख ऐश्वर्य बाँचुन्जेल देख्ने बितिक्कै हर्ष हुनेछ, प्रशन्न हुनेछ । परन्तु ती सवै मृत्यु हुने अवस्थामा त्यसलाई हेर्ने सम्म साहस हुँदैन । हेर्नु पर्ला भनेर धेरै डर मान्छन् त्रसित हुन्छन् । यदि त्यसलाई सम्झी मृत्यु भएमा अपाय दुर्गतिमा पुग्ने हुन्छन् ।

भगवान् बुद्धको शासनलाई पूर्णरूपले ग्रहण गरिसकेकाहरूले अनमतग्ग संसारमा जन्मैपिच्छे साथ रहेको सत्कायदृष्टिप्रमुख अनन्त दुश्चरित्र कर्मलाई पूर्णरूपले निरोध गरी अतुलनीय महान् सुख प्राप्त गर्छन् । यो जन्म पछि अपाय संसारबाट पनि मुक्त, हुनेछ, मिथ्या दुश्चरित्र कर्म सवै निरोध हुनेछ, हीन जाति, हीन वंश, विरूप हुने, अलक्षिण हुने, चरित्र भ्रष्ट हुने, बुद्धि हीन हुने आदिबाट मुक्त हुनेछ । भगवान् बुद्धको शासन पूर्णरूपले ग्रहण गर्नु भन्नु नै त्रिलक्षणलाई अत्यन्त उद्योग वीर्य गरी नामरूप धर्मलाई *'मेरो शरीर', 'मेरो आत्मा'* भन्ने गलत धारणा भएको सत्कायदृष्टि पूर्णरूपले निरोध गरी भगवान् बुद्धको साँच्चैको पुत्र, पुत्री भई आर्य जाति भवमा पुग्ने गरी धारण गर्नुलाई नै भनिएको हो ।

यसरी भगवान् बुद्धको साँच्चैको पुत्र, पुत्री भई आर्य जाति भवमा पुगेकाहरू यो जन्मदेखि जहाँ जहाँ जन्मिन्छन्



Downloaded from http://dhamma.digital

कल्पौं कल्प आयु लिइ जन्मिने हुन्छन् । धर्मचक्षु पनि आफूमा सधैं रहीरहने हुन्छन् उनीहरूको निम्ति शासनबाट बाहिरको कल्प कहिल्यै हुने छैन । उनीहरूलाई निर्वाण प्राप्त हुने अन्तिम जन्मसम्म परियत्ति शासन सधैं उपलब्ध भइरहने हुन्छ । त्यसरी नै पटिपत्ति शासन र पटिवेध शासन पनि सधैं रहीरहने हुन्छ । उनीहरूको निम्ति पछि पछि हुने बुद्धको आशा लिनु पर्दैन । पछिको बुद्धशासनको भरोसा आशा पनि लिनु नपर्ने हुन्छ । भगवान् बुद्धको शासनको अपेक्षा गरी बस्नु पर्ने दु:ख पनि भएन । यसरी बुद्धशासन प्राप्त हुने अवस्थामा अनन्त महान आनिशंस प्राप्त हुनेछ । यस्तो महान आनिशंस प्राप्त गर्नेहरू मात्रै बुद्धको शासन पाएकाहरू भन्न सुहाउँछन् । किनकि यस्तो अनन्त आनिशंस प्राप्त हुने भएकाले नै लोकमा बुद्धोत्पाद दुर्लभ भन्ने महत्वपूर्ण वाक्य उच्चारण गरिएको हो ।

बुद्धोत्पाद दुर्लभ प्रशंग समाप्त ।

(बाँकी तीन वटा दुर्लभको आनिशंसलाई विस्तृतपूर्वक देखाइएको कुरा मण्डले नगर बुद्धधर्म शासन प्रचार समितिका सचिव धार्मिक बिभागका एक कर्मचारी माउँतोले गरेको प्रश्नको उत्तर दिंदा मैले वर्णन गरेका कुराहरू 'उत्तम पुरूष दीपनी' नामक पुस्तकको अन्तमा ओवाद कथामा उल्लेख गरेको हुँदा त्यहाँ हेर्नु होला ।)



Downloaded from http://dhamma.digital

## पञ्चस्कन्ध

अव खन्धवग्ग संयुत्त पालि◆ अनुसार पञ्चस्कन्धलाई उपमाद्वारा व्याख्या गरिएको कुरा प्रस्तुत गर्दछु –

**फेणपिण्डूपमं रूपं, वेदना पुप्फुलूपमा।**
**मरीचिकूपमासञ्ञा, सङ्खारा कदलूपमा।**
**मायुपमञ्च विञ्ञाणं, देसिता दिच्चबन्धुना।**

रूपस्कन्धलाई फिंजको ढिक्कोभैं भाविता गर्नुपर्दछ। वेदनास्कन्धलाई पानीको फोकाभैं, संज्ञा स्कन्धलाई मृगतृष्णाभैं, संस्कार स्कन्धलाई केराको बोटभैं तथा विज्ञानस्कन्धलाई जादूगरभैं भाविता गर्नुपर्दछ। सूर्यवंश हुनु भएका आदित्यबन्धु (भगवान् बुद्ध) ले यसरी देशना गर्नुभयो।

## रूपस्कन्ध

**किञ्च, भिक्खवे रूपं वदेथ ? रुप्पति रुप्पति'ति खो, भिक्खवे, तस्मा रूपन्ति वुच्चति। केन रुप्पति ? सीतेनपि रुप्पति, उण्हेनपि रुप्पति, जिघच्छायपि रुप्पति, पिपासायपि रुप्पति, डंसमकस वातातप सरीसप**

---

◆ संयुत्तनिकायपालि II पृ. ३१२, अथवा नेपाल भाषाको पृ. ५३२



Downloaded from http://dhamma.digital

**सम्फस्सेनपि रुप्पति । रुप्पति रुप्पतीति खो, भिक्खवे, तस्मा रूपं ति वुच्चति ।**

– *स्कन्धवग्ग संयुत्त पालि ।*

"भिक्षुहरू ! किन रूप भनिएको हो ? भिक्षुहरू, रूप परिवर्तन भएर जान्छ, परिवर्तन भएर जाने वा बदल्ने भएकाले नै रूप भनिएको हो । यो कसरी परिवर्तन हुन्छ ? शीतको कारणले परिवर्तन हुन्छ, उष्ण तेजको कारणले पनि परिवर्तन हुन्छ, भोक लागि दाह भएकोले पनि परिवर्तन हुन्छ, प्यास लागि दाह भएकोले पनि परिवर्तन हुन्छ, लामखुट्टे, झिंगा, सर्प आदिको टोकाइले पनि परिवर्तन हुन्छ, तातो चीसो, घामको तेजले पनि परिवर्तन हुन्छ, बदलिन्छ । भिक्षुहरू ! त्यसैले 'रूप' भनिएको हो ।

## व्यवहार पृथ्वी

उक्त पालि भाषामा 'सीतेनपि रुप्पति उण्हेतपि रुप्पति' भनिएको कुरालाई यहाँ संक्षेपमा चर्चा गर्छु–पृथ्वी, आपो, तेजो र वायो नामक चार धातुमध्ये पृथ्वीधातु दुई प्रकारका छन्–एक 'लोक व्यवहार पृथ्वी' र अर्को अभिधर्ममा बताइएअनुसार 'परमार्थ पृथ्वी' हुन् । तीमध्ये व्यवहार पृथ्वी भन्नाले परमाणु, अणु, तज्जरी (अणु अणु मिलेको), रथरेणु, लिखा, जुम्रा, तील, चामल, जौदेखि लिएर



Downloaded from http://dhamma.digital

महापृथ्वी, सुमेरु पर्वत आदि ढिक्को डल्लो ठोस पदार्थ सवै 'व्यवहार पृथ्वी' हुन् ।

सत्त्वहरूमा भएको केश (कपाल) लोम (रौं) आदि आँखाले देख्न सक्ने पदार्य सण्ठान (आकार) लाई व्यवहार पृथ्वी भनिन्छ । व्यवहार पृथ्वी जति साँच्चकै पृथ्वी वा पृथ्वी भनिन्छ । व्यवहार पृथ्वी जति साँच्चैकै पृथ्वी वा पृथ्वी धातु होइन । यसलाई अनित्य, दुःख अनात्म रूपले हेर्नु हुँदैन । विपस्सना ज्ञानले परमार्थ धर्मलाई सधैं आरम्मण गर्छ । तसर्थ माथि वर्णन गरिएको पृथ्वी साँच्चैको परमार्थ पृथ्वी नभई व्यवहार पृथ्वी मात्र हो । व्यवहार पृथ्वीलाई साँच्चैकै धर्मको रूपमा हेर्नु हुँदैन, पारख गर्नु हुँदैन किनकि त्यो साँच्चै नै विद्यमान भएको धर्म होइन । त्यसैले त्यसलाई स्वभाव भन्न मिल्दैन । त्यो वास्तविक धातु होइन । त्यसैले त्यो विपस्सना ज्ञानको विषयवस्तु होइन । परमार्थ पृथ्वी भन्नाले एक प्रकारको कडापन क्रिया (स्वभाव) मात्र हो । त्यस त्यस वस्तुलाई हातले छोई, थिची, मिची, पिटेर परीक्षा गरी हेर्दा नरम कडा भनी सवैले थाहा पाउछन् । त्यसरी थाहा पाउनु पनि प्रज्ञप्तिले थाहा पाउनु र परमार्थले थाहा पाउनु भनी दुई प्रकारका छन् । नरम वस्तुमा नरम क्रिया स्वभाव) सहित त्यो वस्तुलाई चिन्नु प्रज्ञप्तिले थाहा पाउनु भनिन्छ । यसलाई परमार्थले जानेको भनिन्दैन । चित्तले जानेको, संज्ञाले जानेको मात्र भनिन्छ, साँच्चैको ज्ञानले



Downloaded from http://dhamma.digital

जानेको होइन । त्यो वस्तुमा भएको नरम क्रिया मात्रलाई अलग्ग छुट्याई जानेको भनेको त्यो वस्तुमा भएको पृथ्वी धातुलाई मात्र होइन त्यसमा आपो धातु, तेजो धातु, वायो धातु, वर्ण धातु, गन्ध धातु, रस धातु, ओज धातु–यी सात प्रकारका धातुहरू पनि समावेश भएका हुन्छन् भनी थाहा पाउनु हो । यी सात धातुको स्वभावमा नरमपन मिसिएर जान नदिन कुनै वस्तुलाई नरम छ भन्नुपर्दा ती सात धातुहरू पनि पृथ्वी धातु एउटैमा समावेश छन् भनी थहा पाउनु पर्छ ।

यो वस्तु, यो अणु, यो लोभ इत्यादि रूपले द्रव्य पदार्थ सण्ठानलाई चित्तमा उत्पन्न गरी थाहा पाउनुलाई प्रज्ञप्तिले मात्र जानेको भनिन्छ । छोएर हेर्दा कायविञ्ञाणले पृथ्वीधातुलाई मात्र नलिई कोवल नरम छ भनी थाहा पाउछन् । यो नरम वस्तुमा नरम क्रिया(स्वभाव) भन्ने परमार्थ पृथ्वी धातुलाई छुट्याएर लिनु पर्छ । द्रव्यवस्तु द्रव्य पदार्थ प्रज्ञप्तिबाट परमार्थ पृथ्वीलाई ज्ञानले अलग्ग छुट्याएर लिने यो विधि हो ।

त्यस वस्तुमा जुन नरम क्रिया हुन्छ त्यो परमार्थ पृथ्वी धातु हो । तर त्यो वस्तुमा भएको अरू अरू पनि सवै धातुहरू नरम परमार्थ पृथ्वी धातु होइनन् । यदि एउटै मात्र पृथ्वी धातु भएमा त्यसलाई अलग्ग अलग्ग छुट्याउन नमिल्ने हुन्छ ।



Downloaded from http://dhamma.digital

# परमार्थ पृथ्वीको विशेषता

परमार्थ धर्मको विशेषतालाई यसरी औल्याउन सकिन्छ । यथा–परमार्थ धर्मलाई टुक्रा टुक्रा गरी हेर्न मिल्दैन । फेरि आँखाले प्रत्यक्ष देख्ने गरी परिवर्तन भएको पनि देख्न सकिँदैन । मानिसले कुनै पनि वस्तु चलायमान भएको हलन चलन भएको देख्छ तर परमार्थ रूपले भन्ने हो भने चलायमान वा गतिशील भन्ने नै हुँदैन । कुनै पनि वस्तुको हलन चलन वा गति भन्नु नै एउटा क्रिया र अर्को क्रिया जोडी पहिलो क्रिया र पछिको क्रिया एकरूपले देख्नु, एकनाशले देख्नु हो । एक पछि अर्को क्रियालाई एकनाशले देख्नुलाई नै गति वा चल्नु भनिन्छ । पहिलो पहिलो क्रिया लोप भई पछि पछिका नयाँ नयाँ क्रिया उत्पन्न हुनुलाई नै लोकमा *'गति'* भनिन्छ, चल्नु, सर्नु, अघिबढ्नु, उठ्नु भनिन्छ । परमार्थ धर्म भनेको क्रिया मात्र भएकोले अगाडि अगाडिको पुरानो क्रिया हराएर जानु, लोप भएर जानुको अर्थ पुरानो परमार्थ धातु निरोध भएर भएकोलाई नै भनिएको हो । पछि पछि नयाँ नयाँ परमार्थ धातु उत्पन्न हुने भनिएको हो । नयाँ धातु पुरानो धातु, नयाँ परमार्थ पुरानो परमार्थ परिवर्तन हुने अवस्थामा अथवा पुरानो परमार्थ लोप भई नयाँ परमार्थ उत्पन्न हुने अवधिमा त्यसलाई छुट्याउने आकाश धातु हुन्छ । यसलाई साधारण आँखाले देख्न सकिँदैन । परमार्थ क्रिया स्वभावलाई देख्न सक्ने ज्ञान भएकाहरूले मात्र यस्तो आकाश



Downloaded from http://dhamma.digital

धातुलाई देख्न सकिन्छ । यसरी परमार्थ धर्मलाई आकाश धातुले छुट्याउँछ । अघिल्लो अघिल्लो धर्मको भवङ्ग र पछिल्लो पछिल्लो धर्मको उत्पत्तिको बीचमा जुन सूक्ष्मरूपले खाली हुन्छ त्यसैलाई आकाश धातु भनिन्छ । यसलाई राम्ररी देख्ने कोशिस गर्नुपर्छ । नरम पृथ्वी धातुको परिच्छेद समाप्त । कडा पृथ्वी धातुमा पनि यही विधिअनुसार बुझ्नुपर्छ ।

(व्यवहार पृथ्वी परमार्थ पृथ्वी छुट्याउने काण्ड समाप्त ।)

## कडा स्वभावको परमार्थ कलल रूपमा

चीसो फलामको डल्लोलाई आगोमा तताई पगाल्ने अवस्थामा आगोको रापले गर्दा फलामाको डल्लोको जुन कडापन हो त्यो हराएर नयाँ किसिमले उत्पन्न भई पानीझैं तरल अवस्थामा परिणत हुन जान्छ । पुरानो कडा स्वभाव क्रमशः विलाएर गई नरम स्वभाव क्रमशः उत्पन्न हुन्छ । फलामको डल्लोको भित्र बाहिर भएको उत्पत्ति विनाशलाई फलाम चलीरहेकोझैं देख्नेछ । पानीको पिजा (फिंज) झै सारहीन देखिन्छ । यस्तो स्वभावलाई जानी ढिक्को डल्लो भएको द्रव्य आकार प्रज्ञप्ति दृष्टिमा पर्नु हुँदैन । त्यस भित्र रहेको कडा स्वभाव यताउती चलिरहेको जस्तो निरन्तर भइरहेकोलाई ज्ञानले गहिरीएर हेर्नुपर्छ । फेरि त्यो पानीझैं पग्लेको फलाम माथि चीसो शीत ऋतु नामक पानी हालिदिंदा पहिलेझैं पुनः कडा भएर आउँछ । नरम पृथ्वी क्रमशः बिलाएर गई कडा पृथ्वी क्रमशः उत्पन्न हुन्छ ।



Downloaded from http://dhamma.digital

कडा स्वभाव लक्षणको परमार्थ पृथ्वीमा नरमपन पनि हुन्छ र नरम स्वभाव लक्षणको परमार्थ पृथ्वीमा कडापन पनि भएको हुन्छ, कल्प विनाश हुने अवस्थामा महापृथ्वी, सुमेरु पर्वत, चक्रवाल पर्वत, सप्त पर्वत आदि आगोले दनदन बल्न थाल्छ। त्यस बखत भित्री परमार्थ पृथ्वीधातुको स्वभावलाई चिन्न सकेमा ती सबै पानीको फिंजझैं सारहीन भनी राम्ररी देख्न सकिन्छ।

अनमतग्ग संसारमा एक पटक पनि उत्पन्न नभएको धातु चक्षु उत्पन्न हुने यो पहिलो विधि हो। तथागतले यो आँखालाई पालिमा 'धम्म चक्खुं उदपादि' भनी बताउनुभयो। यस्तो आँखा उत्पन्न भएमा मात्र भगवान् बुद्धलाई देख्न सक्ने भनिन्छ, धर्मलाई देख्न सक्ने भनिन्छ, शासनलाई देख्न सक्ने भनिन्छ।

त्यसैले भगवान् बुद्धले वक्कलिलाई *'जसले धर्मलाई देख्छ उसले मलाइ देख्छ, जसले धर्मलाई देख्दैन उसले मलाइ देख्दैन'* 'योहि वक्कलि धम्मं पस्सति सो मं पस्सति, यो धम्मं नपस्सति सो मं नपस्सति' भनी आज्ञा गर्नु भएको हो।

"भिक्षु वक्कलि ! जसले सम्मुति, प्रज्ञप्ति, द्रव्य, सण्ठानमा ज्ञानले अलग्ग छुट्याई हेर्नु पर्ने परमार्थ स्वभावलाई ज्ञान चक्षुले देख्छ, त्यसले मलाइ (बुद्धलाई) देखेको हुन्छ। जसले सम्मुति प्रज्ञप्ति द्रव्य सण्ठानमा ज्ञानले अलग्ग छुट्याई हेर्नु पर्ने परमार्थ स्वभावलाई ज्ञानचक्षुले देख्दैन, त्यसले मलाइ देखेको हुँदैन।

यो सबभन्दा कडा स्वभावलाई दर्शाइएको प्रशङ्ग हो।



Downloaded from http://dhamma.digital

## अत्यन्त नरम मृदु परमार्थ

अब अति सूक्ष्म नरम परमार्थ पृथ्वीको बारे चर्चा गर्छु । जसरी परमार्थ ज्ञान योगीले चन्द्रमाको प्रकाशमा पनि नरम पृथ्वी स्वभावको उत्पति विनाशलाई देख्न सक्छ, त्यसरी नै आगोको ज्वालामा भएको नरम पृथ्वी स्वभाव र बगीरहेको पानीमा भएको नरम पृथ्वी स्वभावमा उत्पत्ति विनाश प्रकृयालाई देख्न सक्छ । यसरी नै एकक्षण पनि नरोकी द्रुतगतिले उत्पत्ति विनाश भइरहने रूपको स्वभावलाई देख्दछ । त्यस वखत त्यो रूप पदार्थमा अति सूक्ष्म परमार्थ पृथ्वी धातुको उत्पत्ति विनाशलाई देख्छ । यो अत्यन्त सूक्ष्म पृथ्वी धातुलाई देखाइएको प्रशंग हो । सबभन्दा कडा र सबभन्दा नरम दुवैलाई देखाएपछि मध्यस्थ पृथ्वीलाई पनि यही तरिकाले थाहा पाउन सकिन्छ । कडा र नरम पृथ्वीको उत्पत्ति र विनाशलाई देखेमा मध्यम पृथ्वी धातुलाई देख्न केही गाह्रो हुने छैन ।

## विकार रुप्पन (विनाश)

सत्त्व प्राणीहरूमा शीत, उष्ण अथवा चीसो, तातोपन निरन्तर घटवढ भइरहन्छ । ऋतु, पक्ष, बार, दिन, घडी भित्र उष्ण शीत अग्नि धातुको घटबढ भई निरन्तर परिवर्तन भइरहनेलाई आफ्नो शरीर भित्र खोला बगीरहेभैं बगीरहेको रूपको स्वभाव, परिवर्तनशील स्वभावको रूपमा



Downloaded from http://dhamma.digital

देख्नुपर्छ। चार इरियापथमा (उठ्नु, हिड्नु, बस्नु, सुत्नु)* सारा शरीरको अङ्गको हलन चलनमा पनि, आहार-अग्नि-धातु, आहार-रस-धातुको घटबढमा पनि यसरी नै (रूपको परिवर्तनशीलतालाई) देख्नुपर्छ। फेरि आफ्नो शरीरको प्रत्येक, अङ्ग देख्नको निम्ति जिउभरी नै धातुको आँखाले हेर्ने गर्नुपर्छ। पूरा शरीरभरी धातुको आँखा राम्ररी उत्पन्न भएमा सारा प्राणीहरू लगायत रूख, पहाड, पर्वत आदि बाहिरका रूपहरूमा पनि हेर्न सक्ने धातुको आँखा प्रकट हुन्छ। जति पनि रूप भनिएका छन् ती सबैले पृथ्वी धातुको आधारलिएका हुन्छन्। समस्त पञ्चोकार† नामस्कन्ध सबैले रूपको आधार लिएको हुन्छ। पृथ्वीको उत्पत्ति विनाश अथवा उदय व्ययलाई देख्न सकेमा बाँकी नामरूपको उत्पत्ति विनाशलाई देख्न गाह्रो हुने छैन।

---

* चार इरियापथको बारेमा दीघनिकायको महासतिपट्ठान-सुत्तमा हेर्नु होला।

† जुन भूमिमा एउटा मात्र स्कन्ध हुन्छ त्यसलाई एकवोकार भूमि भनिन्छ। जस्तै असंज्ञी भूमि रूपस्कन्ध मात्र हुन्छ। जुन भूमिमा चार स्कन्ध हुन्छ त्यसलाई चतुवोकार भूमि र जहाँ पाँच स्कन्ध हुन्छ त्यसलाई पंचवोकार भूमि भनिन्छ। अरूप ब्रह्मलोकमा नामस्कन्ध चार मात्र हुन्छ रूपस्कन्ध हुँदैन। असंज्ञी अरूप ब्रह्मलोक बाहेक अरू सबै भूमिमा पाँच स्कन्ध हुने भएकोले पंचवोकार भूमि भनिन्छ।



Downloaded from http://dhamma.digital

यो परमार्थ पृथ्वी धातुलाई धातुको आँखाले जान्ने विधि हो ।

परमार्थ जल धातु, परमार्थ अग्नि धातु र परमार्थ वायु धातुमा धातुको आँखा उत्पन्न गर्ने बारे मेरो **'विज्जामग्ग दीपनी'** पुस्तक हेर्नु होला ।

धातुको आँखाले राम्ररी देख्ने बेलामा आफ्नो रूपकाय, स्कन्ध शरीर, अरूको रूपकाय, स्कन्ध शरीर, बाहिरको रूपस्कन्धलाई धातुको आँखा जति जति विशाल हुन्छ सोहीअनुसार नियालेर हेर्दा उत्पत्ति र विनाश निरन्तर रूपमा भइरहेको देखिन्छ । रूपको ढिक्का सबै केही सार नभएको पानीको फिंजजस्तै हुन् भनी भगवान्‌ले प्रकाश गर्नु भएको **'फेणुपिण्डुपमं रूपं'** लाई देख्दै आउछ ।

## धातुको आँखा नहुनेको दोष (दुष्परिणाम)

कुकुर, सुंगुर, कुखुरा, पंक्षीहरूको आँखाले देख्नेभैं रूप धर्मलाई केवल पुद्‌गल सत्त्व, अङ्ग, प्रत्यङ्ग, कपाल, रौं, हात खुट्टाका नङ आदि रूपमा प्रज्ञप्ति आँखाको मात्र हेरीरहने, धातुको आँखा, नहुनेलाई *'भगवान् बुद्धलाई देख्न सक्ने व्यक्ति'* भनिन्दैन । पानीको फिंजभैं केही सार नभएको रूपस्कन्धको महान् आदिनव र यसको अनित्य, दुःख, अनात्मालाई मूल रूपमा देखाइएको छ ।



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले रूपस्कन्धलाई केही सार नभएको पीजा समान तथा महान् आदीनव दोषपूर्ण भनी बताउनुभयो । रूपस्कन्ध किन दोषपूर्ण छ त ? रूपस्कन्धमा सारतत्त्व छ भनी धारण गर्ने मूर्खजनले सारतत्त्व केही पनि भेट्टाउन नसक्ने अवस्थामा ठूलो आपत पर्नेछ । रूपस्कन्धवारे धातुज्ञान नभएका अन्धवालहरूलाई रूपस्कन्धले सारतत्त्व भएको जस्तो भान्पारि छलगरी दुःखमा पार्छ । सारतत्त्व भएको जस्तो भ्रम कसरी हुन्छ ? माथि उल्लेख गरेझैं कडापन क्रियामात्र भएको पृथ्वी धातु नामक रूपस्कन्धले असंख्य अनन्त समूह भई सण्ठान प्रज्ञप्ति आकार बनी निरन्तर खोला बगेझैं एकपछि अर्को जोडदै भएको सन्तति प्रज्ञप्तिलाई मनमा धारण गरी वस्ने भएकोले पनि आफ्नो सारहीन स्वभावलाई छोपी राख्नेछ । सारतत्त्व भएको जस्तो मनमा धारण गर्न लगाउनेछ । परमाणु प्रमाण मात्र पनि द्रव्य पदार्थमा नभएको पृथ्वी धातुलाई द्रव्य पदार्थझैं मनमा भान पारिदिन्छ । पुद्गल सत्त्व भनी ठान्छन् । नारी पुरूष भनी सम्झन्छन् । देवपुत्र देवपुत्री ठान्छन् । पृथ्वी धातु मात्र भएकालाई घोडा, हात्ती, गाई, भैंसी ठान्छन् । मानिस सम्झन्छन्, देवता ठान्छन्, इन्द्र ठान्छन्, ब्रह्मा ठान्छन् । टाउको, खुट्टा, हात, मुख, अनुहार गर्धन, छाति भनी ठान्छन् । घर विहार, विमान सम्झन्छन् । सुन, चाँदी, रत्न ठान्छन् । कपडा, वस्त्र, भाँडाकुँडा, खाट सम्झन्छन् । पहाड पर्वत सम्झन्छन् । यसरी ठान्नु समूह प्रज्ञप्तिको काम हो ।



Downloaded from http://dhamma.digital

यसरी नै सन्तति प्रज्ञप्तिले आँखा झिम्क्याउन्जेल वा विजुली चम्कुन्जेल सम्म पनि स्थिर नभई निरन्तर विनाश हुँदै गएको पृथ्वी धातुलाई आफ्नो शरीर दिन भर, वर्ष भर आयु भए सम्म हृष्ट पुष्ट भई बलवान भई बाँच्ने छ भनी भान पार्न लगाउँछ । मनुष्य, देव, ब्रह्मा सत्त्वहरू दिन, महिना, वर्ष आदि लामो समय सम्म बाँच्नुलाई साँच्चकै बाँचेको भनी ठान्छन् । यो सन्तति प्रज्ञप्तिको काम हो । वास्तमा ती समूह प्रज्ञप्ति र सन्तति प्रज्ञप्ति दुवैले जादूगरले चटक देखाई छल्नेझैं सदा छलीरहेको हुन्छ ।

अनमतग्ग संसारमा एक पटक पनि धातुको आँखा उत्पन्न नभएका अन्ध पृथकजन सत्त्वहरूले पानीको पीजा समान मूल स्वभाव धातुलाई सपनामा पनि देख्ने छैन, थाहा पाउने छैन । हुँदै नभएकोलाई भएकैझैं भान पार्ने दुई प्रकारका प्रज्ञप्तिलाई साँच्चीकै ठानी चित्त लगाइ अभिमान गरिरहन्छन् । जति पनि मिथ्यादृष्टि छन् ती सबै समूह र सन्तति प्रज्ञप्ति द्वयले उत्पन्न हुन्छ । दुश्चरित्र सबै यही दुई कारणले उत्पन्न हुन्छ, अपाय भय सबै यही दुई कारणले उत्पन्न हुन्छ । ती दुई समूह भित्रका प्रणीहरूले मिथ्यादृष्टि वृद्धि, दुश्चरित्र वृद्धि, अपाय दुर्गतिको वृद्धिलाई हित उपकार नै सम्झी मूर्खतापूर्वक चित्त ज्ञान त्यसमा लगाई दिन, महिना, वर्ष भव संसार बिताउँछन्, स्कन्ध आयु समाप्त पार्छन् । गङ्गाको बालुवा प्रमाण उत्पन्न हुनु भएका भगवान्



Downloaded from http://dhamma.digital

बुद्धहरूको शासनलाई पछाडि पार्दै छल्दै छल्दै जानेछन् । अब प्राप्त भइरहेको भगवान् बुद्धको शासनलाई पनि राम्ररी ग्रहण गर्ने विचार गर्दैन । भविष्यमा हुने बुद्धको भरोसा हुनेछ भनी ठानी अब भएको शासनलाई पछाडि ढकेल्ने विचारले त्यस्ता ज्ञान लिइ बस्छन् । यो धातुको आँखा नभएका अन्ध बालजनलाई पृथ्वी धातुलाई परमार्थ रूपमा हेर्न नजानेको कारण छकाई राखेको महान आदिनव दोषलाई देखाइएको विषय हो ।

## वायु धातुले छकाउने

यो लोकमा धातुका आँखा नभएकालाई वायु धातुले विचित्र रूपमा झुक्याउन सक्छ । एउटा कठपुतलीलाई धागोले तानी तानी नचाउँछ । दर्शकहरू पुतली साँच्चै नाचेको ठान्छन् । रूपस्कन्धलाई जीवमान सत्त्व सरह लेट्नु, बस्नु, उठ्नु, जानु, अङ्ग-प्रत्यङ्ग हल्लाउनु आदि सबै क्रिया धागोको सहाराले प्रदर्शन गरिनेझैं हाम्रो शरीरलाई वायु धातुले अनेक प्रकारले छली रहेको हुन्छ । जल स्थल तथा आकाश चरी प्राणीहरूको रूपस्कन्धलाई लोकमा रात दिन जमघट गरी देखाउँछ । चित्तको इच्छा पूर्ण गर्न काय दुश्चरित्र वची दुश्चरित्र कर्म गर्छन् । यहाँ वायु धातुको कामलाई संक्षिप्तमा दर्शाइएको हो ।



Downloaded from http://dhamma.digital

बाँकी आपो धातु, तेजो धातुलाई पनि पृथ्वी धातु जस्तै सम्भनुपर्छ ।

## वायु धातुले छल्ने कुरालाई हटाउने विधि

धातु आँखा नभई प्रज्ञप्तिलाई मात्र देखिरहेका अन्धबालहरूले सन्तति क्षेत्रमा मात्र त्यसरी हलनचलन प्रक्रिया छ भनी सम्झेका हुन् । वास्तवमा परमार्थ क्षेत्रमा त्यस्तो चल्ने क्रिया हुँदैन । परमार्थ धर्म भनेको क्रिया मात्र भएकोले अत्यन्त छोटो अवधिमै अथवा आँखा झिम्क्याउने अवधि भरमा, विजुली चम्कने अवधि भरमै अगाडि पछाडि हजारौं बार उत्पत्ति विनाश हुन्छ ।

उत्पन्न भएको एउटा परमार्थ क्षणमा चल्ने वा बदल्ने क्रिया हुँदैन । संभवतः यस्ता परमार्थ धर्ममा चल्ने परिवर्तन हुने क्रिया भएको भए धर्म पनि परिवर्तन वा बदलनु पर्ने हो । परन्तु परमार्थ धर्ममा यस्तो परिवर्तन हुनु, बदल्नु, चल्नु वा सर्नु भन्ने क्रिया हुँदैन । एक ठाउँबाट अर्को ठाउँमा सर्नु भन्ने अणु प्रमाण पनि यसमा हुँदैन । उत्पत्ति र विनाशको बीचमा आकाश धातु हुन्छ । उत्पत्ति र विनाशको सामुहिक प्रक्रियामा पहिलो र पछिल्लो लाखौं करोडौं असंख्य स्वभाव धर्म समूहलाई छाडी फलानो वस्तु वा फलानो काम भनी भ्रमपूर्वक एक रूपले हेर्ने भएकोले समूह सन्तति क्षेत्रमा मात्र सर्नु चल्नु आदि भएको हो । यसरी धातुको ज्ञान नभएकाहरूलाई वायु धातुले जादूलेझैं छल्ने भएता पनि



Downloaded from http://dhamma.digital

धातुको आँखा भएकाहरूलें त्यसलाई हटाउँछन् । यसरी धातु आँखाले मात्र वास्तविकता देख्न सकिन्छ । अझ त्यति सूक्ष्माति सूक्ष्म रूपले देख्न नसके पनि आफ्नो शरीर एक घण्टाभित्र धातुको *'मरण हुनु', 'निरोध हुनु'* लाई मात्र देख्न सकेमा पनि अनित्य धातुको आँखा भएको व्यक्ति भनिन्छ । यो रूपस्कन्धको महान आदीनव दुःखलाई देखाइएको कुरा हो ।

## पीजासमान रूपस्कन्धको दोष

तथागतको देशनाअनुसार कुनै सार नभएको पीजा समान रूपस्कन्ध कसरी अनित्य छ भनी देखाउन माथि उल्लेखित अति कडा स्वभावको पृथ्वी धातु फलामको ढिक्काको उदाहरण दिएको हो । त्यस्तै पृथ्वी धातुको सबभन्दा सूक्ष्म अवस्थाको अनित्य लक्षणलाई पानीको फिंज समान सार नभएको भावलाई चिन्तन मननले भए पनि थाहा पाउन चन्द्रमाको तेज खोलाको पानीको उदाहरण दिइएको हो । सार नभएको र स्थिर नभएको भन्नु एउटै कुरो हो । रूपस्कन्धको अनित्य लक्षणबारे केही विस्तृत रूपमा वुझ्न चाहेमा 'विज्जामग्ग दीपनी' र 'आहार दीपनी' मा पनि हेर्न सक्नु हुन्छ ।

"अनत्ता असारकट्ठेन" भन्ने पालिअनुसार 'फेणपिण्डुपमंरूपं' भन्ने पालिमा अनत्त लक्षणलाई सोझैं



Downloaded from http://dhamma.digital

देखाइएको हो । तसर्थ पानीको पीजासमान भनी तथागतले बताउनुभएको केही सार नभएको असार, अनित्य र अनात्मा यी तीनवटालाई एकै किसिमले देखाइएको हो । यी तीन कुरालाई कसरी एकै किसिमले देखाइएको छ ?

रूप भनेको आँखा झिम्क्याउने समय प्रमाण पनि विनाश नभई दृढरूपले स्थिर भई बस्न सक्ने धर्म होइन । आगोको ज्वाला भएको रूप कलापमा भएको पृथ्वी आदि सात रूप सहजात (संगसंगै उत्पन्न भएको) अग्नि धातुले क्षण क्षणमै भष्म गर्ने भएकोले समस्त रूपकलाप सहजात अग्निले जलाई क्षण क्षण मै विनास भएर जाने स्वभावको हो । समस्त रूप कलापमा कडा पृथ्वी रूप सहजात तेजोको आहार हुन् ।

१) दियोमा बल्ने सलेदो भएमा मात्र दियो बलिरहन्छ ।

२) सलेदो राम्ररी बलेमा मात्र बत्तिको चम्कने स्वभाव हुन्छ ।

३) सलेदो जम्मै आगोले सल्केर जाने स्वभावको हो ।

सहजात पृथ्वीलाई स्थिति अवस्थामा पुगेपछि सहजात तेजो धातुले राम्ररी सल्काइ दिन्छ । सल्के पछि आगो राम्ररी बल्छ । राम्ररी बल्नु भनेको शाखा प्रशाखा रूप कलाप उत्पन्न हुनुलाई भनिएको हो । तसर्थ सहजात अग्नि भय सधैं रहिरहने भएकोले समस्त रूप कलाप सत्र क्षण आयु भन्दा वढी आँखा झिम्क्याउने अवधि प्रमाण पनि स्थिर भई रहन सक्दैन । त्यो राम्ररी बलियो सार पदार्थ



Downloaded from http://dhamma.digital

होइन । सार पदार्थ नभएकोले त्यो नित्य, ध्रुव, स्थावर हुन सक्दैन । बरू साँच्चै अर्थमा अनित्य नै हुन् । लोकमा 'अत्त'(आत्मा) पुद्गल अथवा सत्त्वको बलियो सारत्त्वलाई भनिएको हो । बलियो सार भएको अत्त दीर्घकालसम्म रहुन्जेल पुद्गलसत्त्व दीर्घकाल सम्म रहेको भनिन्छ । अत्त मरेपछि मात्र '*पुद्गल मर्‍यो', सत्त्व मर्‍यो'* भनिन्छ । पुद्गल मरे पछि अत्त मरेको भनिन्छ । पुद्गल सत्त्व सय वर्ष बाँचेमा अत्त पनि सय वर्ष नै रहेको ठान्छन् ।

तसर्थ यो अत्त सारलाई देखाइएको कुरो हो । माथि उल्लेखित कडापन क्रिया मात्र भएको पृथ्वीलाई पुद्गलले आफ्नो अत्त(आत्मा),सत्त्वको अत्त भनी धारण गर्छन् । पुद्गलको सार, सत्त्वको सार भनी धारण गर्छन् । धारणा यसरी गर्छन् – पुद्गल सत्त्व केलाई भन्ने भनी सोद्धा रूपस्कन्धलाई *'म म'* भनी देखाउँछन् । उसले रूपस्कन्धलाई पुद्गल, सत्त्व, म भनी देखाउँछन् । रूपस्कन्ध भनेको *'पुद्गल, सत्त्व, म'* बाचुन्चेल सार भएको हो भनी सोद्धा *'हो'* भन्ने उत्तर दिन्छन् । रूपस्कन्ध बाँचुन्जेल उसको पुद्गल, सत्त्व, म बाँचि रहेछु भनी दृष्टान्त देख्छन् ।

रूपस्कन्ध विनाश हुनासाथ नै पुद्गल, सत्त्व, म विनाश हुनेछ भन्छन् । पुद्गल, सत्त्व एक जन्मको प्रारम्भमा एक पटकमात्र उत्पत्ति हुन्छ अर्थात् प्रतिसन्धि हुने गर्छ, अन्तमा एक पटक मात्र विनाश अथवा मरण



Downloaded from http://dhamma.digital

हुन्छ भनी ठान्छन् । रूपस्कन्ध पनि एक जन्ममा एक पटक मात्र उत्पन्न हुने वा प्रतिसन्धि हुने हो त ? अन्तमा पनि एक पटक मात्र मुत्यु हुने हो कि भनी सोध्नुपर्दछ । त्यस बखत रूपस्कन्ध पनि एक जन्ममा प्रारम्भमा एक पटक मात्र उत्पन्न हुन्छ भनी भन्छन् । धातुको ज्ञान नभएका अन्ध बालजनहरूले रूपस्कन्धलाई अत्तसार भनी कोरा किसिमले लिने यो धारणा हो । वर्ष दिनमा पुद्गल वर्ष भर स्थिर भई बसेमा रूपस्कन्ध पनि वर्ष दिन भरी नै बस्छ कि, आदि इत्यादि रूपले सोद्धै सोद्धै घण्टा, मिनेट र आँखा झिम्क्याउने अवधि प्रमाणसम्म सोध्नुहोस् । हात, खुट्टा चलाउने आदि लोकदृष्टिले गतिशील क्रियालाई पनि एक एक क्रियालाई भाग भाग गरी सोध्नुहोस् । जति पटक सोधे पनि स्थिर भई बस्छ भनी जवाफ दिन्छन् । यो मध्यस्थ रूपले लिएको धारणा हो ।

धातु आँखा उत्पन्न भएकाहरूसँग सोधेमा एक एक रूपस्कन्ध एक घण्टा, एक मिनेट, एक चुट्की भरको कुरा त परै जावोस् विजुली चम्कने क्षण भर पनि स्थिर नभएको बनाउँछन् । उसले एक आसनभित्र धेरै पटक धातुको मरण देख्नेछन् । रूप र पुद्गल मिलाई मोटा मोटी रूपमा सोध्नु, मध्यम रूपमा सोध्नु, दुवैमा पुद्गल स्थिर भएझैं रूपस्कन्ध स्थिर हुन्छ कि भनी सोध्दा स्थिर भई बस्ने छैन भनी जवाफ दिन्छन् । अज्झत (भित्रको) सन्तानमा पनि ज्ञानले राम्ररी



Downloaded from http://dhamma.digital

नियालेर हेरी यथार्थरूपले उत्तर दिएमा *'अनात्मा धातुको आँखा उत्पन्न भएको'* भनिन्छ । यसरी देख्ने अवस्था रूपस्कन्ध पुद्गल सत्त्वको सारभूत, आधारभूत, द्रव्यभूत, कुटस्थ अत्त हुन सक्ने कुरा त त्यतिकै रहोस्, पुद्गल सत्त्व भनी देख्न समेत सक्दैनन् । यो रूपस्कन्ध पीजा( फिंज) समान भनी वताउनु भएको अर्थ अस्पार, अनित्य, अनत्त तीनवटालाई एउटै किसिमले देखाउनु भएको हो ।

केही सार नभएको पीजा समान भनी तथागतले देशना गर्नु भएअनुसार रूपस्कन्ध दुःखलाई कसरी देखाउनुभयो त भन्ने प्रश्नको प्रत्युत्तरमा 'भयट्ठेन दुक्खं' भनी वताउनु भएको छ । सार नभएको धर्ममा जो आसक्त हुन्छ त्यसलाई दुःख धेरै हुन्छ । त्यसरी सार नभएको त्यो धर्म भयावह भएकै कारणले 'दुःख धर्म' भनिन्छ । असार, अनिच्च, अनत्तको रूपमा रहेको पृथ्वी धतुलाई टाउकोको अङ्ग, आँखा, कान, नाक, मुख, दिमाग, घाँटी, कलेजो, मुटु इत्यादि अङ्गको रूपमा लिई आसक्त भएकोले जीवन यापन गर्ने दुःख भय सधैं रहिरहेको हो । पृथ्वीमा भएका पानीमा भएका, आकाशमा उड्ने सत्त्वहरूको जीविका गर्नुपर्ने भय सधैं रहिरहेको देखी थाहा पाउन सकिन्छ । जीविका गर्नुपर्नेजस्तो महान् अपाय दुःख अर्को छैन । यो केही सार नभएको पानीको फिंज समानको पृथ्वी धातुलाई शरीर ठानी टाँसिएकोले अनादि संसारदेखि भोग्दै आएको प्रत्यक्षरूपमा देख्न सकिने दुःख भयलाई यसरी देखाइएको



Downloaded from http://dhamma.digital

कुरा हो । माथि उल्लेखित आदीनव दुःख पनि पृथ्वी धातुकै दुःख हो । यसको अतिरिक्त दुःखको विषयमा 'आहार दीपनी', 'अनत्त दीपनी' र 'चतुसच्च दीपनी' पुस्तक पनि हेर्नुहोला । एवं प्रकारले जलधातु, अग्नि धातु र वायु धातुमा पनि यसरी नै वुझ्नुपर्छ ।

## चार महाभूत सर्प समान

यहाँ 'चतारो आसीविसा घोरविसा उग्गतेजाति खो भिक्खवे, चतुन्नेतं महाभूतानं अधिवचनं' भन्ने पालिलाई देखाइएको कुरा भयो ।

"भिक्षुहरू ! हलाहल विषधारी, घोर विषधारी महान् शक्तिसम्पन्न चार प्रकारका सर्पराज भनेको चार महाभूतका नाम हुन् ।

## चार सर्प नागराजहरूको विशेषता

१. पत्थद्धो भवति कायो डट्ठो कट्ठमुखेनसो
पथवी धातु पकोपेन होति कट्ठमुखेवसो ।
२. पूतिको भवति काये डट्ठोपूतिमुखेनसो
आपोधातुपकोपेन होति पूति मुखेवसो ।
३. सन्तो भवति कायो डट्ठो अग्गि मुखेनसो
तेजोधातु पकोपेन होति अग्गि मुखेवसो ।
४. सञ्छिन्ने भवति कायो डट्ठोसत्थ मुखेनसो
वायुधातु पकोपेन होति सत्थमुखेवसो ।

- *अट्ठकथा पालि*



Downloaded from http://dhamma.digital

१. सत्त्व प्राणीलाई कत्थमुख सर्पले डसेमा उसको शरीर काठभैंं कडा भई मृत्यु हुनेछ। यसरी नै सत्त्व प्राणीको शरीरमा पृथ्वी धातु प्रकोप भएमा उसको शरीर सर्पले डसेको शरीरभैंं कडा भई उसको मृत्यु हुनेछ।

२. सत्त्व प्राणीलाई पूतिमुख सर्पले डसेमा उसको शरीरको विभिन्न द्वारबाट दुर्गन्ध फोहर बगी मृत्यु हुनेछ। त्यसरी नै सत्त्व प्राणीको शरीरमा आपो धातुको प्रकोप भएमा पूतिमुख सर्पले टोकेकोभैंं उसको शरीरबाट दुर्गन्ध फोहर बगी उसको मृत्यु हुनेछ।

३. सत्त्व प्राणीलाई अग्गिमुख सर्पले डसेमा उसको शरीर दाह भई छट्पटिइ मृत्यु हुनेछ। त्यसरी नै सत्त्व प्राणीको शरीरमा तेजो धातुको प्रकोप भएमा अग्गिमुख सर्पले डसेको शरीर भैं दाह भई छट्पटिइ उसको मृत्यु हुनेछ।

४. सत्त्व प्राणीलाई सत्थमुख सर्पले डसेमा उसको शरीर, छाती, पेट, मुटुको मुख्य मुख्य भागको नशाहरू छिन्न भिन्न भई तत्काल मृत्यु हुनेछ। त्यसरी नै सत्त्व प्राणीहरूको शरीरमा वायु धातु प्रकोप भएमा त्यसको शरीर सत्थमुख सर्पले टोकेको शरीरभैंं छाती, पेट र मुटुका मुख्य नशाहरू छिन्न भिन्न भई तत्क्षणमै मृत्यु हुनेछ।

मृत्यु होस् या नहोस् शरीर भित्र बाहिर रोग भएपछि हुने असह्य वेदनाहरू सबै ती सर्पहरूले डसेको समान हुन्। जिउ भरी व्याप्त चार प्रकारका सर्प समान चार महाभूतहरूमा



Downloaded from http://dhamma.digital

प्रतिकूल ऋतु, प्रतिकूल आहारको प्रभावले चतुर्महाभूत प्रकोप भई शरीरको सबै अङ्गमा आगोको राप निस्केकोझैं, प्रचण्ड वायुझैं, घनघोर वर्षाझैं रोग व्याधि उपद्रव उत्पन्न हुन्छ । रूपकायलाई फोट्ठबवले, नाम कायलाई फस्सले प्रभावित गरी दुःख वेदना उत्पन्न गराउँछ । टाउकोमा डसी अनेक प्रकारका रोग हुन्छ । यसरी नै छातीमा बसेका चार सर्पले छातीमा मुटुमा डसी नाना प्रकारका रोग निम्त्याउँछ । आँखामा बसेका चार सर्पले आँखामा डसी आँखाका नाना रोग उत्पन्न गराउँछ । त्यसरी नै कानमा रहेका चार धातुले कानमा अनेक रोग फैलाउँछ । नाकका महाघातुले नाकमा अनेक रोग ल्याउँछ । मुखमा भएका महामूतले मुखमा अनेक रोग उत्पन्न गराउँछ । यसरी जिउ भरी हेर्न सिक्नु पर्दछ ।

## चार महाभूत वधक (हत्यारा) समान

लोकमा रोगब्याधि हुनु, मरण हुनु सबै यही चार महाभूतको प्रकोपले नै हुन्छन् । शस्त्रले प्रहार गरी मरण हुनु भन्ने हुँदैन । चट्याङमा परी, बम पड्की, गोली लागी, तरवारले काटी, भालाले घोची, सर्प-विच्छीले टोकी मरण हुनु भन्ने हुँदैन । मरण हुनु सबै आध्यात्मिक (शरीरमा भएको) चार धातु प्रकोप भई मरण हुन्छ । बाहिरका विघ्न बाधा, अन्तराय त्यस आध्यात्मिक धातु चारलाई उत्तेजित गरी जलाइ दिने पदार्थ समान हुन् । सबै प्रकारका मरणका आध्यात्मिक



Downloaded from http://dhamma.digital

चार धातु नै निश्चय रूपमा स्थायी रूपले विद्यमान भएको वधक समान हुन् । त्यसैले संयुत्तनिकाय पालिमा यसरी उल्लेख भएको छ–

'यो भिक्खवे, पथवी धातुया, उप्प्पादो ठिति अभिनिब्वति पातुभावो, दुक्खस्सेसो उत्पादो रोगानं ठिति जरामरणस्स पातुभावो ।

यो भिक्खवे, आपोधातुया उप्पादो ठिति अभिनिब्वति पातुभावो, दुक्खस्सेसो उप्पादो रोगानं ठिति जरामरणस्स पातुभावो ।

यो भिक्खवे, तजोधातुया उप्पादो ठिति अभिनिब्वति पातुभावो, दुक्खस्सेसो उप्पादो रोगानं ठिति जरामरणस्स पातुभावो ।

यो भिक्खवे, वायुधातुया उप्पादो ठिति अभिनिब्वति पातुभावो, दुक्खस्सेसो उप्पादो रोगानं ठिति जरामरणस्स पातुभावो ।'

भिक्षुहरू ! कडा स्वभावको पृथ्वी धातुको प्रतिसन्धि कालमा उत्पन्न हुँदा जुन स्थिति, जुन अत्यन्त वृद्धि हुनु, जुन प्रादुर्भाव हुनु हो, त्यस प्रतिसन्धि कालमा पृथ्वी धातुको उत्पन्न हुनु समस्त दुःखको उत्पत्ति हुनु हो । जुन पृथ्वी धातुको स्थिति हो, त्यस प्रतिसन्धिदेखि नै अनेक रोग व्याधि



Downloaded from http://dhamma.digital

दुःख पनि उत्पन्न हुन्छ। त्यस पृथ्वी धातु प्रकट हुनासाथ प्रतिसन्धि कालदेखि जरामरणको प्रादुर्भाव हुन्छ।

भिक्षुहरू ! ढिक्का बन्ने, बग्ने स्वभावको आपो धातुको प्रतिसन्धि कालमा उत्पन्न हुँदा जुन स्थिति, जुन अत्यन्त वृद्धि हुनु, जुन प्रादुर्भाव हुनु हो त्यस प्रतिसन्धि कालमा आपो धातुको उत्पन्न हुनु समस्त दुःखको उत्पत्ति हुनु हो। जुन आपो धातुको स्थिति हो त्यस प्रतिसन्धिदेखि नै अनेक रोग व्याधि दुःख पनि उत्पन्न हुन्छ। त्यस आपो धातु प्रकट हुनासाथ प्रतिसन्धिकाल देखि जरामरणको प्रादुर्भाव हुन्छ।

भिक्षुहरू ! तातो चीसो स्वभावको तेजो धातुको प्रतिसन्धिकालमा उत्पन्न हुँदा जुन, स्थिति, जुन अत्यन्त वृद्धि हुनु, जुन प्रादुर्भाव हुनु हो, त्यस प्रतिसन्धि कालमा तेजो धातुको उत्पन्न हुनु समस्त दुःखको उत्पत्ति हुनु हो। जुन तेजो धातुको स्थिति हो त्यस प्रतिसन्धि देखि नै अनेक रोग व्याधिको दुःख पनि उत्पन्न हुन्छ त्यस तेजो धातु प्रकट हुनासाथ प्रतिसन्धि कालदेखि जरामरणको प्रादुर्भाव हुन्छ।

भिक्षुहरू ! चल्ने, सहायता दिने, बहन गर्ने, ढकेल्ने स्वभावको वायु धातुको प्रतिसन्धिकालमा उत्पन्न हुँदा जुन स्थिति, जुन अत्यन्त वृद्धि हुनु, जुन प्रादुर्भाव हुनु हो, त्यस प्रतिसन्धि कालमा वायु धातुको उत्पन्न हुनु समस्त दुःखको उत्पत्ति हुनु हो। जुन वायु धातुको स्थिति हो त्यस



Downloaded from http://dhamma.digital

प्रतिसन्धि देखि नै अनेक रोग व्याधिको दु:ख पनि उत्पन्न हुन्छ । त्यस वायु धातु प्रकट हुनासाथ प्रतिसन्धिकाल देखि जरामरणको प्रादुर्भाव हुन्छ ।

यी सत्त्वहरूमा प्रतिसन्धिकालमा चार महाभूतको उत्पत्ति हुनासाथ नै वर्तमान जन्ममा दु:ख भोग गर्नुपर्ने सारा दु:ख उत्पन्न भयो भनी भनिएको हो । सानो-ठूलो सारा रोग स्थापना भयो भनिएको हो । फेरी जरामरण सबै प्रकट भयो भनिएको हो । जुन बखत यस्ता स्वभावलाई जस्तो छ त्यस्तो नै देख्छ त्यस सर्पहरूलाई आसीविष, घोरविष, उग्रतेज भन्न सुहाउँदैन । वास्तवमा ती सर्पहरू भन्दा पनि महान शक्तिशाली गरुड, देव, इन्द्र, ब्रह्माहरूको तर्फबाट पनि मुक्त हुन नसक्ने गरी दु:ख कष्ट दिइ रहेका आध्यात्मिक चार महाभूतलाई नै आसीविष, घोरविष, उग्रतेज भन्न सुहाउँछ । त्यसैले "चत्तारो आसीविसा घोरविसा उग्गतेजा'ति खो भिक्खवे, चतुन्नेतं महाभूतानं अधिवचनं" भनी बताउनु भएको हो ।

यो देशनाअनुसार चार महाधातु नै रूपस्कन्धको अति भयावह दु:ख लक्षण हो भन्ने कुरा राम्ररी प्रकट हुन्छ । यस्तो विरुद्धको कारणसँग सामना गर्नु पर्दा आफ्नो पहिलेको अवस्था तुरुन्तै छोडी दिन्छ ।

पृथ्वी काठझैं विपरीत हुनु, आपोको सडेर बग्नु, तेजोको बल्नु, वायुको छुट्टिएर जाने स्वभाव– यी सबै पानीको



Downloaded from http://dhamma.digital

फिंजझैं केही सार नभएको असार मात्र हुन् । त्यसैले 'फेणपिण्डूपमं रूपं' भनी बताउनुभएको हो ।

## चार धातु भावनाको पूर्ण अवस्था

'रूप अट्ठवीस' भनिए जस्तै रूपस्कन्ध अट्ठाइस (२८) प्रकारका भएता पनि चार धातुलाई मात्र देखाइएको छ । यसरी चार महाभूतलाई मात्र देखाउनुको कारण ती धातु चारवटाले नै विपस्सना कृत्य पूर्ण हुन सक्ने भएकोले हो भनी चतुक्क अंगुत्तरपालिमा यसरी बताउनु भएको छ –

१. अथ खो आयस्मा राहुलो येन भगवा तेनुपसङ्कमि, उपसङ्कमित्वा भगवन्तं अभिवादेत्वा एकमन्तं निसीदि । एकमन्तं निसिन्नं खो आयस्मन्तो राहुलं भगवा एतदवोच –

२. "या च, राहुल, अज्झतिका पथवीधातु या च वाहिरा पथवीधातु, पथवीधातुयेवेसा । तं नेतं मम, नेसोहमस्मि, न मेसो अत्ता'ति, एवमेतं यथाभूतं सम्मप्पञ्ञाय दट्ठब्बं । एवमेतं यथाभूतं सम्मपञ्ञाय दिस्वा पथवीधातुया निब्बिन्दति, पथवी धातुया चित्तं विराजेति ।"

३. "या च, राहुल, अज्झतिका आपोधातु या च बाहिरा आपोधातु, आपोधातुयेवेसा । तं नेतं मम,



Downloaded from http://dhamma.digital

नेसोहमस्मि, न मेसो अत्ता'ति, एवमेतं यथाभूतं सम्मप्पञ्ञाय दट्ठब्बं। एवमेतं यथाभूतं सम्मपञ्ञाय दिस्वा आपोधातुया निब्बिन्दति, आपोधातुया चित्तं विराजेति।"

४. "या च, राहुल, अज्झत्तिका तेजोधातु या च बाहिरा तेजोधातु, पथवीधातुयेवेसा। तं नेतं मम, नेसोहमस्मि, न मेसो अत्ता'ति, एवमेतं यथाभूतं सम्मप्पञ्ञाय दट्ठब्बं। एवमेतं यथाभूतं सम्मपञ्ञाय दिस्वा तेजोधातुया निब्बिन्दति, तेजोधातुया चित्तं विराजेति।"

५. "या च, राहुल, अज्झत्तिका वायोधातु या च बाहिरा वायोधातु, वायोधातुयेवेसा। तं नेतं मम, नेसोहमस्मि, न मेसो अत्ता'ति, एवमेतं यथाभूतं सम्मप्पञ्ञाय दट्ठब्बं। एवमेतं यथाभूतं सम्मपञ्ञाय दिस्वा वायोधातुया निब्बिन्दति, वायोधातुया चित्तं विराजेति।"

६. "यतो खो, राहुल, भिक्खु इमासु चतूसु धातुसु नेवत्तानं न अत्तनियं समनुपस्सति, अयं वुच्चति, राहुल, सम्मदसो भिक्खु अच्छेज्जि तण्हं विवट्टयि संयोजनं, सम्मा मानाभिसमया अन्तमकासि दुक्खास्स'ति।"



Downloaded from http://dhamma.digital

अर्थ–त्यस बखत आयुष्मान् राहुल जहाँ भगवान् बुद्ध विराजमन् हुनुभएको छ त्यहाँ जानुभयो । एक छेउमा बसेका आयुष्मान् राहुललाई भगवान्‌ले यसरी आज्ञा गर्नुभयो–"राहुल ! अध्यात्मिकमा भएको जुन पृथ्वी धातु हो र बाहिरको जुन पृथ्वीधातु हो, यी दुवै पृथ्वी धातु हो र बाहिरको जुन पृथ्वी धातु हो, यी दुवै पृथ्वी धातु पृथ्वी स्वभाव मात्र हुन् । यी दुवै पृथ्वी धातु मेरो होइन, म होइन, मेरो आत्मा होइन । यसरी यी दुवै पृथ्वी धातुलाई जस्तो छ त्यसरी नै विपस्सना प्रज्ञाले राम्ररी हेर्नुपर्दछ । यसरी यी पृथ्वीधातुलाई यथार्थरूपमा विपस्सना प्रज्ञाले राम्ररी देखेमा पृथ्वी धातुप्रति वैराग्य उत्पन्न हुनेछ । पृथ्वी धातुमा चित्त आसक्त हुने छैन ।

राहुल ! आध्यात्मिकमा भएको जुन आपो धातु हो र बाहिरको जुन आपो धातु हो, यी दुवै आपो धातु आपो स्वभाव मात्र हुन् । यी दुवै आपो धातु मेरो होइन, म होइन, मेरो होइन, मेरो आत्मा होइन । यसरी यी दुवै आपो धातुलाई जस्तो छ त्यसरी नै विपस्सना प्रज्ञाले राम्ररी हेर्नुपर्दछ । यसरी यी आपो धातुलाई यथार्थ रूपमा विपस्सना प्रज्ञाले राम्ररी देखेमा आपो धातुप्रति वैराग्य उत्पन्न हुनेछ । आपो धातुमा चित्त आसक्त हुने छैन ।

राहुल ! आध्यात्मिकमा भएको जुन तेजो धातु हो र बाहिरको जुन तेजो धातु हो, यी दुवै तेजो धातु आपो



Downloaded from http://dhamma.digital

स्वभाव मात्र हुन् । यी दुवै तेजो धातु मेरो होइन, म होइन, मेरो होइन, मेरो आत्मा होइन । यसरी यी दुवै तेजो धातुलाई जस्तो छ त्यसरी नै विपस्सना प्रज्ञाले राम्ररी हेर्नुपर्दछ । यसरी यी तेजो धातुलाई यथार्थ रूपमा विपस्सना प्रज्ञाले राम्ररी देखेमा तेजो धातुप्रति वैराग्य उत्पन्न हुनेछ । तजो धातुमा चित्त आसक्त हुने छैन ।

राहुल ! आध्यात्मिकमा भएको जुन वायु धातु हो र बाह्रिरको जुन वायो धातु हो, यी दुवै वायु धातु आपो स्वभाव मात्र हुन् । यी दुवै वायु धातु मेरो होइन, म होइन, मेरो होइन, मेरो आत्मा होइन । यसरी यी दुवै वायु धातुलाई जस्तो छ त्यसरी नै विपस्सना प्रज्ञाले राम्ररी हेर्नुपर्दछ । यसरी यी वायु धातुलाई यथार्थ रूपमा विपस्सना प्रज्ञाले राम्ररी देखेमा वायु धातुप्रति वैराग्य उत्पन्न हुनेछ । वायु धातुमा चित्त आसक्त हुने छैन ।

राहुल ! जब भिक्षुले चार धातु सार नभएको आत्मा नभएको नभएकोलाई राम्ररी देख्दछ । राहुल ! त्यसरी देख्न सक्ने भिक्षुलाई राम्ररी देखेको भिक्षु भनिन्छ । उसको तृष्णा क्षीण भयो, संयोजन प्रहीण भयो । मानलाई राम्ररी हटाउन सक्ने भएकोले उसले अनेक प्रकारको दुःख अन्त गर्न सक्छ ।

'पथवीयेवसा' भन्ने पालिको अर्थ यसरी बभ्नुपर्छ– पृथ्वी, जङ्गल, पहाड इत्यादिमा भएको बाहिर पृथ्वी पनि मेरो होइन, म पनि होइन, मेरो आत्मा पनि होइन भन्ने कुरा



Downloaded from http://dhamma.digital

स्पष्ट छ। यसरी नै आफूमा भएको कडापन क्रियालाई पनि मेरो होइन, म होइन, मेरो आत्मा होइन भनी ज्ञानले राम्ररी देख्नुपर्दछ। पृथ्वी दुवै समान रूपले बुझ्नुपर्छ। आध्यात्मिक पृथ्वीलाई पुद्गल, सत्त्व, म ठान्नु हुँदैन। मेरो भनी सम्झनु हुँदैन। मेरो आत्मा भनी सम्झनु हुँदैन। यसरी स्पष्टरूपले आज्ञा गर्नुभएको छ।

यो फेणपिण्डूपमंरूपं भन्ने देशनालाई गरिएको काण्ड हो।

## वेदनाखण्ड आदिको प्रकाशन

## तृष्णा निरोध भएको निर्वाण तिर लैजाने प्रतिपदा

इन्द्रले भगवान् बुद्धसँग सोधेंको प्रश्न

भन्ते भगवा, कित्तावता तण्हा सङ्ख्यविमुत्तो होति ?

अर्थ –भन्ते भगवान् ! कति प्रकारको आचरणद्वारा तृष्णा निरोध भएको निर्वाणमा पुग्न सकिन्छ ?

भगवान् बुद्धले आज्ञा गर्नुभयो –

यं किञ्चि सुखं वा दुक्खं वा अदुक्खमसुखं वा वेदियतं अत्थि तासु वेदनासु अनिच्चानुपस्सी विहरति तासु वेदनासु अनिच्चानुपस्सी विहरन्तो लोके किञ्चि न उपादियति, अनुपदियन्तो न परितस्सति अपरितस्सन्तो



Downloaded from http://dhamma.digital

पच्चतञ्ञेव परिनिब्बुतो भवति देवानमिन्द यत्तावता तण्हासङ्खयो विमुत्तो होति ।

अर्थ–देवराज इन्द्र ! जति पनि सुख भइरहेको, दुःख भइरहेको, सुख दुःखबाट अलग्ग उपेक्षा भइरहेको अनुभवहरू छन् । ती तीन प्रकारका वेदना अनित्य छन् भनी बारबार अभ्यास गरी विहार गर्छन, ती तीन प्रकारका वेदनामा अनित्य भनी वार वार अभ्यास गर्ने व्यक्ति कुनै पनि आलम्वनमा आसक्त हुने छैनन् । आसक्ति नभएपछि प्रार्थना गर्दैनन् । प्रार्थना नगरेपछि यही जन्ममा क्लेश शान्त हुने भावमा पुगेका हुन्छन् । देवराज इन्द्र ! यति आचरणले तृष्णा क्षय भएको निर्वाणमा पुग्न सकिन्छ ।

तीन वेदनामा राम्ररी अनित्य देख्न सकेमा यही जन्ममा निर्वाण प्राप्त हुन्छ ।

(तण्हासङ्खय सुत्त पालि)

## तीन प्रकारका वेदनामा अनित्य भावना गर्ने विधि

अब तीन प्रकारका वेदनामा अनित्य भावना गर्ने विधि वताउँछु । तीन वेदना मध्ये दुःख वेदना सबभन्दा बढी प्रकट हुन्छन् । त्यसैले सर्वप्रथम दुःख वेदनामा अनित्य भावना गर्ने विधि बताउँछु । दुःख वेदना भन्नाले कायिक दुःख वेदना र चैतसिक दुःख वेदना गरी दुई प्रकारका छन् । यी दुई प्रकारका दुःखमध्ये सहनै नसकिने पोल्ने, चीसो हुने, दुख्ने,



Downloaded from http://dhamma.digital

असाध्यै दुख्ने आदिलाई कायिक दुःख वेदना भनिन्छ । चैतसिक दुःख वेदना भन्नाले हृदयमा आनन्द नहुने, विस्माद हुने, दाह हुने, मन क्लान्त हुने, मन अप्रसन्न हुने हुन् । दुई प्रकारका दुःख वेदनालाई छुट्याउने कुरा सकियो ।

फस्स पच्चया वेदना-स्पर्शको कारणले वेदना हुन्छ । त्यस त्यस शरीरको अङ्ग प्रत्यङ्गमा मानसिकमा वा त्यस त्यस आरम्मणमा घट्टन हुने कारणले वेदना नामक धातु लगातार उत्पन्न हुन्छन् ।

यो पालिको अर्थ अभिप्राय धातुको रूप आकार उपमाद्वारा स्पष्ट गर्दछु । एक जना विशेषज्ञले शीशा, गन्धक, जस्ता आदि बल्ने उत्तेजक पदार्थ धातुद्वारा मानिस जतिकै अग्लो मानिसकै आकारको एउटा विचित्रको अग्नि धातु बनाएको रहेछ । त्यस धातुमा कुनै एक पदार्थले छुनासाथ आगो झिलिक्क निस्कने रहेछ । त्यसमा नछोएपछि आगो निभेर जान्छ । त्यो अग्नि धातुको बाहिरको भागमा आगोको रापले छोएमा सूर्यको किरणले छोएमा, हावाले छोएमा, पानीले छोएमा पनि छोएको ठाउँमा त्यसरी नै आगोको झिल्का निस्कने गर्छ । जसरी ऋतु परिवर्तन हुँदा मानिसमा चार धातु प्रकोप हुन्छ, त्यसरी नै त्यो अग्नि धातुको आकृति भित्र रहेको धातु पनि उथल पुथल हुँदो रहेछ । धातु उथल पुथल हुँदा धातु एक आपसमा घट्टन भए पिच्छे आगोको झिल्को निस्कने रहेछ । मानिसले खुट्टाको अङ्ग, हातको अङ्ग, टाउकोको अङ्ग,



Downloaded from http://dhamma.digital

शरीरको अङ्ग हल्लाउने कार्य गरेझैं यो अग्नि धातुको आकृतिले पनि बस्ने, उठ्ने, हिंडने काम गर्दो रहेछ । त्यसरी उठ्ने बस्ने आदि कार्य गर्दा त्यो अग्नि धातु आकृतिको भित्र बाहिरको अङ्ग चलेको ठाउँमा आगो निस्कन्छ । त्यस आकृतिको माथि आगोको तेज, सूर्यको तेज एक साथ एकनास गरी परेमा वा एकै पटक घट्टन भएमा त्यसबाट एकनासले आगो निस्कन्छ । बाँकी अरू भित्र बाहिरको धातुको विषयमा पनि यसरी नै बुझ्नुपर्छ ।

त्यस उत्तेजित धातु आकृति भित्रको धातुहरू बल्दा दन् दन् नबली रातो हुने गरी तातो मात्र हुन्छ । सूर्यको ताप, आगोको ताप, घट्टन नभएमा त्यो आगो तत्क्षणमा निभेर जान्छ । त्यस बखत धातु पुरानै अवस्थामा बस्छ । त्यसैले त्यो आकृतिभित्र अग्नि धातु उत्पन्न भएता पनि त्यो अग्नि धातु त्यस आकृतिसित सम्बन्धित विषयवस्तु होइन । क्षण क्षणमा उत्पन्न भई बिलाएर जाने राम्ररी छुट्याई लिन सक्नुपर्छ । यो धातु आकृतिको उपमा हो ।

उपमेय्य यस प्रकार छन्–सत्त्वको स्कन्ध देह मानिस आकारको धातु आकृति समान हुन् । सत्त्वको स्कन्ध देहमा पैतलादेखि टाउकोको कपालको टुप्पोसम्म भएको रूपस्कन्ध समूह भनेको त्यस धातु आकृतिमा रहेको धातु तत्त्व समूह समान हुन् । त्यस धातु आकृतिमा कुनै अर्को पदार्थले छुन दिनु सत्त्वहरूको स्कन्ध देहमा कुनै अर्को पदार्थले छोइ



Downloaded from http://dhamma.digital

घट्टन हुने वा स्पर्श हुने सरह हुन् । त्यो धातु आकृतिमा जहाँ भए पनि बाह्य पदार्थले छुनासाथ झिलिक्क आगो निस्कनेझैं मनुष्यको स्कन्धदेहमा जुनसुकै ठाउँमा आगोको राप, सूर्य, हवा, पानी, वस्त्र, चकटि, माटो, ढुङ्गा, ईटा, लठ्ठी, काँढा आदि जुनसुकै वस्तुले छोए पनि स्पर्श हुन्छ । पैतलाभरी एकै साथ घट्टन हुनासाथ सिङ्गो पैतलामै फस्स( स्पर्श) धातु उत्पन्न हुन्छ । **फस्स पच्चया वेदना** भनी बताउनु भएअनुसार फस्स धातु उत्पन्न भएको ठाउँमा दुःख वेदना पनि उत्पन्न हुन्छ । जिउभरी यसरी नै उँत्पन्न हुन्छ भनी बुझ्नुपर्छ । जिउभरी त्यस त्यस ठाउँ वदेना धातु उत्पन्न हुनु भनेको धातु आकृतिको उपमामा छोए छोएको ठाउँमा आगो उत्पन्न हुनु समान हुन् । त्यस धातु आकृति भित्रको धातु तत्त्व उथल पुथल भएको ठाउँमा धातु एक आपसमा घट्टन भई आगो निस्कने सरह सत्त्वको स्कन्धदेहमा पनि भित्रको चार धातु हलन चलन भएको ठाउँमा भित्रको धातु परस्पर घर्षण हुने र घर्षण भएको ठाउँमा दुःख वेदना उत्पन्न हुन्छ । धातु आकृतिमा घर्षणको चोट हराएर गएपछि आगो विलाएर गएझैं सत्त्वहरूको स्कन्धदेहमा पनि सूर्यको राप, आगोको राप आदिबाट घर्षण भएको चोट हराएर गएपछि त्यसबाट उत्पन्न भएको दुःख वेदना पनि हटेर जान्छ । विशेष गरी धातुको आकृतिमा दुई चार ठाउँमा एकै पटक आगो



Downloaded from http://dhamma.digital

निस्कन सक्छ । परन्तु सत्त्वहरूको स्कन्धदेहमा एकैपटक सो ठाउँमा वेदना उत्पन्न हुँदैन । स्कन्धको एक ठाउँमा वेदना उत्पन्न हुँदा अर्को ठाउँमा पनि वेदना उत्पन्न हुनुपर्छ भन्ने छैन । धातु आकृति र स्कन्धदेहमा यी एउटा फरक देखिन्छ। धातु आकृतिमा उत्पन्न भएको आगो क्षण क्षण मै विनाश हुँदै गएको अनित्यतालाई प्रत्यक्ष रूपले देख्न सक्नेभैं सत्त्वहरूको शरीरमा त्यस त्यस ठाउँमा हुने दुःख वेदना धातु पनि क्षण क्षणमै उत्पन्न भई क्षण क्षण मै बिलाएर जाने अनित्यतालाई स्वयं आफ्नो ज्ञानले प्रत्यक्ष रूपमा थाहा पाउन सकिन्छ।

## विशेष रूपले थाहापाउनु पर्ने कुरा

आफ्नो शरीरमा आफूलाई मन नपर्ने आरम्मण सम्मुख आई कहिले काहिं दुःख वेदना उत्पन्न हुन्छ । तर त्यो दुःख वेदना संधै रहिरहँदैन । निरन्तर रूपमा दुःख वेदना धातुमा भावना गर्न दुःख वेदना मात्रै निरन्तर भई नरहने हुँदा दुःख वेदनामा कर्मस्थान भावना राम्ररी जाने इच्छा भएका व्यक्तिले आफ्नो स्कन्धदेहमा वा शरीरको अङ्ग प्रत्यङ्गमा दुःख वेदना धातुलाई ज्ञानले थाहा पाई अभिबृद्धि गर्नुपर्दछ । कसरी ज्ञान उत्पन्न गर्ने ? आफ्नो शरीरको अङ्गमा आगोको रापले छुंदा कसरी पोल्छ, सूर्यको रापले कसरी पोल्छ, कुनै ईटा माटोको डल्लो, दाउरा, बाँस, लट्ठी,



Downloaded from http://dhamma.digital

चक्कु, भाला आदिले घोच्दा कसरी वेदना हुन्छ इत्यादि शरीर भित्र वाहिरको दुःख वेदना धातुलाई पहिले अनुभव गरिसकेको आधारमा तथा पछि पनि अनुभव हुन सक्ने विचार गरी ज्ञानले थाहा पाउनु पर्दछ। उदाहरणको रूपमा यदि पैतलामा लट्ठी वा भालाले ठूलो चोट लागेमा त्यो ठाउँमा कसरी दुख्छ, कसरी घाउ हुन्छ भनी ज्ञानले विचार गरी दुःख वेदना उत्पन्न गर्नुपर्छ। चोट लाग्नुअघि पैतालोमा दुःख कष्ट हुँदैन तर चोट लागेपछि दुखेको वेदना उत्पन्न हुने कुरा सवैलाई थाहा छ। पैतालोको बाहिरको भाग रूपस्कन्ध हो। पैतालोमा अब उत्पन्न भएको वेदना वेदनास्कन्ध हो। यसरी रूपस्कन्ध र वेदनास्कन्ध छुट्याउनु जानेको हुँदैन। त्यो दुःखको वेदना वेदनास्कन्ध हो। यसमा संज्ञास्कन्ध, संस्कारस्कन्ध, र विञ्ञाणस्कन्ध पनि वेदनास्कन्ध संगसंगै हुन्छ। यी तीन वटा स्कन्धहरू पनि वेदनास्कन्ध जस्तै उत्पत्ति विनाश हुने र वेदनास्कन्ध संगसंगै हुने धर्मता स्वभाव हुन्। त्यसैले त्यो दुखाईमा वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध र विज्ञानस्कन्ध–यी चारवटै नामस्कन्ध उत्पन्न हुन्छ। खुट्टा पैताला नामक रूपस्कन्धसँगै जोडिएपछि दुखेको ठाउँमा पाँचवटै स्कन्ध उपस्थित हुन्छ। त्यो क्षणमा, त्यो दुखेको क्षणमा वा समयमा दुखेको ठाउँमा बाहेक शरीरको अन्य भागमा रूपस्कन्ध एउटा मात्र सधैं रही रहने धर्मता स्वभाव हुन्। नामस्कन्ध चारवटा संगसंगै उत्पन्न भएता



Downloaded from http://dhamma.digital

पनि वेदनास्कन्ध मात्र सबभन्दा प्रकट रूपमा देख्न सकिन्छ। यहाँ देखाइएको क्रिया वेदनास्कन्धको क्रिया हो। यसमा दुखेको भन्ने वेदनास्कन्ध एउटालाई प्रधान रूपमा देखाएको छु।

आँखाले देख्नेझैं दुखेको वेदनास्कन्धलाई राम्ररी छुट्याई छुट्याई हेर्न सक्नुपर्दछ। पैतालो भन्ने रूपस्कन्धसँगै( वेदनालाई) मिसाउनु हुँदैन। लोकमा पैतालो दुख्यो भनी पैतालो र दुखाईलाई एउटै सम्झन्छन्। पैतालो भनेको रूपस्कन्ध र दुखाई भनेको वेदनास्कन्ध हुन् भनी स्कन्ध दुईवटालाई छुट्याएर लिन जान्दैनन्। पैतालो, रूपधर्म र देखेको, नाम धर्म हुन्। जसरी निर्मल पानीले भरेको सरोवरमा पानीमा भएका कीराहरू यताउति चलिरहेको देख्दा पानी भन्ने अर्को, कीरा भन्ने अर्कै चीज हुन् भनी आँखा हुनेले छुट्याएर हेर्न सकिन्छ, त्यसरी नै पैतालो भनेको रूपस्कन्ध अर्कै कुरो हो दुखेको भनेको नामस्कन्ध अर्कै कुरा हो भनी थाहा पाउनुपर्दछ। यो वेदनास्कन्धलाई ज्ञानले हेरेर जाने विधि हो। वेदनास्कन्धलाई ज्ञानले राम्ररी देख्न सक्ने अवस्थामा (१) वेदनास्कन्धको उदयलाई दृष्टान्तरूपले देख्ने कोशिश गर्नुपर्दछ। फेरि (२) वेदनास्कन्धको व्ययलाई पनि देख्ने कोशिश गर्नुपर्दछ। वेदनास्कन्धको उदय भन्नाले लट्ठीले जोडले प्रहार गर्दा दुःख वेदना लगातार उत्पन्न हुनुलाई 'उदय' भनिन्छ। त्यस स्थानमा भएको चोट निको हुँदा दुखाइ नहुने वा दुखेको वेदनास्कन्ध हराएर जानेलाई 'व्यय' भनिन्छ।



Downloaded from http://dhamma.digital

उदय भनेको वेदनास्कन्धको पहिलो टुप्पो भयो । व्यय भनेको वेदनास्कन्धको फेदी भयो । यो पैतालोमा दुःख वेदना उत्पन्न हुँदा उदय व्यय ज्ञान उत्पन्न हुने विधि हो ।

यसरी पैतालोमा उत्पत्ति हुने दुःख वेदनास्कन्धमा उदयव्यय ज्ञानलाई राम्ररी देख्न सकेमा सारा शरीरमा पानि सोही प्रकारले दुःख वेदनालाई ज्ञानले विचार गरी उदय व्यय ज्ञान प्राप्त गर्न सकिने छ । यस दुःख वेदनास्कन्धलाई भित्र बाहिर जिउभरी एउट सियो पनि बिसाउने ठाउँ खाली नगरी हेर्दै जानुपर्दछ ।

(दुःख वेदनामा उदयव्यय ज्ञान देखाईएको प्रसङ्ग समाप्त)

अब सुख वेदनामा उदयव्यय ज्ञान प्रकाश गरी देखाउँछु । मन पर्ने वेदनालाई सुख वेदना भनिन्छ । आफूलाई मन पर्ने वेदना हुनुलाई नै सुख भनिन्छ । गर्मी याममा पैतालो चीसो पानीले पखाल्दा चीसो पानीको स्पर्शले मनपर्ने वेदना, सुख वेदनास्कन्ध लगातार उतपन्न हुन्छ । चीसो पानीको स्पर्श सकिएपछि मन पर्ने सुख वेदना पनि हराएर जान्छ ।

१. पैतालो नामक रूपस्कन्ध वेदनासँगै एउटै रूपमा देख्ने प्रकृयालाई बिर्सन सुख वेदनालाई अलग्ग छुट्याई ज्ञानले हेर्ने कोशिश गर्नुपर्छ । फेरि

२. सुख वेदनामा पनि 'उदय' टुप्पोलाई ज्ञानले देख्न सक्ने गरी हेर्नुपर्छ । त्यसपछि



Downloaded from http://dhamma.digital

३. सुख वेदनामा 'व्यय'लाई ज्ञानले देख्न सक्ने गरी हेर्नुपर्छ।

यी तीनवटालाई उम्कन नपाउने गरी दृढतापूर्वक कोशिश गर्दै लानुपर्छ। यसरी नै शरीरको भित्र बाहिर सियोको टुप्पो बिसाउने ठाउँ प्रमाण पनि नछोडी आँखा आदि इन्द्रियद्वारा अनुभव गरिएका सुख वेदनालाई अलग्ग छुट्याई हेर्न सक्नुपर्छ। माथि उल्लेखित धातुका आकृति उपमासहित दुःख वेदनामाझैं सुख वेदनामा पनि एवं प्रकारले नै सम्झनुपर्छ।

(सुख वेदनामा उदयव्यय ज्ञान समाप्त)

## चैतसिक वेदनमा उदयव्यय ज्ञान देखाइएको विधि

अब चेतसिक दुःख वेदना र सुख वेदनामा उदयव्यय हेर्ने विधिलाई प्रकाश गर्नेछु– अनिट्ठारम्मण, अनिट्ठ(अनिष्ट) क्रिया, अनिट्ठ वस्तुसँग सम्पर्क हुँदा चित्तमा आनन्द नहुने, चित्त क्लान्त हुनुलाई चैतसिक दुःख भनिन्छ। यो दुःख वेदना छातीभित्र रहेको मुटुको रगतभित्र पनि हुन्छ। कहिले काहीँ माथिल्लो भागमा लगातार उत्पन्न भई उत्पन्न भएकै ठाउँमा निरोध हुन्छ। कहिले काहीँ दायाँ भागमा उत्पन्न भई त्यहीँ निरोध हुन्छ त कहिले काहीँ बायाँ भागमा उत्पन्न भई त्यही निरोध हुन्छ। कहिले काहीँ बीच भागमा उत्पन्न भई त्यहीँ निरोध हुन्छ। यसरी उत्पन्न हुने स्थान धेरै छन्। यहाँ



Downloaded from http://dhamma.digital

हृदयको रगत रूपस्कन्ध हो भने मन आनन्दित नहुनु वेदना स्कन्ध हो । यो स्कन्ध विभाजन गर्ने विधि हो ।

आफूलाई मनपर्ने इट्ठारम्मण (इष्टारम्मण), इट्ठवस्तु, इट्ठक्रियासँग सम्पर्क हुँदा आनन्द हुनु, हर्ष हुनुलाई चैतसिक सुख वेदना भनिन्छ । बाँकी सवै चैतसिक दुःख वेदनामा बताइएको विधिअनुसार विस्तृतरूपले बुभ्नुपर्छ ।

(चैतसिक वेदनमा उदयव्यय हेर्ने ज्ञान समाप्त)

उत्पत्ति भई घट्टन भएको इट्ठारम्मणलाई मध्यस्थ रूपले हेर्नुलाई उपेक्खा वेदना भनिन्छ । त्यो वेदना चक्खुद्वार, स्रोतद्वार, घ्राणद्वार, जिह्वाद्वार, मनोद्वार नामक पाँचद्वारमा उत्पन्न हुन्छ । आँखाले त्यस वस्तु देखिरहने अवस्थामा आँखामा लगातार उत्पन्न हुन्छ । कानले त्यस शब्द सुनिरहँदा कानमा लगातार उत्पन्न हुन्छ । नाकमा त्यस गन्ध आउने बेला नाकमा लगातार उत्पन्न हुन्छ । जिब्रोले त्यस स्वाद लिने बेला जिब्रोमा लगातार उत्पन्न हुन्छ । चित्तले त्यस त्यस आरम्मणको चिन्तना गर्दा मुटुको रगतमा लगातार उत्पन्न हुन्छ । यो उपेक्खा वेदना पनि लगातार उत्पन्न हुनु भनेको चित्तमा सधैं धारण गरी आँखाआदि पाँचद्वार, पाँच स्थानमा आलो पालो गरी निरन्तर उत्पन्न हुनु हो । जसरी रातो हुनेगरी फलामको डल्लोमा लगातार खसेको शीत तुरुन्ता तुरुन्तै बिलाएर जानेझैं त्यस त्यस स्थानमा लगातार उत्पन्न भएको



Downloaded from http://dhamma.digital

वेदना घातु पनि तुरुन्तै विनाश भएर जाने प्रकृयालाई अटुट् रूपले देख्न सक्नुपर्छ।

उपेक्खा वेदना भनेको सुखवेदना, दुःखवेदना जस्तै प्रकट रूपमा देख्न सक्ने वेदना होइन। स्कन्ध विभाजन गर्दा पनि उपेक्खा वेदनालाई राम्ररी ज्ञानले देख्न गाह्रो छ। उत्पत्ति विनाशलाई झन् देख्न गाह्रो हुन्छ। त्यसैले उपेक्खा वेदनालाई भाविता गर्ने पुद्गलले आँखामा देख्ने रूपधातुको उत्पत्ति विनाश, कानमा सुन्ने शब्द धातुको उत्पत्ति विनाश, नाकमा सुँघ्ने गन्ध धातुको उत्पत्ति विनाश, मनमा हुने आरम्मणलाई चिन्तना गरी थहापाएको (धम्मधातु) को उत्पत्ति विनाश हुनुसँग जोडी उपेक्खा वेदनाको उत्पत्ति विनाशलाई देख्नुपर्छ। अट्ठकथामा उपेक्खा वेदना भनेको प्रकट नभएको वेदना भनी भनिएको छ। त्यस वेदनालाई ज्ञानले पूर्वगम भई समाउन कठिन छ।

मिगपदवलञ्जन विधिअनुसार पक्रने वा समाउने भनेको आँखाले कुनै वस्तुलाई हेरिरहने अवस्थामा शरीर वा मनमा सुख वेदना वा दुःख वेदना उत्पत्ति हुन्छ, सुख दुःख हुने बेला आँखामा भएको वेदना निरोध भई जानेछ। आँखामा उपेक्षा वेदना हुने अवस्थामा त्यो (शरीरमा भएको) सुख दुःख वेदना निरोध भएर जाने छ। यसरी आलो पालो गरी उत्पन्न हुने धर्मता हो। यसरी हुँदा कायमा हृदय सुख दुःख उत्पन्न हुने स्पष्ट रूपले थाहा पाउन सकिन्छ। बार बार उत्पन्न



Downloaded from http://dhamma.digital

भएको सुख दुःखको बीच बीच आँखामा उपेक्षा वेदनाको उत्पत्ति र विनाश हुने स्वभावलाई ज्ञानले अनुमान गरी थाहा पाउनुपर्छ। आँखाले हेरीरहने अवस्थामा पैतालोमा उत्पन्न हुने सुख दुःख वेदनालाई राम्ररी चाल पाउन सकेमा आँखामा भएको उपेक्षा वेदना निरोध भएकोलाई ज्ञानले अनुमान गरी बभ्नुपर्छ। आँखाले देखिरहने अवस्थामा शरीरको त्यस त्यस अङ्गमा सुख दुःख उत्पन्न हुने बेलामा पनि यही रूपले थाहा पाउनुपर्छ।

यसरी नै त्यस त्यस शब्दलाई सुन्ने अवस्थामा, त्यस त्यस गन्धलाई सुँघ्ने अवस्थामा, त्यस त्यस रसको स्वाद लिने अवस्थामा, त्यस त्यस शरीरमा सुख वेदना दुःख वेदना पालै पालो उत्पन्न हुने अवस्थामा यसरी नै थाहा पाउनुपर्छ। यो भयो मिगपदवलञ्जन विधिअनुसार उपेक्खा वेदनामा उदय व्ययलाई हेर्ने ज्ञान देखाइएको विधि।

तीन वेदनामा उदय व्यय ज्ञान भन्ने अनित्य हुन् भनी दर्शाइएको संक्षिप्त विधि पूरा भयो।

माथि उल्लेखित तण्हाक्खय सुत्त व्याख्या यहीँ टुङ्गियो।

## तीन वेदना पानीको फोका समान

'वेदना पुप्फुलूपमा' भन्ने देशनामा देखाइएका पानीको फोकाको उपमालाई यहाँ सर्वप्रथम उल्लेख गर्छु। जस्तै – पानीले भरिभराउ भएको एक सरोवर वा पोखरी छ।



Downloaded from http://dhamma.digital

त्यहाँ हावा नचलेको बेला पानीका ठूल्ठूला छिटाहरू वर्षेमा त्यो सरोवरमा चाँदीका फूलले सजाएझैं पानीका फोकाहरू भरिभराउ हुन्छ । वर्षा रोकिए पछि ती फोकाहरू हराएर जान्छ, त्यहाँ पानीको सतह मात्र देखिन्छ । यसरी वर्षातमा मात्र यस्ता पानीका फोकाहरू उत्पत्ति हुन्छ र विनाश भएर जान्छ । बेगले खसेर तलको पानीसँग परस्पर जुधेको कारणले त्यहाँ पानीको फोका उठेको हो । पानीको फोका पानीमा मिसेको हावाको कारणले बनेको हो । यस्ता फोकाहरू केही सार नभएको ठोस पदार्थ नभएको कारणले तुरुन्तै विनाश भएर जान्छ । ज्ञानबुद्धि नभएको पागलले यस्ता पानीका फोकाहरू देखेपछि चाँदीका फूल सम्झी अति आनन्द लिई त्यसमा आसक्त भई रमाउँछन् । ती फोकाहरू हातले छोइ मज्जा लिन्छन् । ती फोकाहरूमा चल्न नपाउँदा त्यो पागल दिक्क हुन्छन् । त्यसैले चुप लागेर बस्न नसकी पानी पर्नासाथ सरोवरमा गई पानीको फोका हेरी रमाउँछन् ।

दिनभरी वर्षा भई बनेका पानीका फोकाहरू लगातार जम्मा गरे पनि उसले त्यसमा रत्तिभर पनि सार प्राप्त गर्न सक्दैन । त्यसको निम्ति केवल क्लान्त: मात्र हुन्छ । उसले आफ्नो पागलपनको कारणले त्यसबाट लिन सकिने प्राप्त गर्न सकिने कुनै सारतत्त्व छैन भनी थाहा हुँदैन । पानी नपरेको बखतमा पानी भएको ठाउँमा पानी खन्याई पानीको फोका जम्मा गर्नु, केही लिनु केही भएको जस्तो सम्झन्छन् ।



Downloaded from http://dhamma.digital

आफूले बनाएको पानीको फोकामा केही ग्रहण गरी लिने कुरा छ भनी आसक्त हुन्छन् । यही कारणले उसले आफ्नो टाउकोमा सकी नसकी पानीको घडा बोकी पानी खन्याई फोका बनाउने प्रयास गर्छन् । परन्तु सय वर्षसम्म बाँचे पनि यसरी पानीको फोका बनाउनमा ब्यस्त भई त्यसमा आसक्त भई मृत्यु हुन्छन् ।

यदि पानीको फोकामा केही सार भएको भए फोका उठ्ने बेला त्यसलाई जम्मा गरी पानीसम्बन्धी दुःखबाट मुक्त हुनु पर्ने हो । परन्तु पानीको फोकामा केही सार छैन भनी थाहा नभएका पागलले त्यस फोकाप्रति आसक्तिको कारण आफूलाई फोकादेखि टाढा राख्न सक्दैनन् । उसको निम्ति जीवनभर पानीको फोका बनाउने कष्ट, पीडा, दुःख रहिरन्छ । जब त्यो पागलपनबाट मुक्त हुन्छन्, त्यसपछि मात्र त्यो पानीको फोकाप्रति आसक्ति भावबाट मुक्त हुन्छन् । त्यस बखत उसको निम्ति दुःखको समूह पनि छुटेर जान्छ । यो पानीको फोकाको उपमा हो ।

## पृथक्जनहरू पागल समान

पृथक्जन मनुष्य, देव, ब्रह्माहरू पागल समान हुन् । मनुष्य, देव ब्रह्माहरूले अनुभव गर्ने सुख वेदनाहरू सबै केही सार नभएको पानीको फोका सरी हुन् । चक्षुद्वार नामक आँखा, स्रोतद्वार नामक कान, घ्रानद्वार नामक नाक, जिह्वाद्वार नामक



Downloaded from http://dhamma.digital

जिब्रो, **कायद्वार** भनेको भित्र बाहिर शरीर भरी, भनोद्वार भनेको मन, यी छ वटा द्वारहरू दह, पोखरी, सरोवर, पानीको घडा पानी बस्ने आधार समाने हुन्। रूपारम्मण, सद्दारम्मण, गन्धारम्मण, रसासम्मण, फोट्ठबबारम्मण, धम्मारम्मण नामक आरम्मण छ वटा देह आदिमा पानी परेको पानीको छिटा समान हुन्।

आँखाको वरिपरि भएका रूप आकार सवै आँखामा घट्टन हुन आउँछ। कानको आसपासमा भएका शब्द सवै कानमा घट्टन हुन आउँछ। नाकको वरिपरि भएको गन्धहरू सवै नाकमा घट्टन हुन आउँछ। जिब्रोमा परेका सवै रसहरू जिब्रोमा घट्टन हुन्छ। शरीरसँग स्पर्श भएका फोट्ठब्बारम्मण सवै शरीरको भित्र बाहिर घट्टन हुन आउँछ। मूर्खता र दक्षता इत्यादि धम्मारम्मण सवै हृदयमा घट्टन भई सरोवरमा पानीका फोकाहरू फुट्ट फुट्ट उत्पन्न हुन्छ। वर्षा रोकिएपछि ती फोकाहरू एउटा पनि बाँकी रहँदैन। त्यसरी नै चक्षु आदिबाट दृष्टि गोचर हुने त्यस त्यस द्वारमा घट्टन हुँदा मात्र त्यस त्यस द्वारमा अनुभव हुने वेदनाहरू फुट्ट फुट्ट उत्पन्न हुन्छ। त्यस त्यस आरम्मणबाट छुट्टिएपछि त्यस त्यस वेदना एउटा पनि बाँकी नरही हराएर जान्छ।

पानीको फोकाझैं हराएर गएपछि पागल व्यक्ति उकुसमुकुस भई दिक्क मानी जुरुक्क उठी पानी भएको ठाउँमा टाउको उठाई हेर्न तत्पर हुन्छ। ठीक त्यसरी नै



Downloaded from http://dhamma.digital

पृथक्जन सत्त्वहरू पनि चित्तमा रमाइलो आरम्मण नहुनासाथ छ द्वारमाभैं सुख वेदना नभएपछि उकुस मुकुस भई मन दिक्दार भई रमाइलो आरम्मणतिर लाग्न खोज्छन् । त्यसरी तत्पर हुने शक्ति बलियो भए पछि त्यो पागलले रातदिन पानी भएको ठाउँमा गई पानीको फोका बनाउनेभैं सत्त्वहरूले पनि हेर्ने आदिमा शक्ति बलवान हुँदै गए पछि आरम्मणसँग जोड्न त्यस त्यस द्वारमा वेदना उत्पन्न गर्ने प्रयास गर्छन् ।

पानीको फोकामा आनन्द लिने पागलले वर्षाकालमा पानीका फोकाहरू जति सक्यो उति वृद्धि गर्ने इच्छा गर्छन् । किनकि वर्षा सधैं हुँदैन । वर्षा नहुने बेलामा पनि त्यो पागलले पानीको फोका बनाउन पोखरी, इनार, दह, सरोवर, भाँडो आदि जहाँ जहाँ पानी हुन्छ त्यहाँ त्यहाँ पानीको फोका बनाउने प्रयास गर्छन् । त्यसरी नै आफूले इच्छाएको बखत वेदना उत्पन्न गर्न सत्त्व प्राणीहरूले राम्री केटीहरू, महारानी, देवअप्सरा, देवकन्या, लुगाफाटा गहनाहरू, सुन, चाँदी, हीरा, मोति आदि आरम्मणरूपी वस्तु संग्रह गर्ने कोशिश गर्छन् । वेदनामा आनन्द लिने सत्त्व प्राणीहरू सुख वेदना जति सक्यो उति बटुल्ने इच्छा गर्छन् । ब्रह्म, देव, मनुष्य सुख भन्नाले छ वटा द्वारबाट उत्पन्न वेदनालाई नै भनिएको हो ।



Downloaded from http://dhamma.digital

राम्री राम्री आइमाईहरू, महारानी, देवअप्सरा, लुगा, गहना, सुन, चाँदी, हीरा, मोति, महल, विमान इत्यादि आआफ्नो हक लाग्ने सविञ्ञाणक अविञ्ञाण (निर्जीव) सबैलाई सम्पत्ति भनिन्छ । सत्त्व प्राणीहरूले धार्मिकपूर्वक वा अधार्मिकपूर्वक जीविका गर्नु धन सम्पत्ति संग्रह गर्नु सुरक्षा गर्नुलाई नै *"संसार दुःख"* भनिन्छ ।

सुख वेदनालाई नै आफू ठानी उल्टो सुखलाई *'म'* सम्झी उल्टो सुखलाई नै सुख सम्झेको कारणले तिनीहरूले संसार दुःखलाई नै आफ्नो काम, आफ्नो विषय, आफ्नो हित ठान्छन् ।

लोकमा भएका जति पनि दुश्चरित्र कार्य आपाय दुःखवट्ट दुःख छन् ती सबै उल्टो दृष्टिले नै उत्पन्न हुन्छ । पागलले केही सार नभएको पानीको फोकामै सुख आनन्द लिने, पानीसम्बन्धी दुःखमा लागि उनको मृत्यु हुनेझैं यी सत्त्वहरू पनि केही सार नभएको सुख वेदनामा आसक्त भएको कारणले अनमतग्ग संसारमा तीन वटा मिथ्यादृष्टि नै जन्म जन्ममा बोकी मृत्युको मुखमा परीरहन्छ ।

यो पानीको फोकासमान केही सार नभएको अनित्य धर्म, दुःख धर्म र अनात्म धर्ममा आसक्त भएका सत्त्वहरूको स्वभाव र गति भयो ।

## वेदना तीन वटा चक्कुको धारझैं भनी ज्ञानले विचार गर्ने

प्राप्त गर्न अत्यन्त गाह्रो भएको बुद्धोत्पाद दुर्लभ कुनै बेला प्राप्त भएता पनि तीन प्रकारका वेदनामा आनन्द लिने मूल



Downloaded from http://dhamma.digital

स्वभाव भएका मिथ्या धारणरूपी तरवारको धारमा परेकोले भगवान् बुद्धको बुद्धपुत्र बुद्धपुत्री हुनुको सट्टा उहाँलाई पिठचूँ फर्काएर आएका छन् । यो भयो पानीको फोका समान सार नभएको अनित्य धर्म, अनात्मा धर्मलाई नै सुख ठानी रहेका सत्त्वहरूको स्वभाव धर्म ।

विद्वानहरूले यस्ता वेदनाको दुष्परिणामलाई देखी राम्रो लाउनु, मीठो खानु, राम्रो विहार, राम्रो महल, राम्रो शयनासन, राम्रो आसनमा रमाउनु, मानिसको समाजमा, श्रमण परिषद्मा शोभायमान हुनु, आनन्द लिनु आदि वेदनालाई सकभर कम गरी अव प्राप्त भएको बुद्धशासनमा बुद्धपुत्र बुद्धपुत्री बन्नको निम्ति विशेष प्रयास गर्छन् । ती प्रज्ञा ज्ञान भएका श्रमण, स्त्री पुरुषहरू मात्रै माथि उल्लेखित सत्त्वहरू हिंडेको मार्गमा नलागी बुद्धशासनमा बुद्धपुत्र बुद्धपुत्री बनी अह्य दु:ख, संसार दु:खबाट मुक्त हुन्छन् । यो वेदना स्कन्धलाई पानीको फोका समान आदीनव दोषसहित मोटामोटी रूपमा देखाइएको कुरा हो । 'अनत्तदीपनी' पुस्तकमा शूक्ष्मरूपले वेदनाको आदीनव दोष अनित्य काण्ड, दु:ख काण्डमा देखाएको छु । वेदनास्कन्ध केही सार नभएको कारणले पानीको फोका समान भनी तथागतले देशना गर्नुभएकोले वेदनास्कन्धको अनित्य दु:ख अनात्मालाई थाहापाई राख्नु पर्ने कुरा 'अनत्तदीपनी' मा पूर्ण रूपमा उल्लेख गरेको छु ।

(वेदना पुप्फुलूपमा भन्ने देशनानुरूपको व्याख्या समाप्त)



Downloaded from http://dhamma.digital

# संज्ञा स्कन्धको प्रकाशन

## संज्ञाको स्वभाव लक्षण

'मरीचिकूपमासञ्ञा' भनी देशना गर्नु भएअनुसार संज्ञाको अर्थ चिन्नु हो । आआफ्नो व्यवहार, कुल, ठाउँ र वंश परम्पराअनुसार सवै कुरामा दक्ष हुनु नै संज्ञाको लक्षण हो । धातु-देश र प्रज्ञप्ति-देश भन्ने दुई प्रकारका देशहरू छन् । धातु-देश भन्नाले नरम कडा स्वभावलाई 'पथवी धातु' भनिन्छ । ढिक्को पार्ने बग्ने स्वभावलाई 'आपो धातु' भनिन्छ । चीसो तातोलाई 'तेजो धातु' भनिन्छ । उफ्रिनु, उचल्नु, चल्नु भावलाई 'वायु धातु' भनिन्छ । आँखामा भएको स्वच्छ स्वभावलाई चक्षु धातु भनिन्छ । कानमा भएको स्वच्छ स्वभावलाई स्रोत धातु, नाकमा भएको स्वच्छ स्वभावलाई घ्राण धातु, जिब्रोमा भएको स्वच्छ स्वभावलाई जिह्वा धातु र शरीरको भित्र बाहिर रहेको स्वच्छ स्वभावलाई काय धातु भनिन्छ । वर्णलाई रूप धातु भनिन्छ । त्यस्तै शब्दलाई सद्द धातु, गन्धलाई गन्ध धातु, रसलाई रस धातु र स्पर्शलाई फोट्ठब्ब धातु भनिन्छ । यस्तो रूप धातुको समूहलाई चिन्तन मनन गरी थाहा पाउनुलाई चित्त धातु भनिन्छ । आरम्मणमा घट्टन हुनुलाई फस्स धातु । अनुभव गर्नुलाई वेदना धातु, चिन्नुलाई सञ्ञा धातु र प्रेरणा



Downloaded from http://dhamma.digital

दिनुलाई चेतना धातु भनिन्छ । कल्पना गर्नुलाई वितक्क धातु भनिन्छ । आरम्मणमा विचार गर्नुलाई विचार धातु भनिन्छ । यसरी नाम धातुको समूहलाई धातु-देश भनिन्छ ।

## प्रज्ञप्ति स्वभाव सण्ठान सन्तति

प्रज्ञप्ति-देश भनेको सण्ठान (आकार) प्रज्ञप्ति र सन्तति प्रज्ञप्तिलाई भनिएको हो । अणु, परमाणु, ठूलो, सानो, लामो, छोटो वस्तुको आकार प्रकार तथा समूहलाई एउटै ढिक्को गरी देख्नुलाई सण्ठान प्रज्ञप्ति भनिन्छ । तर स्वभाव मात्रको धातु देशमा भने यसको ठीक विपरीत यस्तो अणु परमाणु आदि सिङ्गो ढिक्कोको रूपमा भन्नुपर्ने धर्म केही पनि हुँदैन । सन्तति प्रज्ञप्ति भन्नले अगाडि पछाडि अघि र पछि गाँसी एउटै ढिक्को गरी देख्नु हो । जस्तै यो वस्तु चलिरहेछ, स्थिर छ । यो बत्ती बलिरहेछ, उठीरहेछ, बढिरहेछ, घटिरहेछ, बिलाएर गयो । यो पानी बगेर गयो, हावा एक ठाउँबाट अर्को ठाउँमा बहिरहेछ इत्यादि भनिन्छ । परन्तु धातु देशमा अगाडि पछाडि, अघि पछि लहरै गाँसी सिङ्गो ढिक्कोको रूपमा लिन सकिने धर्म कोही पनि हुँदैन । कारण आँखा झिम्क्याउने समयप्रमाण वा विजुली चम्कने समयप्रमाण पनि धातुको स्वभाव, क्रिया स्वभाव हजारौं लाखौं



Downloaded from http://dhamma.digital

पटकभन्दा बढी उत्पत्ति विनाश हुन्छ। जुन बखत ज्ञानले धातु देशलाई देख्छ त्यस बखत प्रज्ञप्ति देशसित सम्बधित सबै व्यवहार हराएर जान्छ। यसरी हुँदै नभएको, झूटो भएको हुनाले हराएर गएको हो। यसरी नरहने, नबस्ने, हराएर जांने भएकोले तुच्छ, शून्य भनिएको हो। यसरी नै प्रज्ञप्ति देशको सामु धातु देशसँग सम्वन्धित यथार्थ स्वभाव हराएर जान्छ। मिथ्यादृष्टिले मात्रै परमार्थ रूपमा विद्यमान स्वभावलाई अस्वीकार गर्छन्। संकेत भएको अनुसार पथवी, आपो, चित्त, वेदना, कडा, ढिक्को हुने, विचार गर्नु, अनुभव गर्नु इत्यादि रूपमा परमार्थको कुरा, धातुको कुरा गर्दा प्रारम्भमा परमार्थलाई प्रधान गरी शुरु गर्दा आआफ्नो चित्त अभ्यास भएको परमार्थदेशमा ज्ञान प्राप्त हुन्छ। प्रारम्भ भएको प्रज्ञप्ति-देशमा चित्त गहिरीएर बस्न सक्दैन। किनकि धातु देशमा आँखा झिम्क्याउने वा पलक मार्ने प्रमाण, विजुली चम्कने प्रमाण आयु लामो भई रहन सक्ने *'नित्य धर्म'*, *'सुख धर्म'* भन्ने केही पनि हुँदैन। प्रज्ञप्ति देशमा मात्र यस्ता नित्य, सुख, आत्मा भन्ने हुन्छ, यी दुई देशको भिन्नता हो। साधारण मानिसले जान्नु थाहापाउनु भन्ने चिनिएको संज्ञा धर्म अनमतग्ग संसारमा स्थायीरूपले विचरण गरिनु प्रज्ञप्ति-देश हो।

## मृगतृष्णा र मृगको उपमा

सुखा सरोवर, दहमा नदीको किनारको मरुभूमिमा भएको आपो धातु अत्यन्त धाम लाग्ने बेला सूर्यको तापले



Downloaded from http://dhamma.digital

सूक्ष्म पानी वाफमा परिणत भई आकाश माथि गई पानीको थोपा बन्छ । सूर्यको किरण यसमा परेपछि टाढाबाट हेर्दा पानीको तरङ्गझैं, फाँटझैं देखिन्छ । तर त्यो ठाउँमा गएर हेर्दा देखिँदैन । यसैलाई मृगतृष्णा भनिन्छ ।

गर्मी मौसममा ठूल्ठूला जङ्गल नजिकैको दह, सरोवरको पानी सुकेर जान्छ । जङ्गली मृगहरू तिर्खा मेटाउन पानीको खोजमा यताउति दौडिन्छ । अति गर्मी मध्यान्न कालमा पानी खोज्दै दहको छेउमा पुग्दा उनीहरूले मृगतृष्णा देख्छन् । मृगतृष्णालाई पानी भएको सरोवर ठानी दगुरेर हेर्न जाँदा त्यहाँ मृगतृष्णा हराएर जान्छ । त्यहाँबाट हेर्दा अर्कै ठाउँमा मृगतृष्णा देखिन्छ । फेरि त्यहाँबाट पनि मृगतृष्णा भएतिर दौडिन्छन् । प्यास मेट्ने आशाले एक ठाउँबाट अर्को ठाउँमा दगुर्दै झन् झन् प्यास वृद्धि भई शरीर क्लान्त हुन्छ । यसरी प्यासले छटपटिइ त्यो सरोवरको बीचमै उनीहरूको मृत्यु हुन्छ । यो मृग तृष्णाको उपमा हो ।

## ब्रह्मा, देव र मनुष्य तीनवटा भुवनलाई दह सरोवरसँग तुलना गरिएको कुरा

यो उपमाअनुसार ब्रह्मा, देव र मनुष्य यी तीनवटा भुवनहरू दह, सरोवर समान हुन् । ती सत्त्वहरू पानी पिउन नपाई तिर्खाएका जङ्गली मृगहरू समान हुन् । स्कन्ध देहदेखि लिएर जन्मभर देखिरहेको जङ्गल, पर्वत, जमीन, खेत, रूख,



Downloaded from http://dhamma.digital

झारपात, नगर, निगम, विहार, घर, बजार, बगैचा, जल, स्थल, आकाशचर प्राणीहरू, गृहस्थ, श्रमण, स्त्री, पुरुष आआफ्नो शरीरका विभिन्न अङ्गहरू जस्तै टाउको, हात, खुट्टा, आँखा, कान, कपाल, रौं, नङ, छाला, दाँत, आदि सबैलाई प्रज्ञप्ति देश भनिन्छ।

जसरी मृगहरू प्यासको कारणले पानीको खोजीमा मृगतृष्णालाई सरोवर ठानी दैडिरहेका हुन्छन्, त्यसरी नै यी सत्त्व प्राणीहरूले पनि खाने लाउने वस्तु, आरम्मण, कामगुण हेतुले काम गर्नु, जानु, आउनु, खोज्नु र काम सिद्ध गर्न कायकर्म, वचीकर्म तथा मनोकर्म लगातार गरिरहन्छन्। ती मृगहरू गर्मी र प्यासले सुखा सरोवरमाथि मरण हुनेझैं ती सत्त्वहरू पनि अनमतग्ग संसारमा जन्म जन्मैपिच्छे आआफ्नो वर्तमान जीवनको उन्नति, वृद्धि, भावी संसारको उन्नति गर्ने तृष्णा लिई मरण हुने हुन्छन्।

## नाम रूप जति भुवनअनुसार दिक्दार हुनलाई मात्र

यदि ती मृगहरूले आफ्नो ज्ञानले हेर्न जानेको भए यो मृगजलले हामीहरूलाई दाह हुने, जल्ने, प्यास लाग्ने तथा क्लान्तलाई निवारण गर्ने यो वस्तु होइन; यो केवल दाह हुने, पोल्ने, प्यास्य लाग्ने, क्लान्त हुनेलाई उत्तरोत्तर वृद्धि गरी मरण गराइदिने वस्तु मात्र हुन् भनी थाहापाई त्यो मृगजाललाई त्यागी साँच्चैको नदी दह खोजी नुहाउन र पानी पिउन जान्थे होला। यसरी नै यो लोकमा ज्ञानी पण्डितजनहरूले प्रज्ञा



Downloaded from http://dhamma.digital

ज्ञानले देख्न जानेको भए धातु नगर (देश) लाई यथार्थ रूपले देखी यो सार नभएको अनित्य भएको धातु स्वभाव समूह नामक संसार दुःख भन्ने दाह हुने, पोल्ने तीन तृष्णा नामक प्यास लाग्ने, शोक परिदेव आदि क्लान्त हुनेलाई मेटाउन सक्दैन । वास्तवमा त्यो दाह हुने, पोल्ने, प्यास लाग्ने क्लान्त हुने झन् झन् वृद्धि भई मरण हुने स्वभावका हुन् । त्यसैले त्यो अन्त नभएको भवचक्रमा फेरि फेरि अपाय दुःख तिर तानेर लगी घात गर्ने वस्तु नै हुन् भनी बुझी अनित्य ज्ञान, दुःख ज्ञान, अनात्मा ज्ञानद्वारा त्यस स्वभाव धर्ममा टाँसिने तृष्णा दृष्टिलाई छेदन गरी भगवान् बुद्धको शासनरूपी निर्मल स्वच्छ जलस्रोतमा (दहमा) गई नुहाई शीतल पारी प्यास मेटाउने कार्य गर्थे । संज्ञास्कन्धलाई केही सार नभएकोले मृगतृष्णा समान भनी देखाइएको कुरा संक्षेपमा समाप्त भयो ।

संज्ञास्कन्ध केही सार नभएको मृगतृष्णा समान भनी बताउनु भएअनुसार संज्ञास्कन्धको ठूलो आदीनव (दोष), संज्ञास्कन्धको अनित्य, दुःख, अनात्मलाई जङ्गली मृगहरूको उपमाद्वारा आदीनव देखाइएको कुरा पनि यहाँ राम्ररी प्रकट भयो । अनित्य, दुःख,अनात्माको बारे 'आहार दीपनी'मा देखाएको छु ।

(मरीचिकूप्पमा सञ्ञा भन्ने देशनानुरूपको व्याख्या समाप्त )



Downloaded from http://dhamma.digital

# सङ्खारस्कन्धको प्रकाशन

## भिन्न भिन्न संस्कारको स्वभाव

'संङ्खाराकदलूपमा' भन्ने देशनाअनुसार (१) चार इरियापथ (उठ्नु, हिँड्नु, बस्नु, लेट्नु,) को कार्य नामक कायकर्म सङ्खार एकथरी (२) मुखको वचीकर्म सङ्खार एकथरी र (३) चित्तको कार्य मनोकर्म एकथरी गरी जम्मा तीन थरीका छन्।

'चेतना हं भिक्खवे, कम्मं वदामि, भन्ने बुद्धवचन अनुसार चेतना चैतसिकलाई नै प्रधान गरिएको छ। सुत्ने, बस्ने, उठ्ने, आउने, जाने, टाउको, हात, खुट्टा आदि अङ्ग सञ्चालन गर्ने तथा अरू अरू कार्यसँग पनि भेद गरी देखाइएका काय कर्म धेरै नै छ। त्यस्तै वचीकर्म, मनोकर्म पनि धेरै छ। अभिधर्मअनुसार सङ्खार भन्ने ५० वटा छन्। ती ५० वटा मध्ये चेतनालाई बताइ सकेको छ। बाँकी अर्को ४९ लाई पनि चेतना जस्तै कायकर्म, वचीकर्म र मनोकर्मसहित तीन थरीलाई पनि तीन किसिमले विभाजन गर्न सकिन्छ। लोकमा प्रकट रूपमा देखिने लोभको कारण भएको कायकर्म, वचीकर्म, र मनोकर्म राम्ररी प्रकट भइरहेको छ र त्यो धेरै किसिमका पनि छन्। त्यसरी नै पाणातिपाता आदि दोषयुक्त कार्य, मानयुक्त कार्य, दिट्ठियुक्त कार्य आदि पनि राम्ररी प्रकट भइरहेको छ तथा



Downloaded from http://dhamma.digital

धेरै थरीका पनि छन् । उद्योग वीर्यको कार्य समस्त लोकमा राम्ररी प्रकट रूपले देखिन्छ, सिकाउने बताउने आदि समाजिक, धार्मिक विषयमा दक्षता बढाउने कार्य पनि राम्ररी प्रकट भइरहेका तथा धेरै प्रकारका पनि छन् ।

यो प्रकटरूपमा देखिने सङ्खार (संस्कार) लाई देखाइएको कुरा हो)

## गाहसँग सम्बन्ध राखी अभिमान चढेको कुरा

यो सङ्खार धातुले सत्त्व प्राणीहरूलाई दृढतापूर्वक आसक्त गराउने तण्हा (तृष्णा) मान, दिट्ठि (दृष्टि) नामक तीन वटा गाह• धर्मलाई अत्यन्त वृद्धि गराउँछ । सत्त्व प्राणीहरूले काय-बल, चिन्तन-बल, दक्षता-बलको आधार लिई आआफ्नो चित्तलाई फलामको खम्बाभैं, फलामको डल्लोभैं, पत्थरको खम्बाभैं पत्थरको ढिक्कोभैं कठोर भई अभिमान घमण्ड गर्दछन् । विहान बेलुकी जुनसुकै समयमा पनि सजिलै मरण हुन सक्ने मरण भय, अवीचि आदि अपाय भय, संसार भयले जति तर्साए पनि रत्तिभर पनि मनलाई बलियो नपारी अलिकति पनि संवेग उत्पन्न नगरी

---

• गाह अर्थात सस्कृतमा ग्राह वा गोही भन्ने अर्थमा आउछ । जसरी गोहीले आफ्नो पाएको शिकारलाई छोडदैन त्यस्तै किसिमले यहाँ पशुको उपमा दिएर उदाहण दिएको कुरा भयो । –सम्पादक



Downloaded from http://dhamma.digital

बस्छन् । यसरी सत्त्व प्राणीहरूलाई यो संखार धातुले छल्ने कुरो अति भयानक छ ।

मनुष्यभुवन, देवभुवन, ब्रह्मभुवनमा भएको ञाति बन्धुको गुण, धनसम्पत्तिको गुण, शूरवीरको गुण, कायबल गुण, ज्ञानबल गुण, शील गुण, बहुश्रुत गुण, परियत्ति गुण, पटिपत्ति गुण, इस्सरिय गुण, महर्द्धिक गुण, महानुभाव गुण इत्यादि गुणले गजुरको टुप्पोभैं मान वृद्धि गराई दिन्छ । सङ्खार धातुले त्यो गजुरको टुप्पोमा बसी झण्डा फहराउनेलेभैं सत्त्व प्राणीहरूको चित्तलाई सधैं फहराउने गर्छ । संसारमा सत्त्व प्राणीहरूले बुद्धसँग पनि प्रतिस्पर्धा गरी आएका छन्, धर्मसँग पनि प्रतिस्पर्धा गरी आएका छन्, सङ्घसँग पनि प्रतिस्पर्धा गरी आएका छन्, ऋषि; श्रमण सत्पुरुषहरूलाई पनि दुःख; पीडा दिई आएका छन् । लोकमा जति पनि अनन्त दुश्चरित्र, अनन्त मूर्खता, अनन्त भूल गरी आएका छन् ती सबै सङ्खार धातुकै काम हो, दिट्ठि प्रधान भएको सङ्खार धातुले गर्दा नै अपाय (दुर्गति) संसार बनेको हो ।

## केराको बोट भएको जङ्गलको उपमा

यहाँ केराको बोटको एउटा उदाहरण दिन्छु । एउटा ठूलो जङ्गलमा केराको एउटा ठूलो बगैंचा छ । केराको बोटको स्वभावलाई अलिकति पनि थाहा नपाएका पागलहरूले



Downloaded from http://dhamma.digital

केराको बगैँचामा पात नभएको केराको चिल्लो बोटलाई फलामको खम्बाभैं अति बलियो काठको खम्बा सम्भन्छन् । त्यसरी त्यो जङ्गलमा बस्दा एकराज, प्रदेशराजासँग पनि लडाई गर्न तम्सिन्छन् । हजारौं जङ्गली हात्तीहरू आएता पनि केराको बारीमा पस्न सक्दैनन् । कोही पनि शत्रुले पराजय गर्न नसक्ने सुमेरु पर्वतको टुप्पोमा रहेको अयोध्या नगर समान बलियो ठाउँ सम्भन्छन् । परन्तु केराको बाटमा सार हुने कुरा पनि त परै जावस्, बाक्लो, बलिया, बोक्रा नभएको अति नरम बोक्रा मात्र छ भन्ने कुरा उनीहरूलाई थाहा हुँदैन । पागलहरूले अभिमानपूर्वक कुरा गरी केराको बोटको बारीलाई बलियो गढ सम्भी त्यहाँ बस्छन् । यस्तो कुरो चालपाई राजाहरूले सैन्य सिपाहीहरू छोडेर ल्याउँदा तत्क्षणमै तिनीहरू सवै विनाश भई मरण हुन्छन् ।

(यो केराबारीको उपमा हो ।)

## पृथक्जन सत्त्वसँग सम्बन्ध भएको उपमेय्य

यो उपमाअनुसार सत्त्व प्राणीहरू पागल समान हुन् । स्कन्धदेह भनेको केराको बोटको वगैंचा समान हो । संखार धातु केराको बोट समान हुन् । मृत्युराज भनेको राजा समान हुन् । लोकमा भएका रोग ब्याधि आदि भित्रको (अज्भत्त) भय तथा राक्षस, भूतप्रेत, सर्प, वृक्ष, ऋतु, पक्षी, कुकुर आदि बाहिरको (बहिद्ध) भय, सैन्य, सिपाही समान हुन् ।



Downloaded from http://dhamma.digital

जसरी यहाँ पागलहरूले केराको बोटको गढलाई देवराज इन्द्रको नगरझैं सम्झी राजाहरूलाई समेत मामुलि सम्झेका छन्, त्यसरी नै सत्त्वहरूले इच्छा गरेझैं सिद्ध गर्न सकिने कायकर्म, वचीकर्म, मनोकर्म नामक संखार धातुले सत्त्व प्राणीहरूलाई झुक्याउने कारणले जन्मैपिच्छे मृत्युराज सम्मलाई पनि मामुलि सम्झन्छन् । यहाँ मृत्युराजलाई मामुलि देख्नुको तात्पर्य युवा अवस्थामा मृत्यु हुँदैन भन्ने ठान्नुलाई भनिएको हो । उमेर ढलेपछि मृत्यु हुनेलाई समेत संवेग उत्पन्न नगरी म एक जना मात्र होइन हामी सबै यस्तै हुनुपर्छ भनी मनमा सन्तोष लिइ बस्छन् । यसलाई नै मृत्युराजलाई साधारण मामुलि देखेको भनिएको हो ।

सैन्य सिपाहीहरूले शस्त्र अस्त्र प्रहार गर्ने बेला केराको बोटको गढले रोक्न नसकेझैं कुनै पनि अवस्थामा मृत्यु हुन सक्छ । जसरी माथि उल्लेख गरेझैं मृत्युराजको सैन्यहरू आउँदा विनाश हुने हो त्यसरी नै केही सार नभएको संखार धातुको पनि केही हदसम्म पनि संघर्ष गर्ने क्षमता नभएको कारणले प्रत्येक सत्त्व प्राणीको कलल अवस्थामा मात्र भएको मरणलाई गिन्ति गरेमा पनि अल्याख हुन्छ । त्यसमा पनि पीजाको अवस्थामा भएको मरण संख्या झन् अल्याख छन् । प्रतिसन्धि भइसकेपछि देखेको दिन, रात, घडी, क्षण भित्रमा मृत्यु नभएको दिन, मृत्यु नभएको रात, मृत्यु नभएको घडी,



Downloaded from http://dhamma.digital

मृत्यु नभएको क्षण एकक्षण पनि छैन । एक एक क्षणमै अनन्तवार मरण भई आएका छन् । यस्तो सूक्ष्म कुरो (धर्म) नदेखेको कारणले मृत्युलाई मामुलि सम्झेको हो ।

## अविद्यासँग नडराएकोले भय उत्पन्न

अथवा अर्को किसिमले भन्ने हो भने अविद्या भनेको राजा समान हुन् । जाति भय, जरा भय, मरण भय, शोक भय, परिदेव भय, दुक्ख भय, दोमनस्स भय, उपायास भयहरू सैन्य सिपाही समान हुन् । संखार धातुले छलेको कारणले जन्म जन्ममा अविद्यालाई मामुलि सम्झी आएका छन् । अविद्यालाई मामुलि सम्झनुको तात्पर्य अहिले भगवान् बुद्धको शासनमा ग्रन्थ अध्ययन नभएको, थाहा नपाएको, ज्ञान नभएको, अनित्य, दुःख, अनात्मालाई देख्न नसकेको, आफूसँग केही नभएको भनी थाहा पाएर पनि धन्दा नलिइ हलुका भई आनन्दले बसिरहनु नै हो । जाति भय भनेको क्लेश जाति भय, कम्म जाति भय, विपाक जाति भय गरी तीन थरीका छन् । उत्पन्न हुने अवस्था आइपुगेपछि लोभ, दोस, मान, दिट्ठि आदि क्लेश जुनसुकै बेला पनि उत्पन्न हुन्छ । यसलाई *'क्लेश जाति भय'* भनिन्छ । क्लेश उत्पन्न भएपछि दूषित कर्म पनि जुनसुकै बेला गर्न सकिन्छ । यसलाई *'कर्म जाति भय'* भनिन्छ । उत्पन्न हुने अवस्था प्राप्त भएपछि स्कन्ध देहका चक्षु रोग आदि जुन बखत पनि *'रोग भय'* हुन सक्छ ।



Downloaded from http://dhamma.digital

जुन बखत पनि मृत्यु भई अपाय आदिमा पतन हुन सक्नेलाई *'विपाक जाति भय'* भनिन्छ।

जरा भय भनेको केही नभई राम्रो अवस्थामा भएको नाम रूप स्कन्ध शिथिलभावमा पुग्ने अवस्थामा जुनसुकै बेला शिथिल हुन्छन् । यसैलाई जरा भय भनिन्छ । मरण भयको बारे माथि उल्लेख गरिसकें । *'शोक भय'* आदि पनि यसरी नै बुझ्नुपर्दछ । यी भय प्राप्त भए पछि संखार धातु केराको बोट समान केही सार नभएको कुनै संघर्ष गर्न नसकेको कारणले जे जसरी भए पनि त्यतिकै बस्नुपर्ने हुन्छ । अनमतग्ग संसारमा अविद्यलाई मामुलि देखेको कारणले त्यसो भएको हो भनी देखाइएको यो प्रशङ्ग हो।

## सत्कायदृष्टिलाई मन पराएकोले भय उत्पन्न

सत्कायदृष्टि भनेको राजा समान हो । सवै मिथ्यादृष्टि कार्य, सवै दुश्चरित्र कार्यहरू राजाको सैन्य सिपाही समान हुन् । सवै दुश्चरित्र कार्य भन्नाले मनुष्यभाव दुर्लभ र बुद्ध उत्पाद दुर्लभ भनी माथि उल्लेख गरेअनुसार पहिले पहिलेको जन्ममा, पहिले पहिलेको कल्पमा मूर्ख भएको प्रमाद भएको कारणले सत्त्व प्राणीहरूको हृदयमा नछुट्ने गरी संगसंगै भएको पुरानो अनन्त दुश्चरित्र कर्महरू र पछि पनि गरिने अनन्त दुश्चरित्र कर्मलाई नै भनिएको हो।

संखार धातुले झुक्याएको कारणले जन्म जन्मान्तरको कुरा त त्यतिकै रहोस, अब वर्तमान भगवान् बुद्धको



Downloaded from http://dhamma.digital

शासनमा पनि अपायको भाँडो, नरकको भाँडो समान भएका सत्कायदृष्टिलाई साने, तुच्छ सम्झेका छन् । जो मानिस धातु नगरमा एक पटकसम्म पनि पुगेको छैन उनीहरूले नाम धातु रूप धातुलाई नै 'पुद्गल (व्यक्ति)' सम्झेका छन् 'सत्त्व' सम्झेका छन् । चक्खुविञ्ञाण धातुलाई *'मैले देखेको'* भनी सम्झन्छन्, सोत विञ्ञाण धातुलाई *'मैले सुनेको भनी ठान्छन्'*, मनोविञ्ञण धातुलाई *'मैले चिन्तन गरेको'* भनी सम्झन्छन् । मनपराउनु आनन्द लिनुलाई *'मैले मन पराएको, मैले आनन्द लिएको'* भनी ठान्छन् । सत्कायदृष्टिमा आसक्ति हुने हुँदा राम्ररी थाहा पाउन मैले 'प्रतीत्यसमुत्पाद' शीर्षकमा विस्तृत रूपमा लेखेको छु ।

यसरी धातु नगरलाई प्रज्ञप्ति नगरको शक्तिले गर्दा प्रमाद भई बस्नुलाई सत्कायदृष्टि भनिन्छ । धातु नगरलाई प्रज्ञप्ति नगर ठानेकोले धातुको कार्य सबै नित्य, सुख, अत्त, सार रूपले देख्ने छन् । जे जति दिट्ठि, क्लेश, दुश्चरित्र उत्पन्न हुन्छन् ती सबै सत्कायदृष्टिकै कारणले उत्पन्न हुन्छ । सत्कायदृष्टि भनेको साँच्चै नै *'अपायको बीज, अपायको जरा, नरकको बीज, नरकको जरा, अवीचिको बीज, अवीचिको'* जरा हुन् । मैले देखें, मैले सुनें इत्यादि सत्कायदष्टिलाई असाध्यै मनपराई समाइराख्नु भनेको हलाहल विषधारी सर्पलाई कसैले ज्यादै मन पराई समाउनुभैं हो । अवीचि आदि नरकको



Downloaded from http://dhamma.digital

जरा समान भएको सत्कायदृष्टिलाई मामुली ठानेकै कारणले त्यसरी हुन गएको हो ।

सैन्य सिपाही समानका पुराना दुश्चरित्र कर्मले सत्त्वहरूलाई दिन रात अपाय दुर्गतिमा पतन गराउँछ । यससम्बन्धी कुरा नखसिख-सुत्त देशनमा मनुष्यभाव दुर्लभ भन्ने कुरालाई मनन गरेर पनि थाहा पाउन सकिन्छ ।

जसरी हुरी बतास चल्दा सुकेको पातहरू आकाशमा उडाउँछ त्यसरी नै जुन पृथक्जनहरू *'मै हुँ, म नै हो'* भनी अभिमानले चूर हुन्छन्, संखार धातुले तिनीहरूलाई रक्षा गर्नुको सट्टा झन उल्टो अपाय दुर्गतिमा ढकेली दिन्छ । यो सत्कायदृष्टिलाई मामुली ठानेको कारणलाई देखाइएको कुरा भयो ।

सारांशमा भन्नुपर्दा लोकमा लेट्नु, बस्नु, उठ्नु, जानु, आउनु, शरीरको अङ्ग प्रत्यङ्ग हल्लाउनु नामक *'काय कर्म'*, *'केराको बोटको जङ्गल'* झैं हो । धातु नगरलाई खोली हेरेका यी कामहरू प्रधान भएको संखार धातुकै काम हो । संखार धातुमा अणु प्रमाण पनि सारतत्त्व छैन ।

## परियत्ति ज्ञानले भय नतार्ने

परियत्ति ज्ञान नामक संखार धातुले पूर्ण भइसकेको व्यक्तिलाई पनि वेदना उत्पन्न हुने अवस्थामा तुरुन्तै वेदना हुन्छ । दाह हुने अवस्थामा तुरुन्तै दाह हुन्छ । चिसो हुने



Downloaded from http://dhamma.digital

बेलामा तुरुन्तै चिसो हुन्छ । रिङ्गाटा लाग्न आँटेको बखत तुरुन्तै रिङ्गाटा लाग्छ । मरण हुने अवस्थामा तुरुन्तै मरण हुन्छ । शोक हुन लागेको परिदेव हुन लागेको, कायिक, चेतसिक दुःख हुन लागेको बखत शोक, परिदेव, कायिक दुःख, चैतसिक दुःख तुरुन्तै हुन थाल्छ । दोमनस्स, उपायास हुन लाग्दा दोमनस्स, उपायास हुन्छ । माथि उल्लेखित ती दुःखहरू स्कन्धदेहमा प्रवेश गर्न नसक्ने गरी हटाउन प्रज्ञा ज्ञान नामक संस्कारस्कन्ध आँखा झिम्क्याउने अवधिप्रमाण पनि राम्ररी बलियोपूर्वक बस्न सक्दैन, त्यसरी बस्न सक्ने सार धर्म छैन । प्रज्ञा ज्ञान नामक संखार धातुमा विचार गर्दा दुःख आउने वितिकै ती संखार धातु तुरुन्तै लोप हुन्छ । आफ्नो शरीरमा दुःख-धातुहरू निरन्तर उत्पन्न हुन्छ दुःखेको, पोलेको, चीसो आदि दुःखको कारणले चित्त दिक्दार हुन्छ । धेरै मेहनत गरी जानी राखेको त्यो विद्यालाई प्रयोग गर्ने प्रयास फलानो शोकले गर्दा गर्न सकेन भनी भनिन्छ । लोभ उत्पन्न हुने अवस्था आएपछि प्रज्ञा धातु लोप भई तुरुन्त लोभ धातु उत्पन्न हुन्छ । दोस, मान आदि पनि त्यसरी नै उत्पन्न हुन्छ । यसरी नै केराको बोटझैं, केराको जङ्गलझैं लोक व्यवहार रूपमा प्रज्ञप्ति नगरमा राम्ररी प्रकट भएको प्रज्ञा ज्ञान नामक संखार धातु पनि यथार्थ धातु स्वभावको रूपमा बलियो, सार भएको भन्न लायकको अणु परमाणु मात्र पनि छैन । त्यस



Downloaded from http://dhamma.digital

पछिको सूक्ष्म सूक्ष्म संखार धातुको बारेमा त भन्नु नै केही छैन ।

## संखार धातु सजिलै नाश हुनुको बारे प्रकाशन

चित्तमा कुशल संखार उत्पन्न भइरहेको बखत अकुशल चित्त प्रवेश भएपछि त्यो कुशल चित्त क्षणभरमै विलाएर जान्छ । जस्तै दान गरुँला भनी इच्छाएको बखत दान कुशल हुन्छ । त्यस बेला मात्सर्य चित्त आउनासाथ तत्क्षण त्यो दान कुशल चित्त हराउँछ । त्यसरी नै शील पालन गर्ने विचार गरिरहँदा दुःशील चित्त प्रवेश हुनासाथ त्यो शील कुशल चित्त तुरुन्तै हराउँछ । समथ वा विपस्सना भावना गरीरहँदा वितक्क, विचार, उद्धच्च भित्र आई भावना संखार तत्क्षणमै हराई चित्त आफ्नो मन लाग्ने ठाउँमा जान्छ । यसरी सम्पूर्ण संखार धातु केही सार नभएको कारणले विजुली चम्कनेझैं नष्ट हुन सजिलो र सजिलैसँग हराएर जान सक्ने आफूमा पनि लोकजनमा पनि दृष्टान्त रूपले देख्न सकिन्छ । यसरी नै अरू अरू कुरामा पनि हेर्दै जानू । महान आनुभाव भएको ध्यान अभिज्ञा नामक संखार धातु प्राप्त भई आकाशमा उडी रहेको बखत स्त्रीको रूप, स्त्रीको शब्द देखेको सुनेकोले तत्क्षणमै ध्यान अभिज्ञा लोप भई आकाशबाट पृथ्वीमा खसी स्त्रीको कारण इज्जत गुमाउनु परेको कथा सम्झनु होस् । दान, शील, भावना, श्रद्धा, प्रज्ञा इत्यादि संखार धातु केही सार



Downloaded from http://dhamma.digital

नभई रित्तो धातु भएको कारणले अनमतग्ग संसारमा बारबार प्राप्त भएको मनुष्य जन्म, देव जन्म, ब्रह्माको जन्म लामो समय नबित्दै पानीको पीजा, पानीको फोका बेलुन जस्तै नष्ट भई मरण भई अपाय दुर्गतिमा पतन हुने खालको हुन्छ। प्रत्येक व्यक्तिले अनमतग्ग संसारमा दान संखार धातु अनन्त रूपले गरी आएका छन् । अब यो अवस्थामा रत्तिभर पनि बाँकी शेष रहँदैन् । लौकिक शील नामक संखार धातु पनि अनन्त पालन गरी आएका हुन्छन् । ध्यान अभिज्ञा समापत्ति भन्ने लौकिक भावना नामक संखार धातु पनि अनन्त पालन गरी आएका हुन्छन् । अब केही पनि अलिकति पनि बाँकी रहदैन् । दान पनि हीन भई सकेको हुन्छ, शील पनि, भावना पनि हीन भई सकेको हुन्छ । पछि पछि संसारमा पनि यसै प्रकारले हुने कुरा बुझ्नुपर्छ । यो भयो अनमतग्ग संसारमा केराको बोटझैं भएको दान, केराको बोट समान शील, केराको बोटसमान भावना, केराको बोट समान जाने बुझेको प्रज्ञा ज्ञानालाई देखाइएको कुरो।

त्यसैले 'संखार कदलूपमा' भनी भगवान् बुद्धले देशना गर्नुभएको हो । संखारखन्ध केराको बोटसमान भनी देशना गर्नु भएकोले संखार खन्धको महान आदीनव संखारखन्धको अनित्य, दुःख, अनात्मालाई कसरी देखाइएको छ भन्ने प्रश्नको उत्तर 'आहार दीपनी' पुस्तकमा मनोसंचेतना आहारको आदीनवकाण्ड अनित्य, दुःख, अनात्मा



Downloaded from http://dhamma.digital

काण्डमा विस्तारपूर्वक देखाएको छु । यो 'संखार कदलूपमा' भन्ने देशनामा उल्लेख भएको कुरा हो ।

## विञ्ञाणखन्धको प्रकाशन

### छ वटा विज्ञानको भ्रम

'मायुपमञ्च विञ्ञाणं' भन्ने देशनानुसार आँखामा रूप आकार घट्टन हुने अवस्थामा आँखामा निरन्तर रूपमा उत्पन्न हुने देख्ने क्रियालाई 'चक्खु विञ्ञाण धातु' भनिन्छ। कानमा अनेक प्रकारका शब्द घट्टन हुने अवस्थामा कानमा निरन्तर रूपमा उत्पन्न हुने सुन्ने क्रियालाई 'सोत विञ्ञाण धातु' भनिन्छ । नाकमा अनेक प्रकारका गन्ध घट्टन हुने अवस्थामा नाकमा निरन्तर रूपले उत्पन्न हुने सुँघ्ने क्रियालाई 'घाण विञ्ञाण धातु' भनिन्छ। जिब्रोमा अनेक प्रकारका रस घट्टन हुँदा जिब्रो माथि निरन्तर उत्पन्नभई रहने स्वाद लिने क्रियालाई 'जिह्वाविञ्ञाण धातु' भनिन्छ। टाउकोदेखि पैतला सम्म भित्र वाहिर जिउभरी स्पर्श हुनलाई नाना प्रकारले घट्टन हुने अवस्थामा त्यस त्यस अङ्गमा निरन्तर रूपले स्पर्श भई थाहा पाउनु क्रियालाई 'काय विञ्ञाण धातु' भनिन्छ । मनले थाहा पाए जति कुशल अकुशल त्यस त्यस आरम्भणमा घट्टन हुने अवस्थामा मनमा निरन्तर रूपले उत्पन्न भएको



Downloaded from http://dhamma.digital

चिन्तना गरीरहेको सबैलाई 'मनोविञ्ञाण धातु' भनिन्छ। यी छ प्रकारका विञ्ञाणसम्बन्धी धर्मचक्षु नभएका अन्ध बाल सत्त्वहरूलाई विञ्ञाणले अनमतग्ग संसारमा एक पटक पनि यथार्थतालाई देख्न नदिइ थाहा पाउन नदिइ, अयथार्थ प्रज्ञप्ति नगर निर्माण गरी महान आनन्द सुख ठान्न लगाउँछ।

## छवटा विञ्ञाण र चटक गर्ने जादूगरको उपमा

तीी छ वटा विञ्ञाण धातु जादूगर समान हुन् भन्ने कुरा एउटा उपमाद्वारा बताउँछु। जस्तै एक ठाउँमा कटुसको जङ्गल थियो। एक जना जादूगरले आफ्नो विद्याद्वारा कटुसको रूख भएको जङ्गललाई सुवर्ण वृक्षको जङ्गल बनाइदिएछ। त्यो जङ्गलभित्र पसेको एक जना मानिसले त्यो जङ्गल साँच्चैकै सुनको ठानेछ। रूखहरू जम्मै सुनकै सम्झे। रूखको डाँठलाई पनि सुनको डाँठ सम्झे। साना ठूला हाँगाहरूलाई पनि सुनकै हाँगा सम्झे। फुलीरहेका फूलहरूलाई पनि सुनकै ठाने। उसले गरेको पहिले पहिलेका पुण्यको कारणले देवराज इन्द्रले उसलाई ऋद्धि बलले सुनको बनाइदिए भनी ठानी अत्यन्त प्रसन्न भयो। उसले ती सुनका टुक्राहरू सुनारकहाँ लगी सुनका भाडाँ कुडाहरू, सुनका गहनाहरू, सुनका सिक्री, औंठी इत्यादी बनाउन दिइ करोडौं सम्पत्ति लाभ गरी महान सेठ बन्ने सपना सजाए। त्यसपछि सुनका टुक्रा सुनारकहाँ लगे। सुनारले सुन आगोमा पोलेपछि कटुस बोटको खरानी



Downloaded from http://dhamma.digital

बन्न पुगेछ। यसरी दृष्टान्त रूपले खरानी बनेको देख्दा देख्दै पनि आफूले सुनको रूखहरू देखेको कारणले त्यसलाई सुन नै सम्झी त्याग गर्न नसकी त्यसैमा आसक्त भई आफ्नो जीवन बिताउँछन्।

उपमाको उपमेय्य यस प्रकारका छन्–तीन वटा भुवनहरू कटुसको जङ्गल समान हुन्। छ वटा विञ्ञाण जादूगर समान हुन्। अज्झत्त बहिद्ध पाँच स्कन्ध स्वभाविक रूपले विद्यमान कटुस रूख समान हुन्। स्वभाविक रूपले भएको धातु नगर कटुस रूख समान हुन्। प्रज्ञप्ति नगर जादूगर विद्याले श्रृजना गरेको (भान पारेको) सुवर्ण वृक्ष समान हुन्। शरीरको अङ्ग, टाउको, हात, खुट्टा, आँखा, कान, नाक, कपाल, रोम इत्यादी सुवर्ण वृक्षको डाँठ, शाखा प्रशाखा, हाँगा, फूल समान हुन्। त्यो व्यक्तिले सुनको कल्पवृक्ष देखी खुसी प्रसन्न भई ठूलो आकाँक्षा गरे समान ती ती सत्त्वहरूलाई माथि उल्लेख गरेझैं प्रज्ञप्ति नगरलाई प्रतीत गराएको कारणले शारीरिक मानसिक सवै शक्तिहरू जन्म जन्मै पिच्छे वुद्धि विचारहरू लौकिक अभिवृद्धि गर्नुमा नै सीमित रह्यो। जसरी आगोको रापमा पोलेपछि केही काम नलाग्ने खरानी भएर गएको देख्दा देख्दै प्रत्यक्ष रूपले रूखलाई सुन ठानी त्यसलाई त्याग गर्न नसकी त्यसैमा आसक्त भई आफ्नो जीवन समाप्त गरिरहन्छ। त्यसरी नै नाना प्रकारका सत्त्व प्राणीहरूले मरण भएपछि केही काम नलाग्ने पृथ्वीको माटो वृद्धि गर्दै त्यसमै



Downloaded from http://dhamma.digital

आनन्द लिइ जन्म जन्ममा घुमिरहेकाहरू मानिस नै हुन्, देवताहरू नै हुन् भनी सम्झी आफ्नो जीवन अन्त गर्छन् ।

त्यो कटुसको जङ्गल आगोमा पोलेपछि केही काम नलाग्ने तुच्छ, शून्यभावमा पुग्नेझैं अज्झत बहिद्ध स्कन्ध समूह केही काम नलाग्ने साँच्चै नै तुच्छ, शून्य, असार हुन् । यसरी नै यो पञ्चस्कन्ध केही काम नलाग्ने तुच्छ, शून्य भएकोले माटोलाई वृद्धि गर्नु मात्र हुनेछ । पञ्चस्कन्ध केही काम नलाग्ने तुच्छ, शून्य भनेको धातु नगरबाट हेर्दा यो लोक साँच्चै प्राणीहरू छन् भनी आसक्त भएका पुद्गलको सत्त्व को अङ्ग प्रत्यङ्गहरूको आँखा झिम्क्याउने प्रमाण समयसम्म पनि जीवित भइरहनु, स्थीर भइरहनु भन्ने हुँदैन । स्वभाविक रूपले पुद्गल सत्त्व भन्ने हुँदैन अङ्ग प्रत्यङ्ग भन्ने हुँदैन, ती साँच्चै नै तुच्छ, शून्य भएको कारणले कही काम नलाग्ने निरर्थक बुढा हुने, मरण हुने भावमा पुग्ने स्वभाव (धर्मता) हुन् ।

सत्त्व प्राणीहरू जहाँ जहाँ जन्म लिन्छन् आआफ्नो स्कन्ध देहमा आनन्द लिने स्याहार सुसार गर्ने आदि काममा बिषेश ध्यान दिइ आफूलाई सुख आनन्द लिन खोज्छन् परन्तु जब मरणकाल नजिक आइपुग्छ त्यस बखत उनीहरूले गरेका सबै कार्यहरू बालुवामा पानी हालेझैं तुच्छ, शून्य भावमा पुग्छन् । यसरी नै कटुसको बोटलाई सुन सम्झी अनेक प्रयत्न गरी सुरक्षा गरेका सबै कार्यहरू वास्तविक सुन नभएकोलाई सुन



Downloaded from http://dhamma.digital

सम्झेको कारणले ती प्रयासहरू व्यर्थ भएझैं पुद्गल नभएको, सत्त्व नभएको तुच्छ, शून्य भएको धातु नगरलाई पुद्गल, सत्त्व, अत्त, सार सम्झी त्यसमा आसक्त भई गरेका सबै मेहनत तुच्छ, शून्य हुन्छन् ।

बुद्ध उत्पाद दुर्लभ भन्ने प्रशङ्गमा बताइएअनुसार प्रत्येक सत्त्वहरूको हृदयमा पुरानो अनन्त दुश्चरित्र कर्म, पुरानो अनन्त अपाय ऋण, भविष्य जन्ममा अनन्त भूल गराउन नराम्रा धातुहरू हुन्छन् । अनन्त भव, अनन्त कल्प, अनन्त संसार बितेर गए पनि शरण लिन सुहाउने अहिलेसम्म केही आधार नभई मिथ्यादृष्टिमा परी अपाय द्वारमा बार बार पतन भइरहनुलाई तुच्छ शून्य भनिएको दृष्टान्त प्रमाण भयो ।

## पृथक्जनहरूलाई जादूगरको चमत्कार

जसरी चटक गर्ने जादूगरले छल्ने हो त्यसरी नै छ वटा विञ्ञाणले दृष्टि भ्रममा पारी छलीरहेको कुरा बताउँछु । साँच्चै नै भएको धातु नगरलाई पृथकजनहरूले जन्म जन्मान्तरदेखि कल्प कल्प देखि सपनामा पनि देख्न नसकी असत्य सण्ठान प्रज्ञप्ति भएको सानो-ठूलो वस्तुलाई मात्र देख्दै आएका छन् । आँखा अगाडि सबै वस्तु देख्ने अवस्थामा साँच्चैको धातु स्वभावलाई देखेको हुँदैन । विञ्ञाणले छलेकोले पुद्गल (व्यक्ति), सत्त्व, स्त्री, पुरुष, गहना लुगाफाटा, घर, विहार आदि प्रज्ञप्ति नगरको रूपमा मात्र देखेका छन् ।



Downloaded from http://dhamma.digital

यहाँ प्रश्न उठ्न सक्छ– वर्ण नामक रूप धातुलाई विञ्ञाणले देखेको होइन र ? किनकि रूप धातु त परमार्थ धर्म नै हुन् । त्यसरी हो भने किन उल्टो देखेको भन्नु परेको ? यसको जवाफ– रूप धातुलाई देखेको पक्कै हो तर पनि रूप धातुको उत्पत्तिलाई देखेको होइन, रूप धातुको जरालाई देखेको होइन, क्षय, व्यय, मरणलाई देखेको होइन । त्यसको अनित्य दुःख, अनात्मालाई देखेको होइन । त्यसको सहजात धातुसमूहलाई देखेको होइन । वास्तवमा पृथकजनले वर्ण नामक रूप धातुलाई देख्दा विञ्ञाण नामक जादूगरले माथि उल्लेखित रूप धातुको उत्पत्ति, क्षय, व्यय, मरण, अनित्य आदि धातु नगरको मार्ग वन्द गरी दिन्छ, वरु सण्ठान प्रज्ञप्ति नगरको वाटो खोली दिन्छ । फलस्वरुप तुच्छ, शून्य, अभाव भइरहेको रूप धातुलाई *'मैले देखें'* भनेर नभनी बस्न सक्दैन । फलानो पुद्गललाई देखें, फलानो सत्त्वलाई देखें, फलानो वस्तु देखें भन्ने धारण गर्छन् । यसरी देख्नुलाई चतुआर्यसत्यको दृष्टिले र विपस्सनाको दृष्टिले *'उल्टो देखेको'* भनिन्छ, यस्तै कानले सुन्ने वेला, नाकले सुँघ्ने वेला, जिब्रोले स्वाद लिने बेला, शरीरले स्पर्श गर्दा, चित्तमा नाना प्रकारले चिन्तना गर्ने समयमा पनि यसरी नै बुझ्नुपर्दछ । यो जादूगर समान विञ्ञाणले भ्रममा पारेको कुरो संक्षिप्त रूपमा देखाइएको हो ।

## धातुको चश्माले नाम रूपलाई हेर्ने

एक जना मानिसले माथि बताइएअनुसार जादूले छली राखेकोलाई यथार्थ रूपले देख्न सक्ने धातुले छली राखेकोलाई यथार्थ



Downloaded from http://dhamma.digital

रूपले देख्न सक्ने धातुको चश्मालाई आफ्नो शक्तिबलले प्राप्त गरेछ। त्यो मानिसले त्यतिकै हेर्दा कटुसको जङ्गललाई सुनको जङ्गलझैं देख्छ। परन्तु यो धातुको चश्मा राखेपछि सुनको जङ्गल नभई रूख झारपात आदि केही सार नभएको जङ्गललाई छर्लङ्ग देख्छ। अब त्यो व्यक्ति साधारण आँखाले हेर्दा *'सुन'* भनी देखेता पनि यसअघि धातुको चश्माले एक पटक हेरी सकेकोले त्यो केवल सत्त्वहरूलाई भ्रममा पर्ने मात्र हो, भय उपद्रव उत्पन्न गराउने खालको मात्र हो भनी जानी मांस चक्षुले सुन देखेता पनि त्यसमा आसक्त नभई टाढा रहने छ। यो उपमाअनुसार नाम धातु रूप धातुलाई अनित्य, दुःख र अनात्म भनी देख्न सक्नुलाई 'धर्म चक्षु' भनिन्छ। धर्म चक्षु प्राप्त भएकाहरू मांस चक्षुद्वारा पुद्गल सत्त्व आदि देखेता पनि अघि धर्मचक्षुद्वारा एक पटक देखिसकेको हुनाले त्यो केवल सत्त्वहरूलाई भ्रममा पारेको मात्र हुन्, दुश्चरित्र उत्पन्न गराउने खालका हुन्, त्यस्तै केही सार नभएको तुच्छ, शून्य, प्रमाद धर्म वृद्धि हुने कार्य मात्र भएको देखी त्यसमा आसक्त नभई त्यसबाट टाढा रहन्छन्। यस्तो धर्मचक्षु प्राप्त गर्नको निम्ति 'मयूपमञ्च विञ्ञाणं' भनी तथागतले आज्ञा गर्नुभएको हो।

विञ्ञाण खन्धले सत्त्वहरूलाई जादूगरले भ्रममा पारेको समान हुन् भनी भगवान् बुद्धले आज्ञा गर्नु भएअनुसार विञ्ञाणलाई *'म'* सम्झेर नित्य, सुख, आत्मा रूपले आफूलाई हेर्नु नै जादूगरले मानिसलाई भ्रममा पारेको समान हो। जसरी साधारण मानिसले विञ्ञाणलाई नित्य, सार भनी ठानेको छ परन्तु यर्थाथमा यस्तो नित्य सार होइन भनी प्रकाशन गर्नुहुँदै विञ्ञाण स्कन्धको ठूलो आदीनव देखाउनुभयो। त्यसरी नै यसको अनित्य,



Downloaded from http://dhamma.digital

दुःख र अनात्मालाई पनि विशेष रूपले देखाउनुभयो। यस सम्बन्धमा विस्तृत रूपले थाहापाउन 'आहार दीपनी' ग्रन्थमा देखाएको छु। यो 'मायूपमञ्च विञ्ञाणं' भन्ने देशनालाई देखाइएको कुरा समाप्त भयो।

**फेणपिण्डूपमंरूपं, वेदना पुप्फुलूपमा**
**परीचिकूपमा सञ्ञा, संखारा कदलूपमा**
**मायूपमञ्च विञ्ञाणं, देसितादिच्चबन्धुना।**

यो देशना गाथाको अभिप्राय दर्शाइएको कुरा समाप्त भयो।

# छवटा अज्झत्तिक आयतन

## आध्यात्मिक आयतनको स्वभाव

"सुञ्ञो गामोति खो भिक्खवे, छन्नेतं अज्झत्तिकानं आयतनानं अधिवचनं।" (संयुत्तपालि)

भिक्षुहरू! ध्वस्त भएको गाउँ भनेको छ प्रकारको अज्झत्तिक(आध्यात्मिक) आयतनको नाउँ हो।

आँखाको डल्लो भित्र अविरल रूपमा उत्पन्न भइरहेको कर्मज महाभूतको निर्मल प्रसादको रूपमा रहेको चक्षु (प्रसाद) धातुलाई 'चक्खायतन'(चक्षु-आयतन) भनिन्छ। सफा पानीमा वा सफा ऐनामा मुखको आकृति राम्ररी देख्नेझैं चक्खु प्रसादमा रूप आकार देख्न सकिन्छ। चक्खु प्रसादमा रूप



Downloaded from http://dhamma.digital

आकार प्रतिबिम्बित हुने बेला त्यस चक्षु प्रसादमा अविरल रूपमा उत्पन्न भई रहेको जुन देखिने क्रिया हो त्यसलाई **'मनायतन'** भनिन्छ । यहाँ चक्खुविञ्ञाणधातुलाई **'मनायतन'** भनिएको हो ।

त्यसरी नै कान भित्र अविरल रूपमा उत्पन्न भई रहेको कर्मज महाभूतको निर्मल प्रसादको रूपमा रहेको स्रोत (प्रसाद) धातुलाई **'सोतायतन'** भनिन्छ। जति पनि शब्दहरू छन् त्यस सोतायतनमा शब्द घट्टन हुने बेला त्यस सोतपसादमा अविरल रूपले उत्पन्न भइरहने सुन्ने क्रियालाई **'मनायतन'** भनिन्छ। यहाँ सोतविञ्ञाण धातुलाई मनायतन भनिएको हो ।

नाक भित्र अविरल रूपमा उत्पन्न भइरहेको कर्मज महाभूतको निर्मल प्रसादको रूपमा भएको कर्मज महाभूतको निर्मल प्रसादको रूपमा भएको घ्राण (प्रसाद) धातुलाई **'घानायतन'** भनिन्छ । यो घानायतनमा गन्ध जति सबै घट्टन भईरहन्छ। घट्टन भइरहने अवस्थामा त्यो घाण प्रसादमा अविरल रूपले उत्पन्न भइरहेको जुन सुँघ्नो क्रिया हो त्यसलाई **'मनायतन'** भनिन्छ । यहाँ घाणविञ्ञाण धातुलाई **'मनायतन'** भनिएको हो ।

यसरी नै जिब्रोमा अविरल रूपमा उत्पन्न भइरहेको कर्मज महाभूतको प्रसाद भएको जिह्वा (प्रसाद) धातुलाई **'जिह्वायतन'** भनिन्छ । यो जिह्वायतन रस जति सबै घट्टन



Downloaded from http://dhamma.digital

भइरहन्छ। घट्टन हुने अवस्थामा जिह्वा प्रसादमा अविरल रूपमा उत्पन्न भइरहेको स्वाद लिने क्रियालाई 'मनायतन' भनिन्छ। यहाँ जिह्वाविञ्ञाण धातुलाई 'मनायतन' भनिन्छ।

यसरी नै भित्र बाहिर जिउभरी अविरल रूपमा उत्पन्न भइरहेको कर्मज महाभूतको प्रसाद भइरहेको काय (प्रसाद) धातुलाई 'कायातन' भनिन्छ। तातो चीसो आदि फोट्ठब्ब धातु काय प्रसादमा घट्टन भइरहन्छ। घट्टन हुने बखतमा यो कायप्रसादमा अविरल रूपमा उत्पन्न भइरहेको नामको स्पर्श हुने क्रियालाई 'मनायतन' भनिन्छ। यहाँ कायविञ्ञाण धातुलाई नै 'मनायतन' भनिएको हो।

यो कायविञ्ञाण धातु नामक चित्त भित्र बाहिर जिउ भरी फोट्ठब्बधातु घट्टन भएको ठाउँमा उत्पन्न हुन्छ। पौतालामा काँडा, माटो, कंकड, आगो, पानी आदि फोट्ठबबधातु घट्टन हुनासाथ घट्टन भएको ठाउँमा यो विञ्ञाण चित्त उत्पन्न हुन्छ। शरीरको जुनसुकै भागमा पनि पोल्ने, चीसो हुने, दुख्ने, चिलाउने, थाक्ने, चल्ने इत्यादि रूपले थाहा पाउनु जति सवै कायविञ्ञाण, उत्पन्न भएको ठाउँमा मात्र चाल पाउन सकिन्छ। पैतलामा कायविञ्ञाण चित्त उत्पन्न भएमा मात्रै त्यहाँ तातो चीसो आदि थाहा पाउन सकिन्छ। आन्द्रामा, छातीमा, मुटुमा, पेटमा, कायविञ्ञाण चित्त उत्पन्न भएमा मात्र त्यहाँ पोलेको दुःखेको इत्यादि थाहा पाउन सकिन्छ। आङभरी घामले पोल्नु नामक



Downloaded from http://dhamma.digital

फोट्ठब्बधातु घट्टन हुना साथ आङभरी यो कायविञ्ञाण चित्त उत्पन्न हुन्छ । यो विञ्ञाण उत्पन्न भएको आङमा यहाँनिर पोल्यो त्यहाँनिर पोल्यो भनी थाहा पाइन्छ । यसरी नै भित्र बाहिर सवै ठाउँमा चाल पाइन्छ ।

हृदय भित्र अविरल रूपले उत्पन्न भइरकेको अनेक विचार चिन्तना गर्नुलाई शुद्ध **'मनायतन'** भनिन्छ । यो मनायतन (१) भवङ्ग मनो र (२) जवन मनो भनी दुई थरीका छन् ।

(१) स्कन्ध देहलाई मरण नहुने गरी रक्षा गरी राख्नेलाई भवङ्ग मनो भनिन्छ । (२) शरीरको अङ्ग सञ्चालन गर्नु, वचनको अङ्ग चल्नु, चित्तको अङ्ग चल्नु भन्ने चिन्तना गर्न सक्ने चित्तलाई **'जवन मनो'** भनिन्छ ।

छवटा अज्भतिक आयतनको विभाजन सकियो ।

## यक्षवास बसिरहेको ध्वस्त गाउँको उपमा

धेरै समयसम्म गुल्जार भएको ग्राम निगम एउटा थियो । त्यो ग्राम निगम केही अन्तरायको कारणले विनाश भयो । त्यहाँ एक जना पनि मान्छे रहेन । यक्ष भूत प्रेत पिशाचहरू मात्र रहे तैपनि टाढाबाट देख्दा त्यो गुल्जार भएको राजधानी जस्तै देखिन्थियो । वर्षाको मौसममा टाढाका देशवासी यात्रीहरू अत्यन्त दुःख कष्ट भोगी थकित भई दुर्गम



Downloaded from http://dhamma.digital

बाटोबाट आउँदा टाढैबाट त्यो गाउँदेखि बल्ल अब गुल्जार ग्राममा पुग्न थाले, त्यहाँ पुगेपछि मीठो मीठो खाने कुरा खाई सुखपूर्वक बस्न पाउँछ भनी मनमा सन्तोष लिए । गाउँमा पुगेपछि उनीहरूले त्यहाँ एक जना पनि मानिस देखेनन्, केवल ध्वस्त भएका घरहरू मात्र देखे । साह्रै भोक लागेकाले घर भित्र पसी केही खानेकुरा पाइन्छ कि भनी हेर्न गए तर केही पनि भेट्टाएनन् । केही काम नलाग्ने पुरानो भाँडा कुँडाहरू, माटोको घैंटा भाँडाका टुक्राहरू, फाटेका सुकुल, डाला आदि झुत्रो वस्तुको थुप्रो मात्र देखे । यसलाई कोहीले मसान ठाने । घर भित्र भूत, प्रेत, पिशाच आई हमला गर्ने हो कि भन्ने भय हुन थाल्यो । फेरि रूख मुनि, बाँस मुनि बसौं भने पनि त्यसमाथि बसेका भूत, प्रेतले हमला गर्ने पो हो कि भन्ने डर पनि लाग्न थाल्यो । कोही कोही मानिसहरू एक रात पनि नबसी त्यहाँबाट भागे । परन्तु भय त्रासलाई चिन्तना नगरी परवाह नगरी साह्रै थाक्यो भनी त्यहीं सुतेका मानिसहरूलाई राती त्यस गाउँका अत्यन्त भोकाएका भूत प्रेतहरू पिशाच यक्षहरू आई भकाभक खाइदिए ।

यो उपमाअनुसार सत्त्वहरूको स्कन्ध देहमा (१) आँखाले देखेको ध्वस्त गाउँ एउटा, (२) कानले सुनेको ध्वस्त गाउँ एउटा, (३) नाकले गन्ध सुँघेको ध्वस्त गाउँ एउटा, (४) जिब्रोले स्वाद लिएको ध्वस्त गाउँ एउटा, (५) शरीरले स्पर्श



Downloaded from http://dhamma.digital

गरेको ध्वस्त गाउँ एउटा, (६) मनले चिन्तान गरेको ध्वस्त गाउँ एउटा गरी जम्मा छ वटा भयो ।

आँखाले देखेको ध्वस्त गाउँ भन्नुको तात्पर्य आँखाको अगाडि देखिने दृष्टि गोजर अत्यन्त विशाल हुन्छ । दश दिशामा व्याप्त जङ्गल, पर्वत, जल, पृथ्वी, सूर्य, नक्षत्र सवै आँखाले देख्न सक्ने क्षेत्र धेरे विशाल छन् । त्यो देख्ने क्रियालाई सत्त्व प्राणीहरूले ठूलो आधार भरोसाको रूपमा लिन्छन् । त्यो देख्ने क्रियाले सत्त्व प्राणीहरूलाई अत्यन्त उत्तेजित पार्छन् । त्यो देख्ने क्रियाले उत्तेजित गरेको कारणले सत्त्व प्राणीहरूले आफ्नो गर्धनमा तरवारको धार सोभ्याउने मृत्युराजलाई पनि आफ्नो भलाइ गर्ने (मित्र) सम्झेका छन् । अविद्या अन्धकारलाई पनि आफ्नो भलाइ गर्ने सम्झेका छन् । सत्कायदृष्टिलाई पनि आफ्नो भलाई गर्ने सम्झेका छन् । हृदय भित्रको पुरानो अनन्त अपाय दुःख भोग गर्नुपर्ने ऋणलाई पनि आफ्नो भलाइ गर्ने ठानेका छन् । पछि अज्ञानीभई अनन्त दुश्चरित्र गर्नुलाई पनि आफ्नो भलाइ गर्ने ठानेका छन् । अपाय संसारलाई पनि आफ्नो भलाइ गर्ने सम्झेका छन् । यी सवै ध्वस्त गाउँलाई टाढैबाट देखेको समान हुन् ।

यसरी भलाइ गर्ने सम्झेता पनि अविराम रूपले प्रकट भइरहेको अनन्त मरणरूपी महान डाहलाई शान्त गर्नको निम्ति त्यो देख्ने क्रियामा (केही उपाय छ कि भनेर)



Downloaded from http://dhamma.digital

खोजेमा त्यसमा केही पनि भेट्टाउन सकिँदैन । अविद्या अन्धकार नाश गरी विद्या आलोक प्राप्त गर्नको निम्ति केही पाउँछ कि भनी खोजेमा त्यो देख्ने क्रियामा केही पाउन सकिँदैन । सत्कायदृष्टि अविद्याको जरो उखेलेर फाल्नको निम्ति केही प्राप्त हुन्छ कि भनेर खोजेमा पनि केही पनि प्राप्त हुँदैन । पुरानो अनन्त अपाय ऋण शान्त गर्नको निम्ति केही हुन्छ कि भनी खोजेमा पनि केही पनि हुदैन । पछि पतन हुन सक्ने अपाय दुर्गतिबाट मुक्त हुन केही उपाय हुन्छ कि भनी खोजेमा पनि केही उपाय देखिँदैन । जसरी ती यात्रीहरूले त्यस गाउँमा पुगेपछि खाने पिउँने पाउछ कि भनेर खोज्दै जाँदा केही पनि भेट्टाउन नसकेभैँ हुन् ।

## इन्द्रिय असंयमी भएको कारणले हानि भएको बारे प्रकाशन

लोभ, दोस, मोह, अविद्या, तृष्णा, मान, दृष्टि, इर्ष्या, मात्सर्य आदि क्लेशहरू आँखाले देख्ने क्रियामा वृद्धि हुन्छ । आँखा खोली जति पटक हेऱ्यो त्यति पटक नै त्यस्ता क्लेशहरू भित्र पसी उन्मत्त भई, बाल मूर्ख भई, अनेक धोखा हुने कार्यमा प्रेरणा दिने भई, क्लेशको दास भई हीन अवस्थामा बस्नु पर्ने हुन्छ । आँखा देख्नेहरूले गर्ने क्लेश कार्यहरू, दुश्चरित्र कार्यहरू जल, स्थलमा बस्ने बलिया प्राणीहरूले निर्बल प्राणीलाई खाइरहेको जस्तै राम्ररी देख्नुपर्छ,



Downloaded from http://dhamma.digital

बुझ्नुपर्छ । ध्वस्त गाउँमा राती सुतीरहेकाहरूलाई यक्षले खाएको समान हुन् भनी जान्नुपर्छ ।

"चक्खुन्द्रियं असंवुतं विहरन्तं अभिज्भा दोमनस्स पापका अकुसला धम्मा अन्वासवेय्युं ( मूल पालि)

चक्षु इन्द्रियलाई संवर नगरी विहार गरी बस्नेहरूसँग अविद्या दौर्मनस्य जस्ता हीन अकुशल धर्महरू प्रवेश हुन्छन् ।

धातु नगरमा छिटै पुगी धातु ज्ञान प्राप्त भएका मानिसहरू त्यो गाउँमा विश्राम नगरी मुक्त भएको ठाउँमा भागेकाहरू समान हुन् ।

प्रज्ञप्ति नगरमा मनको वशमा परेका मानिसहरू त्यो ध्वस्त गाउँमा राती सुतिरहेकाहरू समान हुन् । यो चक्षुद्वार ध्वस्त गाउँमा राती सुतिरहेकाहरू समान हुन् । यो चक्षुद्वार ध्वस्त गाउँ समान हुन् भनी देखाइएको हो ।

त्यसरी नै अनेक प्रकारको शब्द शुन्ने स्रोतद्वार भनेको ध्वस्त गाउँ समान हुन् । अनेक प्रकारको गन्ध सुघ्ने घ्राणद्वार ध्वस्त गाउँ समान हुन् । गुलियो अमिलो आदि अनेक प्रकारको रसस्वाद लिने जिह्वाद्वार ध्वस्त गाउँ समान हुन् । राम्रा राम्रा लुगा फाटा, गहना, मैथुन, काम गुण आदि नामक फोट्ठब्ब धर्मलाई अनुभव गर्ने कायद्वार पनि ध्वस्त गाउँ समान् हुन् । विश्राम गर्ने समयसमेत नलिइ चिन्तना गर्ने मनोद्वार पनि ध्वस्त गाउँ समान भएकोले चक्षुद्वारजस्तै नै यहाँ विभिन्न किसिमले विस्तारपूर्वक जन्नुपर्दछ ।



Downloaded from http://dhamma.digital

सोतिन्द्रियं असंबुतं विहरन्तं अभिज्भा देमनस्सा पापका अकुसला धम्मा अन्वासवेय्युं।

घानिन्द्रियं असंबुतं विहरन्तं अभिज्भा देमनस्सा पापका अकुसला धम्मा अन्वासवेय्युं।

जिह्विन्द्रियं असंबुतं विहरन्तं अभिज्भा देमनस्सा पापका अकुसला धम्मा अन्वासवेय्युं।

कायिन्द्रियं असंबुतं विहरन्तं अभिज्भा देमनस्सा पापका अकुसला धम्मा अन्वासवेय्युं।

मनिन्द्रियं असंबुतं विहरन्तं अभिज्भा देमनस्सा पापका अकुसला धम्मा अन्वासवेय्युं।

अर्थ–स्रोति इन्द्रियलाई संवर नरूगरी विहार गरी बस्नाले अविद्या दौर्मनस्यरूपी दुष्ट अकुशल धर्म भित्र पसी मूर्खतापूर्वक गर्नुपर्ने कार्य गर्छन्।

घ्राण इन्द्रियलाई संवर नगरी विहार गरी बस्नाले अविद्या दौर्मनस्यरूपी दुष्ट अकुशल धर्म भित्र पसी मूर्खतापूर्वक गर्नुपर्ने कार्य गर्छन्।

जिह्वा इन्द्रियलाई संवर नगरी विहार गरी बस्नाले अविद्या दौर्मनस्यरूपी दुष्ट अकुशल धर्म भित्र पसी मूर्खतापूर्वक गर्नुपर्ने कार्य गर्छन्।



Downloaded from http://dhamma.digital

काय इन्द्रियलाई संवर नगरी विहार गरी बस्नाले अविद्या दौर्मनस्यरूपी दुष्ट अकुशल धर्म भित्र पसी मूर्खतापूर्वक गर्नुपर्ने कार्य गर्छन् ।

मन इन्द्रियलाई संवर नगरी विहार गरी बस्नाले अविद्या दौर्मनस्यरूपी दुष्ट अकुशल धर्म भित्र पसी मूर्खतापूर्वक गर्नुपर्ने कार्य गर्छन् ।

नरक भूमिमा रहेका अनन्त सत्त्व प्राणीहरू, तिर्यक् भूमिमा रहेका अनन्त सत्त्व प्राणीहरू, प्रेत भूमिमा रहेका अनन्त सत्त्व प्राणीहरू, असुर काय भूमिमा रहेका अनन्त सत्त्व प्राणीहरूलाई छ भाग गरेमा तीमध्ये एक भाग प्राणीहरू चक्षुको क्षेत्रबाट पतन भएकाहरू हुन् ।

त्यसरी नै एक भाग प्राणीहरू स्रोतको क्षेत्रबाट, एक भाग प्राणीहरू घ्राणको क्षेत्रबाट, एक भाग जिह्वाको क्षेत्रबाट, एक भाग कायको क्षेत्रबाट र एक भाग मनको क्षेत्रबाट पतन भएकाहरू हुन् ।

यही छ वटा क्षेत्रबाट बाहेक नरक, प्रेत, तिर्यक्, असुर भन्ने चार अपायभूमिमा अन्य क्षेत्रबाट भूलले पनि पतन भएका प्राणीहरू छैनन् ।

यो हो "सुञ्ञो गामोति खो भिक्खवे, छन्ने तं अज्झतिकानं आयतनानं अधिवचनं" भन्ने पालिको अर्थ विस्तार पूर्वक प्रकाशन गरिएको कुरो ।



Downloaded from http://dhamma.digital

# छ वटा बाहिर आयतनको प्रकाशन

## बाहिर आयतनको स्वभाव

गाम घातिका चोरातिखो भिक्खवे छन्नेतं वाहिरानं आयतनानं अधिवचनं ।

भिक्षुहरू ! गाउँलाई विध्वंस गर्ने डाँकूहरू भनेको छ वटा बाहिरको आयतनको नाउँ हो ।

१. अनेक प्रकारका वर्ण नामको रूपायतन ।

२. अनेक प्रकारका शब्द नामको सद्दायतन ।

३. अनेक प्रकारका गन्ध नामको गन्धायतन ।

४. अनेक प्रकारका रस नामको रसायतन ।

५.अनेक प्रकारका पृथ्वी, आपो, तेजो, वायो(वायु) रूपी स्पर्श नामको फोट्ठब्बायतन ।

६.चेतसिक ५२ वटा सूक्ष्मरूप १६ वटा र निर्वाण एउटा धम्मायतन ।

Dhamma.Digital

## ग्राम ध्वस्त गर्ने डाँकूहरूको उपमा

ती छ वटा बाहिर आयतनहरू नगर ग्रामलाई लुटेर दु:ख कष्ट दिइ खान पिन गरी बसेका जङ्गली डाँकूहरूको फौज समान हुन् । त्यो जङ्गलको नजिक साना ठूला नगर ग्रामहरू छन् । त्यहाँ नगरको पर्खाल, चारैतिर पानीले घेरेको नहर हातहतियारले सुसज्जित सैन्य सिपाहीहरू, काँढाको बार



Downloaded from http://dhamma.digital

ढोका आदि सुरक्षित हुने कुनै साधनहरू छैनन् । त्यस नगर गाउँलाई ध्वस्त गरी लुटी जीविका चलाइरहेका, जुवा खेलिरहेका पाँच सय वा एकहजारको एक एक दल गरी बसेका डाँकूहरू त्यस जङ्गलमा बसिरहेका छन् । ती डाँकूहरूले रात दिन नभनी इच्छाएको बेला नजिकको गाउँ निगमलाई घेरी सविञ्ञाणक अविञ्ञाणक प्राणीहरू र सामानहरू लुटेर लगिरहँन्छन् । गाउँमा चोरेका लुटेका सामानहरू स्वयं गाउँलेहरूलाई नै बोकाई डाँकूहरूको घरसम्म पुऱ्याउन लगाउँछन् । त्यस त्यस नगर, ग्रामवासीहरूको शस्त्र, अस्त्र नभएकोले नगर प्रकार, नहर, काँढाको बार ढोका, पाले पहराहरू बलियो नभएकोले डाँकूहरूबाट सँधै यसरी दुःख कष्ट सहनु परेंको हो । धन सम्पत्ति कमाई जोगाइ राखे पनि उनीहरू कहिल्यै धनी हुन सकेनन् । कोही कोही धनसम्पत्ति विहिन भई खानपिनसमेत गर्न पाएनन् भने कोही कोहीलाई त डाँकूहरूको अभिवृद्धिको निम्ति उल्टो आफ्नो धन सम्पत्ति बोकेर पुऱ्याउनु पर्ने भयो ।

## बोधिपक्खियलाई डाँकूहरूले बिगारेको उपमा

यो उपमाअनुसार सद्धा(श्रद्धा), सील (शील), सुत्त (सुन्नु), चाग (त्याग), पञ्ञा (प्रज्ञा), हिरी (लाज), ओतप्प (भय) भन्नें सप्तपुरूष धन संसारमा विचरण गरिरहेका ब्रह्मा, देव, मनुष्य, सत्त्वहरूको निम्ति धन समान हुन् । शासनभित्र बोधिपक्खिय धर्म ३७ वटा आध्यात्मिक धन समान हुन् ।



Downloaded from http://dhamma.digital

छ वटा अज्झत्तिक आयतन समूह भएको यो स्कन्ध देह त्यो नगर, ग्राम समूह समान हुन् । सविञ्ञाणक अविञ्ञणक रूप, सण्ठान, आकार, शब्द, गन्ध, रस आदि छ वटा बाहिरी आयतनहरू डाँकूहरूको दल समान हुन् । आजीवट्ठमक शील, इन्द्रिय संवर शील, कायगतासति आदिले रहित भएका बाल पृथक्जन सत्त्वहरू नगर प्राकार, नहर, काँढे बार, ढोका इत्यादि नभएका नगरवासी, ग्रामवासी सरह हुन् । जसरी असुरक्षित गाउँमा जुनसुकै बेला डाँकूहरू आई लुट्छन् त्यसरी नै सधैं दृढतापूर्वक रक्षा गर्नुपर्ने, पालन गर्नुपर्ने शील संवररूपी काँढे बार नभएका, अशुभ भावना, कायगतासति भावनारूपी हातहतियार नभएका व्यक्तिहरूको पञ्चस्कन्धरूपी शरीरमा छ वटा द्वारहरू असुरक्षित भएको कारणले ती छ वटा द्वार अगाडि भएका छ वटा आरम्मणले एउटै आसनमा पनि बार बार उत्पन्न भई आफूमा भएको कुशल चित्त, कुशल मन नामक धन सम्पत्ति आदि लुटेर नष्ट भ्रष्ट गरी दिन्छ । असल मन भएको समयमा पनि छ वटा द्वारमा घट्टन भएका ती आरम्मणहरूले त्यो असल मनलाई पूर्णरूपले घात गरी त्यो पुद्गललाई अकुशलतर्फ जबर्जस्ति तानेर लान्छ । फलस्वरूप त्यो पुद्गल त्यस कुशल मनलाई छाडी अकुशल आरम्मणमा पुग्छन् । आरम्मणरूपी डाँकूहरूको पछि पछि लाग्छन् त्यो कुशल मनले कहिले पनि सुक्ष्मरूपले शुद्ध भावनारूपी धन सम्पत्ति संग्रह गर्न सक्दैन ।

आजकल बुद्धशासनलाई प्राप्त गरेका दायकहरू, बुद्धको मूर्ति स्थापक दायकहरू, विहार दायक भनी ख्याति



Downloaded from http://dhamma.digital

प्राप्त दायकहरू पनि ६०, ७०, ८० वर्षसम्म पनि बहिद्ध आरम्मणरूपी डाँकूहरूको वशमा परी उद्धच्च, वितक्करूपी हातहतियारले आफूले आफैलाई निरन्तर प्रहार गराउँदै आएका छन् । उनीहरू आनापानसति आदि भावनारूपी धन प्राप्त गर्न नसकी तनावमा परी मरण हुन्छन् ।

यो अनमतग्ग भव संसार लामो समय बिताइ सके पनि अपाय आदि दुःखबाट सदाको निम्ति मुक्त हुन नसक्नेहरूको उदाहरण हो । अपाय आदि दुःखबाट सदाको निम्ति मुक्त हुन सक्ने भावनारूपी धन सहित भएकोले तथा उनीहरू आज सम्म पनि सत्कायदृष्टि आदि अविद्या अन्धकारमा रहेको कारणले पुरानो पुरानो अनन्त दुश्चरित्रलाई हटाउने कुरा त परै रहोस्, अझ झन् उनीहरूले नयाँ दुश्चरित्र धर्म थपाथप गर्दै लगका छन् र त्यही कारणले उनीहरू अपायगामी भएका छन् ।

छ वटा आरम्मण भनेको डाँकाहरूको हातहतियार पन्ध्रसय क्लेश नामक आगोको ज्वालारूपी शस्त्र अस्त्र हुन् । छ वटा आरम्मण नामक डाँकूहरूले त्यस त्यस सत्त्व स्कन्ध नामक नगर ग्रामलाई पन्ध्रसय क्लेश नामक मशाल लिई निरन्तर रूपमा जलाई रहेका छन् । त्यस स्कन्धरूपी नगर ग्राम्मा सतिपट्ठान आदि सार धन रत्न कहिले कसरी स्थिररूपमा बनाउन सकिने होला ? यस्तो अर्थलाई प्रकाश गर्नको निम्ति **'गाम घातका चोरातिखो, भिक्खवे, छन्नेतं बाहिरानं आयतनानं आधिवचनं'** भनी देशना गर्नुभएको हो ।

यो बाहिर आयतन छ वटाको प्रकाशन हो ।



Downloaded from http://dhamma.digital

# अट्ठार धातुको प्रकाशन

सेय्यथापि भिक्खवे कट्ठंच पटिच्च अग्गि जलति, कट्ठग्गित्वेव सङ्ख गच्छति । सकलिकंच पटिच्च अग्गि जलति, सकलिकग्गित्वेव सङ्ख गच्छति । तिणणं च पटिच्च अग्गि जलति, तिणग्गित्वेव सङ्ख गच्छति । गोमयं पटिच्च अग्गि जलति, गोमयग्गित्वेव सङ्ख गच्छति । थुसं च पटिच्च अग्गि जलति, थुसग्गित्वेव सङ्ख गच्छति । सङ्कारं च पटिच्च अग्गि जलति, सङ्कारग्गित्वेव सङ्ख गच्छति । एवमेव खो, भिक्खवे, चक्खुं च पटिच्च रूपे च उपज्जिति विञ्ञाणं, चक्खुविञ्ञाणं वेव सङ्ख गच्छति; सोतं च पटिच्च सद्दे च उपज्जिति विञ्ञाणं, सोतविञ्ञाणं त्वेव सङ्ख गच्छति; घानं च पटिच्च गन्धे च उपज्जिति विञ्ञाणं, घानविञ्ञाणं त्वेव सङ्ख गच्छति; जिह्वं च पटिच्च रसे च उपज्जिति विञ्ञाणं, जिह्वा विञ्ञाणं त्वेव सङ्ख गच्छति; कायं च पटिच्च फोट्ठब्बे च उपज्जिति विञ्ञाणं, काय विञ्ञाणं त्वेव सङ्ख गच्छति; मनं च पटिच्च धम्मे च उपज्जिति विञ्ञाणं, मनो विञ्ञाणं त्वेव सङ्ख गच्छति ।

(महातण्हासङ्खय-सुत्त पालि)♣

भिक्षुहरू ! उपमा कसरी भन्दा जसरी एक मुठा दाउरा बाली जुन आगो बल्छ, त्यो आगोलाई मुठा दाउराको आगो भनी

---

♣ मूल सूत्रको निम्ति, मज्झिमनिकाय, नेपाली पृ. २३३ र लेदी सयादो ग्रन्थ-संङ्गहाको परमत्थ दीपनी सङ्गहमहातीकापाठको चित्तसङ्गहमा पनि हेर्नुहोला ।–सम्पादक



Downloaded from http://dhamma.digital

नामकरण गरिन्छ। मुढो दाउरा बाली जुन आगो बल्छ, त्यो आगोलाई मुढो दाउराको आगो भनी नामकरण गरिन्छ। घाँस बाली जुन आगो बल्छ, त्यो आगोलाई घाँसको आगो भनी नामकरण गरिन्छ। गुइंठो बाली जुन आगो बल्छ, त्यो आगोलाई गुइंठाको आगो भनि नामकरण गरिन्छ। भूस बाली जुन आगो बल्छ, त्यो आगोलाई भूसको आगो भनी नामकरण गरिन्छ। धूलोको थुप्रो बाली जुन आगो बल्छ, त्यो आगोलाई धुलोको आगो भनि नामकरण गरिन्छ।

भिक्षुहरू ! त्यसरी नै चक्खु धातुलाई पनि, अनेक प्रकारका वर्ण (रूप) नामक रूप धातुलाई पनि लिएर जुन विञ्ञाण धातु उत्पन्न हुन्छ त्यस विञ्ञाण धातुलाई चक्खुविञ्ञाण धातु भनी नामकरण गरिन्छ। सोत धातुलाई पनि, अनेक प्रकारका शब्द धातुलाई पनि लिएर जुन विञ्ञाण धातु उत्पन्न हुन्छ, त्यस विञ्ञाण धातुलाई सोतविञ्ञाण धातु भनी नामकरण गरिन्छ। घाण, सोत धातुलाई पनि, अनेक प्रकारका शब्द धातुलाई पनि लिएर जुन विञ्ञाण धातु उत्पन्न हुन्छ, त्यस विञ्ञण धातुलाई सोतविञ्ञाण धातु भनी नामकरण गरिन्छ। जिह्वा धातुलाई पनि, तीतो मीठो, गुलियो, नुनिलो, अमिलो, पीरो अनेक प्रकारका रस धातुलाई पनि लिएर जुन विञ्ञाण धातु उत्पन्न हुन्छ, त्यस विञ्ञाण धातुलाई जिह्वाविञ्ञाण धातु भनी नामकरण गरिन्छ। काय धातुलाई पनि, अनेक प्रकारका स्पर्श हुने फोट्ठब्ब धातुलाई



Downloaded from http://dhamma.digital

पनि लिएर जुन विञ्ञाण धातु उत्पन्न हुन्छ, त्यस विञ्ञाण धातुलाई कायविञ्ञाण धातु भनी नामकरण गरिन्छ । मनो धातु मनोविञ्ञाण धातुलाई पनि ६९ धर्म धातुलाई पनि लिएर जुन विञ्ञाण धातु उत्पन्न हुन्छ, त्यस विञ्ञाण धातुलाई मनोविञ्ञाण धातु भनी नामकरण गरिन्छ ।

चक्खु धातु १, रूप धातु १, चक्खुविञ्ञाण धातु १ गरी तीन धातुको एक समूह ।

सोत धातु १, शब्द धातु १, सोतविञ्ञाण धातु १ गरी तीन धातुको एक समूह ।

घाण धातु १, गन्ध धातु १, घाणविञ्ञाण धातु १ गरी तीन धातुको एक समूह ।

जिह्वा धातु १, रस धातु १, जिह्वाविञ्ञाण धातु १ गरी तीन धातुको एक समूह ।

काय धातु १, फोट्ठबब धातु १, कायविञ्ञाण धातु १ गरी तीन धातुको एक समूह ।

(मनो धातु १, धम्म धातु १, मनोविञ्ञाण धातु १ गरी तीन धातुको एक समूह ।)

पञ्चद्वारवज्जन र सम्पटिच्छन द्वे नामक मनो धातु १, आरम्मण पाँच वटा बाहेक समस्त कुशल अकुशल अब्याकृत धर्म धातु १, मनो विञ्ञाण धातु १ गरी तीन धातुको एक समूह ।

तीन तीन वटा धातुको एक एक समूह गरी जम्मा छ जोर धातु भयो ।



Downloaded from http://dhamma.digital

# तण्हासंखय–सुत्त

यो सूत्र देशनालाई धेरै उपमा दिइ बताउनु भएकोमा मूल कारण भगवान् बुद्धको समयमा 'साति' नामक भिक्षुको 'तवेविदंव विञ्ञाणं सन्धावति, संसारति न अञ्ञं' भन्ने मिथ्या धारणा र निच्च दिट्ठि भएकोले हो । त्यो विञ्ञाण एउटै मात्र दगुरी रहन्छ, परिवर्तन भइरहन्छ, अर्को नयाँ नयाँ एक एक भई दुगुर्ने होइन, परिवर्तन हुने होइन, बदल्ने होइन ।

साति नामक भिक्षुको विचार यस्तो थियो–विञ्ञाण भनेको एक सत्त्वसँग एउटा मात्र हुन्छ, जुन हृदयमा सधैँ स्थिर भई रहन्छ । आँखामा रूप आरम्मण उपस्थित हुँदा त्यही विञ्ञाण हृदयबाट आँखामा सरी रूपारम्मणलाई हेर्छ । कानमा शब्द घट्टन हुनासाथ कानमा सरेर सद्दारम्मण ग्रहण गर्छ । यसरी नै छवटा द्वारमा आरम्मण घट्टन भई विञ्ञाण गर्दै सर्दै आरम्मण ग्रहण गर्छन्, अनुभव गर्छन्, जन्मभर एउटै भई स्थिर रहन्छ । भव बदले पनि यो विञ्ञाण एउटै मात्र हुन्छ, त्यस त्यस भावमा सर्छ । यो विञ्ञाण निरोध हुन्छ, विनाश हुन्छ, मृत्यु हुन्छ भन्ने हुँदैन । कल्प कल्पसम्म सदा स्थिर हुन्छ भन्ने तात्पर्य हो । यसलाई नै 'शास्वतदृष्टि' भनिन्छ ।

यो दृष्टिलाई हटाई विञ्ञाणको अनित्य धर्म, अनात्मा धर्म साँच्चै नै भएको कारणलाई प्रकाश पार्नको निम्ति यो



Downloaded from http://dhamma.digital

देशना आज्ञा गर्नु भएको हो । यो देशनामा मूलरूपमा छ वटा विञ्ञाणलाई मात्र बताउनु भएको भएता पनि यसमा अट्ठार धातु पनि समावेश भएका छन् । उपमा उपमेय्यसँग पनि पूर्ण भएका छन् । अट्ठार धातु मध्येमा पनि सातवटा विञ्ञाण धातुमा नित्य दृष्टि, आत्मा दृष्टि साह्रै बलियो हुने भएकोले यो ग्रन्थमा १८ धातु सम्बन्धी देशनालाई प्रकाश पारिदिएको छु ।

## अट्ठार धातु विभाजन गर्ने विधि

अट्ठार धातु विभाजन गर्ने विधि यस प्रकार छन्– धातु तीन वटाको एक थरी गरी छ जोर भएकोमा अगाडिको पाँच जोर माथि उल्लेख गरेअनुसार नै भयो । अन्तिम तीन वटाको एक समूह भनेको मनो धातु १, मनो विञ्ञाण धातु १, धम्म धातु १ हुन् । मनोधातुमा पनि पञ्चद्वारावज्जन एक र सम्पटिच्छन्न दुई गरी तीन वटा चित्तलाई लिनुपर्दछ । मनोविञ्ञाण धातुमा पनि पञ्चविञ्ञाण धातु १० वटा र मनोधातु ३ वटा बाहेक बाँकी ७६ वटा चित्तलाई लिनुपर्दछ । धम्म धातुमा पनि चेतसिक ५२ वटा, सुखुम (सुक्षम) रूप १६ वटा निर्वाणलाई लिनुपर्दछ । उपरोक्त रूपमा वर्णन गरिएको देशनामा छ द्वार, छ आरम्मण, छ विञ्ञाणलाई प्रधान गरी देखाइएको हो । १८ धातुलाई मात्र प्रधान गरी देखाइएको होइन ।



Downloaded from http://dhamma.digital

प्रस्तुत ग्रन्थमा राम्ररी बुझ्नको निम्ति यो देशना विधिलाई क्रमशः आधार लिइ धातु कर्मस्थानलाई बनाउने छु। पहिले उल्लेख भएको उपमामा १) मुठा दाउराको आगोको ज्वाला, २) मुढा दाउराको आगोको ज्वाला, ३) घाँसको आगोको ज्वाला, ४) गुइँठाको आगोको ज्वाला, ५) भूसको आगोको ज्वाला, ६) धूलोको आगोको ज्वाला गरी जम्मा आगोको ज्वाला छ थरीका छन् । आगोलाई बाल्न सक्ने पुरूषको उद्योगको कारणले बलेको मुठा दाउराको आगोलाई *'मुठा दाउराको आगो'* भनिन्छ। बाँकी पाँच वटा आगोलाई पनि यसरी नै सम्झनुपर्छ। यी छ थरीका आगोको ज्वाला छ वटा भिन्न भिन्न रूपमा छन् । मुठा दाउराको आगोको ज्वाला मुठा आगोमै मात्र हुन्छ, त्यो मुठा दाउरामै विनाश हुन्छ, निभ्छ; मुढो दाउराको आगो पनि मुढो दाउरामै मात्र उत्पन्न हुन्छ, विनाश हुन्छ, निभ्छ। मुठा दाउराको आगो मुठा दाउराबाट उत्पन्न भई मुढो दाउरामा सर्दैन । मूढो दाउराको आगो पनि एउटाबाट अर्कोमा सर्दैन । यहाँ प्रश्न उठ्न सक्छ कि–एक बाट अर्कोमा नसर्नुको कारण के हो ? लोकमा देखेका आगो एकबाट अर्कोमा सरेकै छन् भन्ने प्रश्न उठ्न सक्छ । यो सरेको होइन । आगो सल्कने पदार्थमा आगो बल्ने इच्छा भएमा आगो बलीरहेकोमा त्यो पदार्थ छुवाइ दिन्छ। यो अर्कै आगो भयो । त्यो बलीरहेको पदार्थले बल्ने पदार्थलाई उत्तेजित गर्छ। अथवा त्यसलाई बल शक्ति प्रदान गर्छ। अनि त्यो तेजो बल्छ। त्यस बल्ने पदार्थमा आगो बल्छ। अर्को



Downloaded from http://dhamma.digital

बलिरहेको आगो त्यो बल्ने पदार्थ सरेको होइन । एउटा घर बले अर्को घर पनि बल्ने अवस्थामा पनि यसरी नै सम्झनुपर्छ । एउटा एउटा आगो बल्ने पदार्थ अर्को आगो बल्ने पदार्थमा सरेको भए पहिलेको आगो बल्ने पदार्थलाई छोडी पछिल्लो आगो बल्ने पदार्थमा सर्नुपर्ने हो । बल्ने पदार्थ अलग्ग भएपछि आगोको निभ्ने स्वभाव भएकोले अघिललो आगो त्यतिकै निभ्नु पर्ने हो ।

फेरि यहाँ प्रश्न उठ्न सक्छ–आगोको ज्वाला भन्नाले हावाको शक्तिले एक ठाउँबाट उडेर गई अर्को ठाउँमा बल्न सक्ने दृष्टान्त देख्न सकिँदैन र ? उडेर गएको आगोले तेजो शक्तिद्वारा बलीरहेको पदार्थमा पृथवीरूपी बल्ने पदार्थसँगै लिएर गएका छन् । त्यो सहजात पृथ्वी बल्ने पदार्थ लिइ उडेर जान्छ । बल्ने पदार्थ अलग भई उडेर गएको होइन । त्यो बल्ने पदार्थ सकिए पछि आगो निभ्छ । त्यो बल्ने पदार्थ आँखाले देख्ने छैन । त्यसैले आँखाले देखेकोलाई मात्र लिइ आगो सऱ्यो भनिएको हो । यो आगो सर्नुबाट लोक र धम्म दुईवटालाई स्पष्ट गरेको कुरा भयो ।

फेरि एउटा बलीरहेको पदार्थ अर्को पदार्थमा आगो सर्ने भन्ने हुँदैन । त्यति मात्र हुँइन एउटै दाउरामा बलीरहेको आगोमा पनि एक ठाउँबाट अर्को ठाउँमा सर्ने भन्ने हुँदैन । यसरी एउटा अष्टकलापबाट अर्को अष्टकलापमा सर्नु भन्ने पनि हुँदैन । आआफ्नो आगोबाट बली आआफ्नो कलाप सकिएर गएपछि आआफ्नो आगो पनि सकिएर जाने स्वभाव हो । सँगै भएको एउटा कलापमा पनि सकिएर जाने स्वभाव हो । सँगै भएको एउटा कलापमा पनि सर्नु भन्ने हुँदैन । अघिल्लो पछिल्लो



Downloaded from http://dhamma.digital

सन्ततिको रूपमा भएको कलाप एउटामा पनि सर्नु भन्ने हुँदैन। आगोलाई पनि ज्वालालाई पनि राम्ररी हेरमा यताउति चलिरहेको देख्छौं। यताउति चलिरहेको सवै छुट्टा छुट्टै रूपमा आआफ्नो कलाप आगो उत्पन्न भइरहेको, विनाश भइरहेको कार्य हुन्।

यो लोक र धर्म दुईवटामा वास्तविक धर्मको स्वभावलाई देखाइएको कुरा हो।

छ वटै उपमामा स्पष्ट गरी देखाइएको कुरा समाप्त।

## धातुको घर धातुको भाँडो

प्रत्येक सत्त्वमा धातुरूपी घर छ वटा, धातुरूपी भाँडो छ वटा, धातुरूपी बत्ती बाल्ने धागो छ वटा, धातुरूपी आगोको ज्वाला छ वटा, धातुरूपी आगोलाई बाल्ने छ जना, धातुरूपी सलेदो हजारौं हजार हुन्छ।

आँखा, कान, नाक, मुख, शरीर र हृदय गरी छ वटालाई *'धातुरूपी घर'* छ वटा भनिन्छ। आँखा, कान, नाक, जिव्रो, बाक्लो, पातलो, छाला, जालि, मासु, मुटु, फोक्सो, ठूलो आन्द्रा, सानो आन्द्रा, ठूलो नशा, सानो नशा, बोसो, गिदी भित्रको सवै, तथा मुटुमा रहेको रगत समेत गरी यसलाई *'धातुरूपी भाँडो'* भनिन्छ।

चक्खुवत्थुरूप, सोतवत्थुरूप, घानवत्थुरूप, जिह्वा वत्थुरूप, कायवत्थुरूप, हृदयवत्थुरूप यी छ वटालाई धातुरूपी भाँडोमा रहेको *'धातुरूपी सलेदो'* भनिन्छ।



Downloaded from http://dhamma.digital

चक्खुविञ्ञाण, सोतेतविञ्ञाण, घानविञ्ञाण, जिह्वाविञ्ञाण, कायविञ्ञाण, मनोविञ्ञाण– यी छ वटालाई धातुरूपी बत्तीमा बल्ने *'धातुरूपी आगोको ज्वला'* भनिन्छ ।

आधार कृत्यलाई लिइ वत्थुरूप छ वटालाई सलेदो भनिन्छ । यहाँ बल्ने भएकोले भनेको होइन आरम्मणलाई प्रकाश पार्ने भएकोले छ वटा विञ्ञाणलाई *'धातुरूपी आगोको ज्वाला'* भनिन्छ । यहाँ पनि पोल्ने कारणले भनेको होइन ।

अनेक प्रकारका वर्ण, शब्द, गन्ध, रस, स्पर्श अनेक प्रकारका कुशल अकुशल अब्याकृत धर्म, आआफूसित सम्बन्धित धातुरूपी आगो बाल्नको निम्ति बाल्नेहरू छ जना छन् ।

हृदयमा धातुरूपी घर भनेको जिउभरी फैलिएका साना ठूला नशाहरू हजारौं धातुरूपी धागो हुन्छ । रूपारम्मण आदि छ वटालाई मट्टितेलजस्तै धातुरूपी आगोलाई अत्यन्त प्रज्वलित गर्न सक्ने *'धातुरूपी सलेदो छ वटा'* भनिन्छ । यो खन्धपुर नामक धातु नगरको धातु क्रिया समूहलाई छोटकरीमा देखाइएको कुरा हो ।

प्रतिसन्धि कालदेखि उत्पन्न भएको भवङ्ग नामक मनोविञ्ञाणधातुरूपी आगोको ज्वाला हृदय धातुरूपी घरको मुटुमा रगत भरिभराउ भएको हृदयवत्थुको आधार लिई निरन्तर प्रवाहित हुन्छ । त्यस बखत अत्यन्त धमिलो धातुरूपी आगोको ज्वाला हुन्छ । भवङ्ग चित्तले आरम्मण



Downloaded from http://dhamma.digital

गर्दा अघिल्लो जन्मको मरणासन्न कालमा देखेका पुरानो एक न एक आरम्मणलाई सधैं आरम्मण गर्छ । यस वर्तमान जन्ममा देखेका नयाँ आरम्मणलाई आरम्मण गर्दैन । त्यसैले भवङ्गको आरम्मणलाई त्यो पुद्गलले चाल पाउँदैन । त्यस हृदयधातुरूपी घरभित्र अर्को एउटा विञ्ञाणधातु उत्पन्न हुने अवस्थामा मात्र त्यो भवङ्ग चित्त छुटिन्छ । यसरी नै चक्खुधातु, सोतधातु, घाणधातु, जिह्वाधातु आदि एक एक धातुको घरमा पञ्चविञ्ञाण धातु उत्पन्न हुने समयमा भवङ्ग चित्त विच्छेद हुन्छ । यहाँ होस पुऱ्याउनु पर्ने कुरा के छ भने चित्त भनेको शरीरको सबै भागमा एक पटकमा एक ठाउँमा मात्र उत्पन्न हुने स्वभावको हुन्छ । चित्त शरीरभरी फिजेर बस्दैन । चक्खुधातुरूपी घरमा उत्पन्न हुँदा शरीरको अङ्ग भएको आँखामा मात्र चित्त उत्पन्न हुन्छ । बाँकी शरीरको अर्को भागमा चित्त उत्पन्न हुँदैन । यसरी नै सोत धातुरूपी घरहरूमा पनि यसरी नै बुझ्नुपर्छ । तर चित्तको उत्पत्ति विनाश भनेको आँखा पलक मार्ने समय भित्र लाख कोटी वेगले चल्ने भएकोले साधारण मानिसले रूपलाई देख्ने शब्दलाई सुन्ने एकै पटक भएको जस्तो भान हुन्छ । (यो पनि एउटा स्वभाव धर्म हो ।)



Downloaded from http://dhamma.digital

## चक्खुविञ्ञाण धातुलाई जान्ने विधि

चक्खुविञ्ञाण धातुको काम अनेक प्रकारका वर्णलाई देख्नु हो । परन्तु अनेक प्रकारले चिन्तना गरी थाहा पाउनु यसको काम होइन । आँखाले देखी सकेपछि मात्र अनेक प्रकारले चिन्तना गरी जान्ने काम हृदयधातुरूपी घरमा उत्पन्न हुने मनोविञ्ञाण धातुको काम हो । त्यसैले देखिरहेको अवस्थामा त्यो पुद्‌गलले *'मैले देखें'* भनी थाहा हुँदैन । चक्खुविञ्ञाण पछि मनोविञ्ञाण धातु उत्पन्न भएपछि मात्र 'मैले देखे' भनी थाहा पाउँछ । देखेको वस्तुको सेतो, रातो आदि वर्ण तथा गोलो, लाम्चो आदि सण्ठान प्रज्ञप्तिलाई चक्खुविञ्ञाण उत्पन्न भइसकेपछि मनोविञ्ञाण धातु उत्पन्न भएर मात्रै यो यो देखे भनी थाहा पाउँछन् ।

देख्ने क्रिया चक्खुधातुरूपी घरबाट उत्पन्न हुन्छ । देखी सकेपछि थाहापाउने क्रिया हृदयधातुरूपी घरबाट उत्पन्न हुन्छ । जसरी काठको मुढोलाई देखेमा *'काठको मुढो'* देखें भनी, खम्बालाई देखेंमा *'खम्बा'* देखे भनी थहा पाए पनि स्वभाव धर्मअनुसार लिंदा देख्नु र थाहा पाउनु दुई अलग अलग क्रिया हुन् । देख्ने, एक पटक थाहा पाउने आलो पालो गरी भइरहेको हो । लोकको दृष्टिअनुसार चित्तको परिवर्तन ज्यादै छिटो गतिले भएकोले देख्नु र थाहापाउनु एउटै जस्तो एकै पटक भएकोभैं ठान्छन् । यसरी नै शब्दलाई सुन्नु र थाहापाउनु, गन्धलाई सुँघ्नु र थाहापाउनु, पोलेको, चीसो,



Downloaded from http://dhamma.digital

कडा नरम आदि स्पर्श हुने र स्पर्श भएको थाहा पाउनु यी सबै अलग अलग हुन् भनी बुझ्नुपर्दछ। चिन्तना गरी थाहा पाउनु जति हृदयधातुरूपी घरबाट मात्र उत्पन्न हुन्छ। यो पनि एउटा स्वभाव धर्म हो।

## चक्खुधातु र हृदयधातु

चक्खुधातुरूपी घरलाई आँखा उघारि चन्द्रमालाई हेर्दा चन्द्रमाको गोलाकार चक्खु धातुरूपी घर भित्रको चक्खु प्रसाद धातुमा र हृदयधातुरूपी घर भएको भवङ्ग नामक मनोप्रसाद धातुमा एकै पटकमा घट्टन हुन्छ। चक्खुधातु रूपी घरमा चन्द्रमाको गोलाकार एउटा र हृदय धातुरूपी घरमा चन्द्रमाको गोलाकार एउटा एकै पल्ट प्रतिबिम्बित हुन्छ। यसरी प्रतिबिम्बित हुने स्वभाव धर्मअनुसार लिएमा विजुलि चम्कनेझैं प्रभाव हुन्छ। त्यस बखत हृदय धातुरूपी भाँडोमा भवङ्ग चित्त कम्पन भई उच्छेद हुन्छ। त्यस चन्द्रमाको गोलाकारलाई बिचार गर्ने आवर्जन चित्त हृदयधातु भित्र पहिलो पल्ट उत्पन्न हुन्छ र त्यसलाई के हो भनी विचार गर्छ। त्यो विचार गर्ने निरोध भएपछि चक्खु धातुरूपी घरमा चक्खुविञ्ञाणधातु एक पटक उत्पन्न हुन्छ, यसलाई चक्खुविञ्ञाण भनिन्छ। त्यो देख्ने निरोध भए पछि हृदय धातुको घरमा थाहापाउने विचार गर्ने उत्पन्न हुन्छ। त्यसपछि देख्ने एक पटक थाहा पाउने एक पटक गरी लाखौं



Downloaded from http://dhamma.digital

बार उत्पन्न हुन्छ । यसरी भइन्जेल फलानोलाई मैले देखें, मैले हेरिरहें इत्यादि रूपले धारण गर्छन् ।

उदाहरणको निम्ति यहाँ चक्खुविञ्ञाणले *'देख्ने'* र मनोविञ्ञणले *'थाहा पाउने'* लाई प्रस्तुत गर्छु । जस्तै चक्खुविञ्ञाण उत्पन्न गराउनको निम्ति एउटा रूपको आवश्यक हुन्छ । अब चन्द्रमाकै गोलाकारलाई लिउँ । यो चन्द्रमाको गोलाकार रूपी रूपारम्मणले चक्खुपसादमा र हृदयधातुमा एकै पटक घट्टन हुन्छ । यो चन्द्रमाको गोलाकारको कारणले नै चक्खुपसादमा र हृदयधातुमा घट्टन भएको हो । यदि चन्द्रमाको गोलाकार नभएको भए चक्खुपसादमा र हृदयधातुमा घट्टन हुने सम्भव हुँदैन । त्यसैले चन्द्रमाको गोलाकार रूपारम्मणले यन्त्र सञ्चालन क्रियामा दम दिनु समान काम गरिरहेका छन् । यो अवस्थामा हृदय धातुरूपी घरमा भवङ्गरूपी यन्त्र दुई पटक घुमी निरोध भएपछि मात्र *'विचार गर्नु', 'देख्नु', 'थाहा पाउनु', 'चिन्तन गर्नु'* भन्ने विञ्ञाण धातुरूपी आगो क्रमशः प्रज्वलित हुन्छ । जवन नामक विञ्ञाणधातु आगो धेरै वेगवान हुन्छ । वितक्क, विचार, लोभ, दोस, मोह, सद्धा, पञ्ञा, सति, वीरिय आदि यन्त्ररूपी प्रवल वाफको शक्ति हुन्छ । दम दिने सविञ्ञाणक, अविञ्ञाणक धातुअनुसार अनेक कार्य उत्पन्न गराउँछ ।

यो कुरालाई अलि व्याख्या गर्छु–दम दिने वस्तु लोभको आहार भएमा हृदय धातुको घरमा लोभ धातु अग्नि



Downloaded from http://dhamma.digital

वस्तुअनुसार वेग सहित दन् दन् बल्छ । लोभमूल धातुरूपी आगोको ज्वालाबाट उत्पन्न भएको चित्तजरूप कलापहरू जिउभरी एकै पल्ट फिजेर जान्छ । कोठामा बेलुकी बत्ती बाल्दा बत्ती बल्नासाथ प्रकाश कोठाभरी एकै पल्ट छरिने जस्तै हो । यसरी नै दम दिने वस्तु दोस अग्निलाई वृद्धि गर्न सक्ने दोस बत्ती भई दोसमूल धातु दन् दन् बल्छ, दोसमूल चित्तज रूप पनि तत्क्षणमै जिउभरी फैलिने आदिलाई पनि यसरी नै बुझ्नुपर्छ ।

आँखामा रूप प्रतिबिम्बित हुनासाथ त्यो व्यक्तिलाई आनन्द हुने चित्त उत्पन्न हुन्छ, अथवा विस्मात हुने चित्त उत्पन्न हुन्छ, अथवा मन परेको पनि होइन मन नपरेको पनि होइन उपेक्षाभावको चित्त उत्पन्न हुन्छ । यसो हुनुको कारण हृदय धातुबाट उत्पन्न हुने मनोकर्मबाट बलेको जवन अग्निधातुको प्रक्रिया हो ।

मुखबाट निस्कने भिन्न भिन्न प्रकारको शब्द उत्पन्न हुने कुरा उपमाद्वारा पनि थाहा पाउन सकिन्छ । उदाहणको निम्ति जहाजमा सिटी बज्ने शब्द निकाल्ने चिम्नि हुन्छ । तातो पानीको भाँडोबाट चिम्नितर्फ वाफ जाने बाटो हुन्छ । चिम्नि भित्र विशेष प्रकारको जिब्री हुन्छ जसबाट शब्द निस्कन्छ । जुन बेला सिटीको आवाज दिनुपर्ने हुन्छ त्यस बखत वाफको बिर्को खोलिदिन्छ । त्यस पछि वेगले वाफ माथि उठी जिब्रीलाई धक्का दिन्छ । त्यो जिब्रीबाट सिटीको



Downloaded from http://dhamma.digital

शब्द निस्कन्छ। ठीक यसरी नै मानिसहरूको आवाज निस्कने पनि वुझ्नुपर्छ। घाँटी, मुख चिम्नी समान हुन्। हृदय धातु घरमा घाँटीको प्वालमा मुखमा जाने वायु मार्ग छ। शब्द निकाल्ने चेतना उत्साह जवनधातु आगो हृदयधातु घरमा प्रज्वलित भएपछि त्यो घाँटीमा चित्तजवायु उत्पन्न हुन्छ। घाँटीमा माथितिर किलकिलेको स्थान छ। कण्ठ, तालु, मुख, जिब्रोको माथिल्लो भाग, बीचको भाग, छेउको भाग, दाँत, ओठ आदिमा शब्द निस्कने एक एक थरी धेरै प्रकारका ठाउँ छन्। जुन जुन अक्षरको स्वर निकाल्नु पर्ने हो त्यसरी नै जिब्रोको टुप्पो हल्लाई विभिन्न शब्द निकालिन्छ। शब्द निस्कनु भनेको पनि अङ्गअङ्गानुसारी नामक चित्तज वायुको काम हो।

हृदयधातु घरमा प्रज्वलित हुने जवन धातु आगो लोभ जवन भएका तृष्णाको शब्द, लोभको शब्द, रागको शब्द भएर निस्कन्छ। दोस जवन भएमा दोसको शब्द, दोमनस्सको शब्द भई निस्कन्छ। त्यसरी नै बाँकी अनेक प्रकारका जवनमा पनि एवं प्रकारले सम्झनुपर्छ। शब्दलाई सुनेको कारणले त्यो व्यक्तिमा लोभ जवन हुन सक्छ, दोस जवन हुन सक्छ इत्यादि रूपले थाहा पाउँछ। यो हृदय धातुरूपी घरमा वची कर्म कृत्यसँग प्रज्वलित हुने जवन धातु अग्निको काम भयो।



Downloaded from http://dhamma.digital

शरीरको अङ्ग प्रत्यङ्ग चल्ने, उठाउने, बस्ने, उठ्ने, हिंड्ने, दगुर्ने, खुम्चयाउने, फैलाउने आदि काय कर्म क्रिया पनि भिन्न भिन्न रूपले उपरोक्त रूपले नै हुन्छन् । उदाहरणार्थ जहाजमा तातो पानी बस्ने भाँडो यन्त्रको पूर्जा सानो-ठूलो क्रमैसँग हुन्छ । त्यसरी नै खन्धपुर (शरीर) धातुरूपी जहाजभित्र पनि पैतालादेखि टाउकोसम्म भित्र बाहिर फिजेका धेरै हाडहरू र नसाहरू हुन्छ ।

आसनमा बसुं भन्ने चेतना उत्साह धातुरूपी आगो हृदय धातु घरमा प्रज्वलित भएपछि त्यो उत्साह धातु आगोबाट उत्पन्न भएको अङ्गमङ्गानुसारी नामक वायु धातु शरीरभरी भएकोले सानो-ठूलो नसाहरू भरी भराउ हुने गरी सञ्चालन हुन्छ। शरीर भित्रका नशाहरू चित्त गएको ठाउँमा त्यस वायु धातुमा सञ्चालन हुन्छ । फलस्वरूप नसासित सम्बन्धित शरीरको अङ्ग प्रत्यङ्गहरू इच्छानुसार चल्ने आदि क्रिया हुन्छ । नसासँग सम्बन्धित शरीरको अङ्ग प्रत्यङ्ग मनमुताविक वायु धातुसँग त्यतिकै सञ्चालन भइरहन्छ । त्यस बखत चल्नु, उचाल्नु, बस्नु, उठ्नु, हिंड्नु, दगुर्नु, खुम्च्याउनु, फैलाउनु आदि उत्पन्न हुन्छ । यो शरीरमा चल्ने क्रियालाई देखाइएको कुरा हो ।

यसरी नै शरीरका विभिन्न अङ्गहरू जस्तै हात, खुट्टा, टाउको, आँखा, जिब्रो, जिब्रोको टुप्पो, चिउँडो, ओठ आदि हल्लाउनु भनेको त्यस त्यस चल्ने अङ्गसँग सम्बन्धित सानो-ठूलो



Downloaded from http://dhamma.digital

नसाहरूको कारणले हुन् भनी थाहा पाउनुपर्छ । यो स्कन्ध 'देह' भनेको हात, खुट्टा चलाउने कठपुतलीझैं हुन् । नसाहरू धेरे भएको वायु धातु कठपुतली हल्लाउने धागो समान हुन् । हृदय धातुरूपी घरमा रहेको जवन चित्त कठपुतलीको धागो समाई चलाउने पुरुष समान हो । यसरी भिन्न भिन्न रूप नामक रूपधातुको चक्खुधातुरूपी घर, हृदय धातुरूपी घर दुबैमा घट्टन हुने कुरालाई लिएर हृदय धतुरूपी घरमा उत्पन्न भएको विञ्ञाण धातुको शक्तिले गरेको कार्यअनुसार काय कर्म, वची कर्म, मनो कर्म उत्पन्न भएकोलाई देखाइएको भयो । एवं प्रकारले भिन्न भिन्न प्रकारका शब्द नामक सद्द धातु, भिन्न भिन्न प्रकारका गन्ध नामक गन्ध धातु, भिन्न भिन्न रस नामक रस धातु, भिन्न भिन्न फोट्ठब्ब नामक फोट्ठब्ब धातु–यी एक एक प्रत्येक ती धातुरूपी घरसँग र हृदय धातुरूपी घरसँग दुवै घट्टन हुनेलाई हृदय धातुरूपी घरमा उत्पन्न भएको विञ्ञाण धातुको शक्तिले गरेको कर्मअनुसार काय कर्म, वची कर्म, मनो कर्म तीन वटा उत्पन्न हुने तरिका पनि यही विधिअनुसार विस्तृत रूपमा बुझ्नुपर्छ ।

## धातुको विचित्रता

धम्मारम्मण भन्नाले लोकधर्मअनुसार अनेक प्रकारका छन् । ती अनेक प्रकारका धम्मारम्मणसहित माथि उल्लेखित



Downloaded from http://dhamma.digital

रूप-धातु, शब्द-धातु, गन्ध-धातु, रस-धातु, फोट्ठब्ब-धातुको पञ्चद्वार धातुरूपी घरसँग नमिसि शुद्ध हृदयधातु घर भवङ्ग, चित्तमा घट्टन हुने पनि धेरै छन् । अब आँखाले देख्नु आदि पाँच (इन्द्रिय) सँग अलग्ग भई शुद्ध-चित्तमा उत्पत्ति भएको *'थाहा पाउनु'*लाई लिउँ । तीन वटा कर्म बन्ने यो शुद्ध हृदय धातु घर भन्ने पनि अनेक प्रकारका छन् । परन्तु यी बन्ने आकार प्रकारको केही विशेषता छैन ।

यो कुरा बुझ्नलाई यहाँ एउटा उपमा प्रस्तुत गर्दछु– दम हाली कमानीबाट चल्ने एउटा यन्त्र मानव छ । त्यसमा साँचोको प्वाल, साँचोसहित अनेक प्रकारका साना ठूला पूर्जाहरू जडान गरेका हुन्छन् । त्यस यन्त्र मानवको आँखा, साँचोको प्वालमा एक पटक दम हालि दिएपछि १/२ मिनेट देखि १/२ घण्टा सम्म दम भएसम्म वा चलीरहेसम्म साँच्चैको मानिसलेझैं त्यो यन्त्रमानवले अनेक प्रकारका शब्द निकाल्छ, कुरा गर्छ । यसरी नै बस्ने, उठ्ने, सुत्ने तथा शरीरका अङ्ग प्रत्यङ्ग हल्लाउने गर्छ । यसरी यन्त्र मानवले जुन जुन अङ्ग चलाउनु पर्ने हो ती ती अङ्गमात्र चलाएर देखाउँछ । त्यस्तो यन्त्र रूपी मानवलाई सत्त्व प्राणीहरूको स्कन्ध देहमा पनि देख्न सक्नुपर्छ ।

यहाँ बाहिरको छ वटा आरम्मण भनेको दम राख्ने छ वटा साँचो समान हुन् । आरम्मण बस्ने सविञ्ञाणक छ वटा वस्तु, छ जना साँचो सम्हाल्ने, दम हाल्ने वा यन्त्र चलाउने



Downloaded from http://dhamma.digital

व्यक्ति समान हुन् । आँखारूपी घर, आँखारूपी प्वाल आदि छ वटा साँचो र साँचो घुसार्ने प्वाल छन् । भवङ्ग नामक दम कमानी छ । जवन वीथि चित्तप्पद नामक ठूलो यन्त्र पूर्जा छ । धेरै ठूलो-सानो नसाहरू नामक यन्त्रका तार छन् । आँखाको सामु रहेका सविञ्ञाणक, अविञ्ञणक वस्तुहरू रङ्गी विरङ्गी रूप नामक साँचोद्वार चक्खुद्वारको साँचोको प्वालमा मा एक पटक दम दिए पछि यन्त्र खुली भवङ्ग नामक दम कमानि नसकिए सम्म जवन वीथी चितुप्पाद नामक यन्त्र वेगले चली कायकर्म, वचीकर्म, मनोकर्मलाई उत्पन्न गराउँछ । कान आदिको सामु उपस्थित भएका सविञ्ञाणक अविञ्ञाणक वस्तुले अनेक प्रकारका शब्द, वचनरूपी साँचोले सम्बन्धित स्रोतद्वार आदिमा साँचोको प्वालमा एक एक पटक दम दिने बखतमा पनि भिन्न भिन्न कायकर्म, वचीकर्म, मनोकर्महरू उत्पत्ति हुनुलाई माथि उल्लेख गरेझैं बुझ्नुपर्छ । निदाइरहनु भनेको दम कमानी सकिएकोझैं हो । बिउँझेपछि सर्वप्रथम बिउझनुरूपी साँचोले खोल्नुदेखि लिएर दिनभर अनेक कायकर्म, वचीकर्म, मनोकर्महरू हुन्छन् । यसरी काय, वची, मनो भन्ने तीन कर्मद्वारा भइरहेका अनेक कार्यहरू पुद्गल सत्त्वको काम होइन यो केवल धातुको काम हो ।

यो यन्त्र मानवको उपमामा धातुको विचित्र कार्यलाई देखाइएको कुरा हो ।



Downloaded from http://dhamma.digital

## पाँच प्रसाद रूप र विञ्ञाण धातु

माथि उल्लेखित उपदेशमा छ वटा धागोको ज्वालाको उपमा दिएझैं चक्खु आदि अज्झत्तवत्थु छ वटा वर्ण धातु आदि आरम्मण धातु छ वटा घट्टन हुँदा जुन वत्थुमा जुन विञ्ञाण उत्पन्न हुनु पर्ने हो त्यो तुरुन्तै उत्पन्न हुन्छ । सम्बन्धित वत्थुबाट उत्पन्न हुने विञ्ञाण धातु आआफ्नो स्थान छोडी अन्यत्र स्थानमा रत्तिभर पनि सर्दैन । यो कुरालाई स्पष्ट पार्छु । चक्खु, सोत, घाण, जिह्वा, काय नामक प्रसादरूप पाँच वटा एक आर्कासँग स्वभावमा समानता छैन । ती भिन्न भिन्न स्वभावका छन् । त्यसैले वर्ण नामक रूप धातु चक्खुधातुसँग मात्र घट्टन हुन्छ । यो सोत धातु आदिसँग घट्टन हुँदैन । जसरी बत्तीको तेज नामक वर्ण धातुमा पर्नासाथ तुरुन्तै घट्टन हुन्छ । त्यसरी नै रूप धातु र चक्खु धातु दुई वटा घोटेपछि आगो निस्कनेझैं ती दुई धातु घट्टन भएपछि *'देख्ने विञ्ञाण धातु'* उत्पन्न हुन्छ । चक्खुविञ्ञाण धातुलाई *'देख्ने धातु'* भनिन्छ । बत्तिको प्रकाश नामक वर्ण धातुलाई कानको प्वालमा वा नाकको प्वालमा वा जिब्रोमा वा शरीरमा एक कल्पभर देखाइ राखे पनि घट्टन हुने सम्भावना हुँदैन । वर्ण धातुसँग मिल्ने कार्य हुँदैन । पत्थर र चुम्बकलाई रगडेमा आगो ननिस्कनेझैं हुन् । आआफ्नो मिल्ने आरम्मणसँग घट्टन हुन नपाए पछि देख्ने धातु उत्पन्न हुँदैन ।



Downloaded from http://dhamma.digital

बत्तीको प्रकाश कान्न, नाक, जिब्रो र शरीरको अगाडि राखेमा पनि देख्ने कार्य हुँदैन। आँखाले मात्र देख्ने कार्य हुन्छ।

त्यसैले चक्खुधातुबाट मात्रै वर्णलाई देख्न सकिन्छ। सोतधातु आदिबाट देख्ने धातु उत्पन्न हुँदैन। देख्नेलाई नै चक्खुविञ्ञाण चित्त भनिन्छ। यसलाई मगध (पालि) भाषामा 'दस्सन' तथा 'चक्खुविञ्ञाण' भनिन्छ। हाम्रो भाषामा देख्नु भनिन्छ। त्यो देख्नुलाई नै चक्खुविञ्ञाण धातु भनिन्छ। देख्ने क्रियाबाट अलग चक्खुविञ्ञाण चित्त चक्खुविञ्ञाण धातु भनी अर्को छुट्टै छैन। परन्तु कोही अज्ञानिजनहरूले सत्त्वहरूको चित्त अज्झत सन्तानमा सधैं स्थिर रहेको ठान्छन्। आँखामा वर्ण प्रतिबिम्बित हुने बेला त्यही चित्त आँखामा परी देख्ने कार्य गर्दछ भनी ठान्छन्। त्यसरी नै कानमा शब्द घट्टन हुने बेला त्यही चित्त कानमा आएर सुन्ने ठान्छन्। नाकमा गन्ध घट्टन हुने बेला त्यही चित्त नाकमा आई सुँघ्ने कार्य गर्छन् भनी ठान्छन्। जिब्रोमा स्वाद आउने बेलामा पनि जिब्रोको टुप्पोमा चित्त आई स्वाद लिने र त्यही चित्त हृदयमा आई अनेक चिन्तना गर्ने, जान्ने कार्य गर्दछ भनी सम्झन्छन्। यस्ता मिथ्यादृष्टि धारणा राख्नेहरूमध्ये 'साति' भन्ने भिक्षुको सिद्धन्तअनुसार देख्ने कार्य अलगै हो भने देख्ने कार्य गर्ने चित्त (आत्म) अल्लग छ। यसरी कार्य र कर्ता दुई वटा भिन्न भिन्न छन् भनी सम्झेका छन्। यसरी दुई वटा भिन्न भिन्न ठानेकोले आँखामा देख्ने कार्य समाप्त भइसकेता पनि देख्ने कार्य



Downloaded from http://dhamma.digital

गर्ने चित्त हराएर जाँदैन भन्ने धारणा भएको हो । वर्तमान लोकमा पनि यस्ता मिथ्यादृष्टि धारणा भएकाहरू धेरै छन् ।

यो मिथ्यादृष्टि सिद्धान्तलाई 'निच्च दिट्ठि' 'सास्सत्त दिट्ठि', 'अत्त दिट्ठि' 'सक्काय दिट्ठि' पनि भनिन्छ । यो दिट्ठिलाई हटाउनको निम्ति भगवान् बुद्धले **'कट्ठञ्च पटिच्च अग्गि जलति कट्ठग्गित्वेव संख्यं गच्छिति'** आदि देशना गर्नुभएको हो । यो वाक्यअनुसार चक्खु धातुरूपी घरमा उत्पन्न जुन देख्ने मात्रको चक्खुविञ्ञाण धातु छ त्यो सोत धातुरूपी घरमा सर्ने भन्ने हुँदैन । यो चक्खुधातुमा मात्र वर्ण धातु घट्टन भई त्यो चक्खुपसाद वत्थुमा उत्पन्न भई उत्पन्न भएकै ठाउँमा निरोध हुन्छन् भन्ने अर्थ व्यक्त गरिएको भयो ।

चक्खुविञ्ञाण धातु, सोतविञ्ञाण धातु आदि मात्र सर्ने छैन भनिएको होइन । आँखाले देख्ने विभिन्न वर्ण (रङ्ग) हरू जस्तै सेतो, नीलो, रातो, हरियो, पहेलो मध्ये पनि एक पटक एउटा मात्र देखिन्छ । सेतो रङ्ग देखेको चक्खुविञ्ञाणले नीलो रङ्ग देख्दैन किनकि सर्ने भन्ने यसमा हुँदैन । सेतो देखेर घट्टन हुने सेतै देखेर निरोध हुन्छ । सेतो वर्ण देखी अर्को सेतो वर्णमा सर्ने भन्ने पनि हुँदैन । एउटा वत्थुमा उत्पन्न भएको *'देख्ने क्रिया'* त्यही वत्थुमै निरोध हुन्छ । अर्को चक्खुवत्थुमा सर्ने भन्ने हुँदैन । अर्को चक्खुवत्थुमा आरम्मण प्रतिबिम्बित हुने भएमा नयाँ नयाँ नै उत्पन्न हुन्छ, सर्दैन । देख्ने दुई तीन वटा एकै पल्ट हुन्छ भन्ने पनि छैन । लोकमा मानिसहरूको दृष्टि, धारणा त्यो विञ्ञाणलाई



Downloaded from http://dhamma.digital

त त्यतिकै राखौं, आगोको ज्वालामा पनि बत्तीको सलेदो एउटाले अर्को आगो बलिरहेको, सरीरहेको भनी सम्भन्छन् । सोत धातु, सद्द धातु, सोत विञ्ञाण धातु आदि पनि यसरी नै विस्तृतरूपमा बुभ्नुपर्छ । पसाद रूप पाँच वटा, विञ्ञाण धातु पाँच वटाको विश्लेषण समाप्त ।

## हृदय वत्थुमा स्पर्श भएको र थाहा भएको अनेक प्रकार

प्रत्येक व्यक्तिमा दृढरूपले बसेको हृदयधातुरूपी घरमा विचार गर्ने, चिन्तना गर्ने पनि अनेक प्रकारका हुन्छ । देख्ने, सुन्ने, सुँघ्ने, स्वाद लिन, स्पर्श गर्ने प्रत्येकमा पछि पछि गई चिन्तना गर्नु, विचार गर्नु यही हृदयधातुरूपी घरबाट उत्पन्न भई पछि पछि लागी चिन्तना गर्ने विचार गर्ने गर्छ । कसरी गर्छ भन्ने कुरा माथि उल्लेख भइसक्यो । देख्ने, सुन्ने आदि पाँचै वटा बाट अलग्ग भई चिन्तना गर्नु विचार गर्नु पनि यही हृदय धातुरूपी घरबाटै हुन्छ । उत्पन्न भएर कायकर्म, वचीकर्म, मनोकर्म उत्पन्न हुने पनि माथि उल्लेख भइसक्यो ।

एक एक वस्तुलाई हेरीरहने बखतमा आँखा भिम्क्याउन्जेल पनि देख्ने एक पटक थाहा पाउने एक पटक आलो पालो गरी हजारौं पटकमा देखेकोलाई पनि एकपटक देखेको भान हुन्छ । एक पटक देखेको भन्नुमा हजारौं पटक देखेको हुन्छ । मानिसहरू त्यो सबै एकै पल्ट एक पटक मात्र



Downloaded from http://dhamma.digital

देखेको भनी धारणा राख्दछन् । यसरी हजारौं हजार पटक देख्ने क्रियामा देख्ने चाहिं चक्खुवत्थुको आधारबाट मात्र हुन्छ । थाहा पाउने हृदयवत्थुबाट हुन्छ । वास्तवमा एउटाबाट अर्कोमा सर्ने धातुरूपी घर हुँदैन । एउटा निरोध हुनासाथ अर्को उत्पन्न हुन्छ । यसरी नै सुन्ने थाहा पाउने, सुँघ्ने, स्वाद लिनेमा पनि बुझ्नुपर्छ । अब स्पर्श भएको र थाहा भएको दुईवटालाई राम्ररी स्पष्ट पार्ने छु --

मानिसहरूको धारणाअनुसार हजारौ हजार पटकभन्दा बढी स्पर्श गरेको, थाहा भएकोलाई एउटै गरी लिइरहेको बारे बताउँछु -हिंडने क्रियामा एउटा एउटा पाइलामा भूमि र पैताला घट्टन हुन्छ । भूमिमा पैतलाले टेक्दा तलको भूमि भाग पृथ्वी फोट्ठब्ब धातुमा पैतला नामक काय धातुको केही भाग कायवत्थु पसादरूप घट्टन हुन्छ । त्यो फोट्ठब्ब धातु घट्टन हुँदा घट्ट भएको चोटको प्रभावले त्यो कायपसाद रूप भरी कायविञ्ञाणधातु फुट्ट फुट्ट उत्पन्न भइरहन्छ । यहाँ फोट्टब्ब पथवी धातुको पैतालासँग स्पर्श हुने दुई प्रकारका छन् । दुई प्रकार भनेको (१) पैतालामा भएको रूपस्कन्धमा स्पर्श हुने एक । (२) त्यस रूपस्कन्धमां अहिले उत्पन्न भइरहेको नाम स्कन्ध चार वटैले पथवी फोट्ठब्ब धातुमा स्पर्श गर्ने एक । यसरी दुई थरी छन् । ती चारवटा नामस्कन्ध फोट्ठब्ब धातुमा स्पर्श हुने भन्नुको अर्थ त्यस फोट्ठब्ब धातुमा स्पर्श हुने भन्नुको अर्थ त्यस फोट्ठब्बको चोट प्रहारलाई आरम्मण गर्ने किसिमले स्पर्श हुनुलाई



Downloaded from http://dhamma.digital

भनिएको हो । विशेषरूपले थाहा पाउनु एउटालाई नै स्पर्श गर्नु भनी अर्थ लगाइन्छ । त्यो स्पर्श हुनुलाई यहाँ मूल रूपमा देखाइएको हो । तलको भूमि भाग नामक पथवी फोट्ठब्ब घातुसँग स्पर्श हुने चोटको प्रहारले पैताला नामक रूपस्कन्धमा उत्पन्न भएको त्यो चारवटै नामस्कन्ध त्यस फोट्ठब्बको चोटलाई थाहा पाउँछ । स्पर्श हुने गरी आरम्मण गर्नु भन्ने अर्थ हो । यो स्पर्श हुनु र थाहा पाउनुमध्ये स्पर्श भएकोलाई देखाइएको कुरा हो ।

भूमिमा पाइला टेके पनि मानिसले थाहा पाएकोमा हृदयधातुरूपी घरसित सम्बन्ध छ । हृदयवत्थु थाहा पाउनु भनेको मनोविञ्ञाण धातु उत्पन्न भई स्पर्शको पछि पछि लागिरहन्छन् । आँखा झिम्क्याउने प्रमाण समयमा पनि एक पटक स्पर्श हुने एक पटक थाहा पाउने हजारौं पटकभन्दा बढी भइरहन्छ । मानिसहरूले एउटै मात्र क्रिया भयो भनी ठान्छन् । पैतालामा स्पर्श हुने क्रिया एक निरोध भएपछि मात्र हृदय धातुरूपी घरमा थाहा पाउनु एउटा क्रिया उत्पन्न हुन्छ । यसरी नै हृदय धातुरूपी घरमा स्पर्श हुने क्रिया एउटा निरोध भएपछि मात्र पैताला नामक कायधातुरूपी घरमा स्पर्श हुने क्रिया उत्पन्न हुन्छ । यसरी नै हृदय धातुरूपी घरमा स्पर्श हुने क्रिया एउटा निरोध भएपछि मात्र पैताला नामक कायधातुरूपी घरमा स्पर्श हुने क्रिया उत्पन्न हुन्छ । यसरी आलोपालो गरी हुन्छ भनी थाहा पाउनुपर्छ । यहाँ पनि कायधातुरूपी घरमा उत्पन्न भएको स्पर्श, नामस्कन्ध चारवटा हृदय



Downloaded from http://dhamma.digital

धातुमा सर्ने भन्ने हुँदैन । कायधातुरूपी घरमै निरोध हुन्छ । हृदयधातुरूपी घरमा उत्पन्न भएको थाहा पाउनु नामस्कन्ध चारवटा काय धातुरूपी घरमा सर्नु भन्ने हुँदैन । हृदयधातुरूपी घरमै निरोध हुन्छ ।

मानिसहरूले त्यसरी हजारौं हजार बारभन्दा बढी आलोपालो गरी स्पर्श भएको र थाहा पाएको क्रियालाई एउटै सम्झेका छन् । यसरी स्पर्श हुनु र स्पर्श भई थाहा पाउनु दुई वटाको बीचमा निरोध हुनु विनाश हुनुलाई अलग्ग अलग्ग छुटीरहेको कुरा थाहा नहुनुले यी दुवै एउटै हुन् भनी सम्झेका हुन् । खुट्टामा पैतालामा स्पर्श हुनेबेला नामस्कन्ध चारवटा फुट्ट फुट्ट उत्पन्न भइरहने बखतमा पाउमा पैतालामा मात्र पञ्चस्कन्ध छ, बाँकी शरीरको अन्य भागमा जिउभरी रूपस्कन्ध मात्र हुन्छ । हृदयधातुको घरमा थाहा पाउनु भनेको नामकस्कन्ध चारवटा घरमा मात्र पञ्चस्कन्ध हुन्छ । त्यस बाँकी शरीरमा रूपस्कन्ध मात्र हुन्छ । देख्ने, सुन्ने आदि अगाडि उल्लेख भएका कुराहरू पनि एवं प्रकारले बुझ्नुपर्छ ।

## रूप धातु र नाम धातु दुई थरी

पाइला उठाउने, अगाडि बढाउने, टेक्ने आदि एक एक पाइलामा भइरहेका कायकर्म हृदय धातुदेखि हुने तरीका माथि उल्लेख भइसक्यो । यो एक पाइला भित्र देख्ने क्रिया पनि एकै पल्टमा भए जस्तो, सुन्ने पनि एकै पल्ट भए जस्तो, चिन्तना



Downloaded from http://dhamma.digital

विचार पनि एकै पल्ट भए जस्तो भान हुन्छ। आँखाको पलक मार्ने अवधि भएमा एक लाख कोटीभन्दा बढी चित्त उत्पत्ति विनाश हुने कुरो माथि उल्लेख भइसक्यो।

पहिले राखेको पाइलामा पञ्चस्कन्ध नामक धातुको समूह समूह भाग भाग उत्पन्न हुने कुरालाई पनि माथि उल्लेख गरिसकेको छु । दोस्रो पाइला पनि त्यसरी नै सम्झनुपर्छ।

बाहिरको पृथ्वी भन्ने पथवी फोट्ठब्ब धातु घट्टन हुने कारणले पैतालामा उत्पन्न हुने नामस्कन्ध चारमध्ये स्पर्श हुनु नामक थाहा पाउनु विशेषलाई 'विञ्ञाणक्खन्ध' भनिन्छ। त्यो थाहा पाउनु विशेषमा भएको वेदना 'वेदनाक्खन्ध' हो। संज्ञा 'संज्ञाक्खन्ध' हो। फस्स, चेतना, एकाग्गता, जीवित, मनसिकार यी पाँच वटा 'संखारक्खन्ध' भयो । पैताला 'रूपस्कन्ध' हो । पैताला उठाई पथवीबाट छुट्टिने बेला नामस्कन्ध चारवटा त्यस ठाउँमै निरोध हुन्छ, अनित्य हुन्छ। प्रारम्भमा फोट्ठब्ब धातुको क्षणमा उत्पन्न भएकोलाई नामको जाति भनिन्छ। निरोध हुनलागेको अवस्थामा कम कम भई घटेर गएकोलाई *'नामको सन्तति जरा'* भनिन्छ । यसमा पैतालामा भएको काय प्रसाद रूपलाई 'काय धातु' भनिन्छ। तल पृथ्वीमा भएको पथवी धातुलाई 'फोट्ठब्ब धातु' भनिन्छ। त्यो दुईवटा धातु घट्टन हुने कारणले उत्पन्न भएको



Downloaded from http://dhamma.digital

*'थाहा पाउनु'* विशेषलाई 'कायविञ्ञाण धातु' भनिन्छ । *'नामको जाति, नामको जरा, नामको मरण'* सहित चेतसिकक्खन्ध तीन वटालाई 'धम्मधातु' भनिन्छ । यो त्यस पथवीमा एक पाइला राखी स्पर्श भयो भनी थाहा पाइरहने अवस्थामा पैतालामा पाँच स्कन्ध, धातु चारवटा फार्ने विधि हो ।

संक्षिप्तमा 'रूपस्कन्ध' र 'नामस्कन्ध'लाई रूपधातु र नामधातु दुई थरी गरी हेरौं । पैतालामा भएको कायवत्थु रूप पृथ्वी भनेको फोट्ठब्बरूप रूपस्कन्ध रूपधातु भयो । चार नामस्कन्ध नामधातु हो । रूपस्कन्धको जाति, जरा, मरण भन्ने रूपस्कन्धअन्तर्गत पर्दछ । नाम स्कन्धको जाति, जरा, मरण भन्ने नामस्कन्धअन्तर्गत पर्दछ । यो ठाउँमा अलग्ग छुटी प्रकट भएको *'जान्नु थाहापाउनु'* भन्ने नामस्कन्धलाई ज्ञानले राम्ररी छुट्याई देख्नुपर्छ । रूपस्कन्धसँग मिसाएर हेर्नु हुँदैन ।

रूपधातु र नामधातुलाई छुट्याउने विधि समाप्त ।

## धातु कर्मस्थान भावना गर्ने विधि

यसरी पैतालामा रूपधातु र नामधातु दुवैलाई ज्ञानले छुट्याइ देखिसके पछि रूपधातुको अनित्य, नामधातुको अनित्यलाई भाविता गर्नु पर्दछ । नामधातुको अनित्य भनेको



Downloaded from http://dhamma.digital

"अनिच्चं खयट्ठेन" भनिएको अनुसार त्यस स्थानमा छोएको थाहा भएको अनित्य भई गएको बिलाएर गएको नै नाम धातुको अनित्य हो । रूप धातुको अनित्य भनेको *'आहारदीपनी'* रूपस्कन्ध अनित्य काण्डमा हेर्नुहोला । यो जाने इरियापथमा एक एक पाइला भित्र भूमि एउटा पाइला एक पटक टेक्ने अवस्थामा पैतालाको छालामा नामस्कन्ध चार वटा उत्पन्न हुँदा त्यस स्थानमा पाँच स्कन्ध पूर्ण हुने भएकोले त्यस स्थानमा ज्ञानले पाँच स्कन्ध छुट्याई हेर्ने विधि हो । रूप धातु र नाम धातु दुई थरीलाई छुट्याई छुट्याई हेर्ने विधि हो ।

पाँच स्कन्ध भित्र रूप स्कन्ध जिउभरी छ । शरीरको यो स्थानमा छैन, यो समयमा छैन भन्ने हुँदैन । नाम स्कन्ध चारवटा मात्र पैतालामा उत्पन्न हुने समयमा पैतालाको भित्र बाहिर हुन्छ । त्यस बाहेक शरीरको सबै भागमा रूपस्कन्ध मात्र बाँकी रहन्छ । यसरी जिउभरी रहेको र पातलो छालामा जुन जुन ठाउँमा घट्टन हुने गर्छ त्यस बखत यी चारवटा नामस्कन्ध उत्पत्ति हुन्छ । त्यस त्यस ठाउँमा मात्र पाँचस्कन्ध जुरी रहन्छ । खुट्टाको बुढी औंलामा ठक्कर खाई दुखेको बखत बुढी औंलाको टुप्पोमा मात्र पाँच स्कन्ध हुन्छ । त्यस्तै हातको बुढी औंलाको टुप्पोमा घट्टन भई दुख्दा बुढी औंलाको टुप्पोमा मात्र स्कन्ध पाँचवटा हुन्छन् । यसरी नामस्कन्ध चारवटा उत्पत्ति कालमा जहाँ जहाँ घट्टन हुन्छ त्यहीं त्यही मात्र पाँच स्कन्ध जुट्ने कुरा थाहा पाउनुपर्छ ।



Downloaded from http://dhamma.digital

यो खुट्टाको बुढी औंलादेखि टाउकोसम्म जिउभरी छोपिएको पातलो छालामा पाँच स्कन्ध भाविता गर्ने काण्ड हो।

भित्रको छाला, भित्रको मासु, गिदी, आँखा, मुटु, फोक्सो आदि भित्रको कोट्ठास सबै कायधातुरूपी घर हुन्। भित्रको कायधातु भरिपूर्ण रूपमा छन्। पथवी, तेजो, वायो नामक भित्रको फोट्ठब्ब धातु भरिपूर्णरूपमा छन्। शरीरको अङ्ग चलाउँदा चार धातु विपरीत भई चल्ने अवस्थामा टाउको, छाती पेट इत्यादी भित्रको स्थानमा, भित्रको कायधातुसँग, भित्रको फोट्ठब्ब धातु जुनसुकै बखत घट्टन भइरहन्छ। घट्टन भए भएको ठाउँमा नामस्कन्ध चारवटा फुट्ट फुट्ट उत्पन्न भइरहन्छ। नाम स्कन्ध उत्पन्न भइरहेको समयमा मात्र त्यस त्यस भित्रको स्थानमा *'मेरो शरीरमा भित्र फलानो ठाउँमा चलेको'* भनी थाहा पाउँछन्। फलानो ठाउँमा पोल्यो, चीसो भयो, थाक्यो, दुख्यो, चिलायो, गऱ्हौं भयो इत्यादी रूपले थाहा पाउँछन्। आगोले पोले पनि यदि पोलेको ठाउँमा नामस्कन्ध उत्पन्न नभएमा पोलेको थाहा हुँदैन। जिउभरी चलिरहने हुने अवस्थामा जिउभरी भएको कायधातु फोट्ठब्ब धातु परस्पर जोडतोडले घट्टन हुने बेला शरीरभर बिजुली चम्कनेझैं नामस्कन्ध चारवटा भित्र बाहिर सबै ठाउँमा भरिपूर्ण रूपमा लगातार उत्पन्न हुन्छ।

जस्तो कि हार्मेनियम बजाउने समयमा भित्रका पूर्जाहरू परस्पर छिटो गतिले घट्टन भएको ठाउँमा तुरुन्तै



Downloaded from http://dhamma.digital

नाना थरीका आवाज उत्पन्न हुन्छ । साधारण मानिसले हार्मोनियमभरी नै शव्दले भरेको ठान्छन् । हार्मेनियम यो शरीर समान हुन् । हार्मेनियमको पूर्जा भित्रको कायधातु फोट्ठब्ब धातु समान हुन् । घट्टन भएको ठाउँमा उत्पन्न अनेक प्रकारका शव्दहरू नामस्कन्ध चारवटा समान हुन् । हार्मेनियममा पनि एउटा एउटा छोएको ठाउँमा उत्पन्न एक एक शव्दको अन्त हुने नामक अनित्य धातु, मरण धातु, खयवय धातु, टुक्रा टुक्रा भई धातु भिन्न भिन्न भएझैं शरीर भित्र घट्टन भएको ठाउँ ठाउँमा फुट्ट फुट्ट उत्पन्न भइरहने नामस्कन्ध एउटा एउटा समूहमा पनि अन्त नामक अनित्य धातु, मरण धातु, खयवय धातु, टुक्रा टुक्रा धातु भिन्न भिन्न रूपमा छन् । जसरी हार्मेनियमको आवाज उत्पत्ति विनाश भएर गएको देखेझैं भावनाद्वारा आआफ्नो जिउ भरी उत्पत्ति विनाश भइरहेकोलाई हेर्न जान्नुपर्छ । यसरी नै विञ्ञाण टुक्रा टुक्रा भएर गएकोलाई पनि देख्न सक्नुपर्छ । नामस्कन्ध चारवटालाई पनि टुक्र टुक्र रूपले देख्न सक्नुपर्छ । यसरी टुक्रा टुक्रा भएकोलाई 'अनित्य धातु' 'मरण धातु' भनिन्छ । थकाई लागेको, दुखेको, आनन्द भएको, दुःखको सवै नाम धातु हुन् । यो धातु कर्मस्थान भावना गर्ने संक्षिप्त वर्णन हो । विस्तारको निम्ति 'विज्जामग्ग दीपनी' 'आहार दीपनी' हेर्नु होला ।



Downloaded from http://dhamma.digital

# चक्खुविञ्ञाण धातुको स्वभाव

मनुष्य, देव, ब्रह्मा सत्त्वहरूको स्कन्ध देह भनेको केवल *'धातु पुञ्ज,' 'धातु ढिक्का'* मात्र हुन् । **सत्तस्स वसं अवत्तित्वा अत्तनो सभावं धारेन्ति'ति धातुयो** । अर्थात् सत्त्वको बशमा नपरी आआफ्नो स्वभाव मात्र धारण गर्ने भएकोले **'धातु'** भनिएको हो । **निसत्त निज्जीवट्ठेन धातुयो** । अर्को अर्थमा सत्त्व पनि होइन, सत्त्वको जीव पनि नभएकोले **'धातु'** भनिएको हो ।

अनमतग्ग संसार अनन्त चक्रवाल, अनन्त विश्व, अनन्त सत्त्व, पृथ्वी, खोलानाला जङ्गल, पर्वत, आदि अनन्त संसारलाई ज्ञानले सबैलाई एकै ठाउँमा जम्म गरी त्यसको मूलभूत सार निकालेमा अट्ठारवटा धातु मात्र हुन्छ । त्यस धातुको दृष्टिले हेरेमा चक्रवाल, विश्व, सत्त्व प्राणी भन्ने संसार अणु प्रमाण पनि हुने छैन, लोप भई हराएर जान्छ । ती अट्ठरवटा धातु स्वभावलाई धर्मको हिसाबले विभाजन गर्दा चित्त एउटा, चेतसिक ५२ वटा, निवार्ण एउटा गरी जम्मा नाम धातु ५४ वटा हुन्छ । पथवी धातु, आपो धातु आदि रूप धातु २८ सहित जम्मा ८२ वटा हुन्छ । ती ८२ मध्ये चित्त भनेको विञ्ञाण धातु पुद्गलको वशमा जाने छैन । चित्तले आफ्नो स्वभावलाई मात्र कसरी धारण गर्छन् ? सारा सत्त्व प्राणीहरूले स्वभाविक इच्छाअनुसार सधैं आआफ्नो शारीरिक



Downloaded from http://dhamma.digital

मानसिक सुखलाई मन पराउँछन् । शारीरिक र मानसिक रूपले आनन्द नहुनुलाई मनपराउँदैन । आफूलाई कल्याण हुनेलाई मात्र सदा मनपराउँछ । आफ्नो कुभलो चाहँदैन । यो स्वभाविक इच्छा हो ।

विञ्ञाण आदि विपल्लास धातुले बाधा दिने कारणले चित्त विपरीत भई उन्मत्तक (पागल) भावमा पुग्छ । यस्तो अवस्थामा स्वभाविक इच्छासँग विरूद्ध भई विपरीत धारणा उत्पन्न हुन्छ । अनमतग्ग संसारमा धातु कहिल्यै पुद्गलको स्वाभाविक इच्छाको वशमा जाँदैन । बरू पुद्गलमात्र धातुको वशमा जान्छ । आँखामा घट्टन हुने रूप आकार पनि त्यो पुद्गललाई शारीरिक मानसिक दुवै अशान्ति दुःख दिने खालको पनि छ । त्यो पुद्गललाई अत्यन्त हीन अवस्थामा पुऱ्याउन यातना दुःख दिने रूप आकार पनि छन् । त्यो पुद्गललाई विपरीत धारणामा पुऱ्याउने अपाय दुर्गतिमा पतन गर्ने, संसार चक्रमा डुबाउने दुःख कष्ट दिने रूप आकार पनि छ । चक्खुविञ्ञाणले आँखासँग जुटेका रूप आकार मात्र देख्ने काम गर्छ । पुद्गलले स्वभाविक इच्छासँग सम्बन्ध गाँस्नु हुँदैन । पुद्गलले मात्र उल्टो धारणा राखी त्यस चित्तको वशमा जान्छ । त्यसैले यसरी बताउनुभएको हो –

**चित्तेन निय्यति लोको, चित्तेन परिकस्सति ।**
**चित्तस्स एक धम्मस्स, सब्बेव वसमन्वगू ॥**



Downloaded from http://dhamma.digital

पुद्‌गल सत्त्वलाई विञ्ञाण धातु नामक चित्तले आफ्नो इच्छाएको तर्फ लान्छन्। पुद्‌गलसत्त्वलाई विञ्ञाण धातु नामक आफ्नो चित्तले आफ्नो इच्छा भएतिर लैजान्छ, तान्छ। त्यसैले सबै पृथक्‌जन सत्त्वहरू आआफ्ना चित्त नामक एउटा धर्मको वशमा अनमतग्ग संसारमा निरन्तर रूपमा लागी रहन्छन्।

चित्तको इच्छा नगर भन्नाले "पापस्मिं रमते मनो" भन्ने पालिअनुसार नराम्रो काम नराम्रो आरम्मणमा मात्र रमाउने चित्तको स्वभाव हो। सत्त्वहरू चित्तको वशमा यहाँसम्म पुग्छन् कि चित्तलाई नै आफ्नो शरीर ठानी त्यसमा आसक्त भई चित्तको इच्छालाई आफ्नो इच्छा सम्झन्छन्। यहाँ आफ्नो स्वभाविक इच्छा भनेको बेग्लै हो, विपल्लास चित्तको इच्छा भनेको बेग्लै हुन् भनी यसमा दुई थरी नछुट्याई विपल्लास चित्तको इच्छा एउटा मात्र सम्झीरहन्छ। सत्त्वहरू यतिसम्म चित्तको वशमा पर्दछ कि चित्तले आफूलाई कहाँ कुन ठाउँमा पुऱ्यायो भन्नेसम्म पनि आत्तोपत्तो हुँदैन। आफ्नो स्वाभाविक इच्छासँग झन् झन् टाढा जान्छन्।

लोकमा भएका, जलमा भएका, स्थलमा भएका, आकाशमा भएका सत्त्वहरूलाई हेरेमा यीमध्ये आआफ्नो स्वाभाविक इच्छालाई ज्ञानले जानी स्वाभाविक इच्छातर्फ सीधा चल्न सक्नको निम्ति चित्तलाई संवेग धर्मद्वारा दबाई स्वभाविक इच्छानुकूल बस्न सक्ने सत्त्वहरू थोरै मात्र छन्। चित्तले इच्छाए जति आफ्नै इच्छानुरूप



Downloaded from http://dhamma.digital

गरेको सम्झी तीनवटा कर्म गरिरहने सत्त्व प्राणीहरू मात्र धेरै छन् । पञ्चकाम गुणमा भुलीरहने, लौकिक उन्नति अभिवृद्धिमा लागीरहने, दुश्चरित्र कर्ममा लागीरहने, मिथ्यादृष्टि वृद्धि गर्नुमा लागीरहने यिनीहरू सवैलाई '*चटकको वशमा गएकाहरू*' भनेर भनिन्छ । अपाय दुर्गतिमा सत्त्वहरू कति छन् भनी विचार गरेमा पनि चित्तको इच्छा नगर कति ठूलो रहेछ भन्ने अनुमान हुन्छ । यो चक्खुविञ्ञाणधातुले आआफ्नो स्वभाव कति महान् रूपले धारणा गर्न सक्छ भन्ने कुरा भयो । यसरी धारण गर्न सक्ने कारणले 'धातु' भनिएको हो भन्ने दर्शाइएको हो । बाँकी पाँचवटा विञ्ञाण धातुलाई पनि यसरी नै जान्नुपर्छ ।

यहाँ चित्त धातु समाप्त भयो । अर्को बाँकी फस्स वेदना आदि नाम धातु, पथवी, आपो आदि रूप धातुलाई पनि पुद्गलको स्वाभाविक वशमा नगई त्यसको आफ्नै स्वभाव भिन्न भिन्न भएको, महान् रूपले धारण गरिरहेकोलाई विस्तारपूर्वक जान्नुपर्छ ।

## श्रद्धा आदि धातु

दान, शील, भावना, श्रद्धा, प्रज्ञा आदि कुसल धातु पनि पुद्गलको स्वाभाविक वशमा गइरहेको छैन भन्ने कुरालाई दर्शाउन मानिसले प्रयोग गर्ने बत्तिको उपमा प्रस्तुत गर्दछु । आआफ्नो घरमा आफूले बालि राखेको बत्तिलाई आआफ्नो अधिकार छ भनी भन्ने लोकमा चलन छ । आफ्नो वशमा छ भन्नु नै आफ्नो अधिकार छ भन्नु समान हो । आफ्नो



Downloaded from http://dhamma.digital

वशमा भएपछि आफ्नो अधिकार पनि हुन्छ, अधिकार भएपछि आफ्नो वशमा हुन्छ । वास्तवमा त्यो बत्ति र बत्ति बाल्न चाहिने सामग्रीहरू आफ्नो वशमा भएको ठान्छन् । बत्तिको मालिक भन्ने पुद्गलको इच्छासित सम्बन्ध गाँस्न मिल्दैन । मट्टितेलको भाँडो, बत्तिको धागो तेल, बाल्नेको प्रयत्न सबै मिलेकोले बत्ति बलेको सम्म हो । ती हेतुले बाहेक पुद्गलको इच्छा मात्रले बत्ति बाल्न सक्दैन । यदि साँच्चैकै आफ्नो अधिकार भएको भए ती हेतु कारणको आवश्यकता हुनु नपर्ने हो । पुद्गलको इच्छा मात्र भएमा उसको चित्तले आकाशमा पनि बाल्न सक्नुपर्थ्यो । आकाशमा स्थिर रूपले बत्ति बाल्ने इच्छा भएमा बत्ति स्थिर हुनु पर्ने हो । आगो लागाउने इच्छा नभएमा आगो नलाग्नु पर्ने हो । आगोले नपोल्ने इच्छा भएमा आगोले नपोल्नु पर्ने हो । परन्तु त्यसरी हुँदैन । हेतु कारण बाहेक इच्छा मात्रले बत्ति बल्नु, स्थिर हुनु भनेको आफ्नो अधिनमा छैन । छोएमा त्यो पुद्गललाई पोली हाल्छ । त्यो बत्तिको मालिकको समान, घर पनि तुरुन्तै जलाइ दिन सक्छ । यसरी बत्तिले हेतु कारणसँग सम्वन्धित भई आफ्नो स्वभाव धारण गर्छन् पुद्गलको इच्छाले मात्र हुँदैन । हेतु कारण जुटि बल्ने क्रिया, बत्ति, तेल भए सम्म मात्र स्थिर भई बलिरहन्छ । त्यो बत्तिमा पुद्गलको कुनै अधिकार छैन । बरु आफू आगोको दास मात्र भएको हो । दास वा नोकर भन्नाले लोकमा धनको दास र मानिसको दास भनी दुई थरी छन् । जस्तै एक जना



Downloaded from http://dhamma.digital

साहुले एक जना मानिसलाई पाँच सय रुपैया सापटी दिएछ। पछि त्यो तिर्न नसकी त्यो व्यक्ति साहुको घरमा नोकर हुन पुगेछ । साहु चाहिं आसामीले सापटी लिएको धनको दास भयो । त्यो व्यक्ति (आसामी) साहुको दास भयो । जसरी मट्टितेलको भाँडोमा बत्ति र तेल बराबर थप्नु पर्ने भएकोले धनको-नोकर, मानिसले प्रयत्न गर्नु पर्ने भएकोले बत्तिको-नोकर भयो। यसरी बत्तिको नोकर नभई बत्तिको प्रकाशलाई आफ्नो अधिनमा राख्न सकिँदैन । बत्तिसम्बन्धी चाहिने सामग्री जुटिरहेसम्म आलिकति आफ्नो वशमा भएको जस्तो हुन्छ । माथिको उदाहरणअनुसार दान, शील, भावना, सद्धा, पञ्ञा आदिमा पनि पुद्गलको आफ्नो अधिन हुँदैन भनी जान्नुपर्छ । बलिरहेको बत्तिको ज्वाला मट्टितेल, भाँडो, बत्ति, मट्टितेल र बत्ति बाल्ने यसरी चार अङ्ग पूर्ण भएर मात्र बलेको हो । पुद्गलको स्वइच्छाले होइन । यसरी नै दान चेतना नामक धम्मधातु पनि दान वस्तु, दान ग्राहक, श्रद्धा, दान दिने कार्य हुन्छ। पुद्गलको इच्छाले मात्र हुँदैन। चार हेतु विना सय हजार जन्ममा पनि दान कुसल एउटा पनि गर्न सक्दैनन् । चार हेतु जुट्ने अवस्थामा मात्र दान कुसल भइरहन्छ। चार हेतु अलग हुनासाथ दान कार्य हुँदैन। त्यो पुद्गल अकुशल अन्धकारमा परिरहन्छन् । यी (कुशल) नहराउने गरी आफ्नो अधिपत्यमा राख्न सक्दैनन्।



Downloaded from http://dhamma.digital

आगोलाई उपयोग गर्नुमा दक्षता भएमा भात पकाउने आदि कुनै कार्यमा आफ्नो वशमा भएको जस्तो हुन्छ । त्यसमा दक्ष नभएमा आगोले त्यो व्यक्तिको घर, शरीर, ठाउँ, गाउँ, सविञ्ञाणक अविञ्ञाणक सवै एक रात एक दिनभित्रै खरानी गर्न सक्ने भएकोले साँच्चीकै महान शत्रु हुन जान्छ । यसरी नै दान कुशलमा पनि कुशल कार्य गर्न जान्नेलाई संसारमा विजुली चम्कने प्रमाणले मनुष्य सुख, देव सुख दिन सक्छ । कुशल कार्यमा दक्ष नभएकालाई दान कुशलबाट तण्हा, मान, दिट्ठि आदि क्लेश अग्नि प्रज्वलित भई ज्ञाति वन्धुवर्गसहित महान् अपाय दुःखमा पतन गरिदिन्छ । यसरी दान धातु पुद्‌गलको इच्छा विपरीत महाभयंकर भएकोलाई जान्नुपर्छ । लौकिक शील, लौकिक भावना, लौकिक श्रद्धा, लौकिक प्रज्ञा आदि धातुलाई पनि दान धातुझैं सम्झनुपर्छ । त्यसैले अभिधर्म पट्ठान पालिमा यसरी देशना गर्नुभएको छ –

**सद्धा सीलं सुतं चागो पञ्ञा रागस्स दोसस्स मोहस्स मानस्स दिट्ठिया पत्थनाय उपनिस्सय पच्चयेन पच्चयो ।**

ज्ञान बुद्धि नभएकाहरूलाई लौकिक श्रद्धा कुशल भनेको राग अग्नि वृद्धि गर्नको निम्ति हुनेछ, मोह अग्नि वृद्धि गर्नको निम्ति हुनेछ, मान अग्नि वृद्धि गर्नको निम्ति हुनेछ, मिथ्यादृष्टि वृद्धि गर्नको निम्ति हुनेछ, भवतृष्णाको आगो बेसरी दन् दन् बाल्नको निम्ति हुनेछ । लौकिक पंचशील, अष्टशील, दशशील भिक्षुहरूको चातुपरिशुद्धि शील राग अग्नि



Downloaded from http://dhamma.digital

धेरै वृद्धि गर्नको निम्ति हुनेछ । द्वोस अग्नि धेरै वृद्धि गर्नुको निम्ति हुनेछ, मोह अग्नि, मान अग्नि, मिथ्यादृष्टि, भवतृष्णा अग्नि धेरै वृद्धि गर्नको निम्ति हुनेछ । लौकिक वहुश्रुत ज्ञान, राग अग्नि दोस अग्नि, मोह अग्नि, मान अग्नि, मिथ्यादृष्टि, भवतृष्णा आगो धेरै वृद्धि गर्नको निम्ति हुनेछ । दान कुशल (प्रज्ञा कुशल) राग अग्नि, दोस अग्नि, मोह अग्नि, मान अग्नि, मिथ्यादृष्टि, भवतृष्णा अग्नि वृद्धि गर्नको निम्ति हुनेछ । लौकिक विषयमा दक्षता हुनु राग अग्नि, दोस अग्नि, मोह अग्नि, मान अग्नि, मिथ्यादृष्टि, भवतृष्णा वृद्धि गर्नको निम्ति हुनेछ ।

श्रद्धा आदि लौकिक कुशल विषय ज्ञान बुद्धि नभएकाहरूलाई राग, दोस आदि छ वटा अग्नि वृद्धि हुनेछ भनी देशना गर्नु भएकोले त्यो कुशल धातु सत्त्वहरूलाई घात गर्ने कार्यमा कति शक्तिशाली हुन्छ भनी विचार गरी हेर्नु होला । त्यसैले लौकिक कुशललाई बधक मार पाँचमध्ये *'अभिसंखार मार'* भनी अर्कालाई घात गर्ने मार भनेर बताउनुभयो । माथिको आगोको उपमासँग ज्यादै मिल्दछ । लौकिक कुशल पुद्गलको स्वाभाविक वशमा नपर्ने, आआफ्नै स्वभाव मात्र धारण गरी बस्ने कुरा अत्यन्त स्पष्ट छन् । यो 'अत्तनो सभावं धारेन्तिति धातुयो' भन्ने विग्रहअनुसार संक्षिप्त व्याख्या समाप्त । 'निस्सत्त निज्जीवट्ठेन धातुयो' भन्ने पालिको बारे 'आहार दीपनी पुद्गल सत्त्व, अत्त जीव काण्डमा' प्रकाश पारेको छु । संक्षिप्त धातु कर्मस्थान विधि समाप्त ।



Downloaded from http://dhamma.digital

# विपश्यना भावना गर्नुको फल

अब खन्ध, आयतन, धातु विषयमा विस्सना भावना गर्नुको मुख्य फल बताउँछु। विपस्सना भावना गरेपछि सत्त्वहरूमा निरन्तर उत्पन्न भइरहेको लोभ, दोस, मोह, मान, दिट्ठि, आदि क्लेश धर्म हटेर जान्छन्, कुशल धर्म बनाउन सकिनु नै यसको मूल आनिशंस (फल) हो। क्लेश धर्ममध्ये एउटा एउटा क्लेशको तीन तीन वटा अवस्था छन्। ती हुन्–वीतिक्कम्म, परियुत्थान र अनुशय। क्लेशलाई हटाउने पनि तदङ्ग प्रहाण, विक्खम्भन प्रहाण र समुच्छेद प्रहाण गरी तीन वटा छन्। हटाउने शासन ब्रह्मचर्य नामक शील, समाधि प्रज्ञा गरी तीन प्रकारका छन्। यसलाई स्पष्ट पार्दछु –

लोभ क्लेश एकमा पनि वीतिक्कम्म भनेको वचीद्वारवाट लोभ वचन प्रकट भई अतिक्रमण गर्नु एउटा। शरीरको अङ्ग प्रत्यङ्ग कायद्वारबाट लोभ कर्म गरी अतिक्रमण गर्नु एउटा। यसरी वचीकर्म र कायकर्मलाई बशमा पार्न नसक्ने गरी आनन्द लिनु प्रसन्न हुनु, प्रेम गर्नु, लाभ प्राप्त गर्नुलाई पनि वीतिकम्म भनिन्छ। यसरी वीतिकम्म कार्यलाई साधारण मानिसले पनि थाहा पाउन सकिन्छ।

परियुट्ठान कार्य भनेको शरीरको अङ्ग, वचनको अङ्गसम्म वीतिकम्म (हलन चलन गरी प्रयोग गर्ने अवस्थासम्म) नभई हृदयमा मात्र जवन कृत्य भात उम्लनेझैं उम्लिरहने लोभमूल कार्यलाई भनिएको हो। यो परियुट्ठान लोभलाई साधारण मानिसहरूले चाल पाउन सक्दैनन्। यो केवल आफ्नो चित्तलाई आफूले मात्र जान्दछ।



Downloaded from http://dhamma.digital

परचित्त जानेका अभिञ्ञा प्राप्त पुद्गलहरूले र आफूलाई रक्षा गरिरहेका आरक्षा देवता आदिले पनि थाहा पाउन सक्छन् ।

अनुसय भन्नाले मनोद्वारमा जवन कृत्य अनुपरू उत्पन्न नभई अनमतग्ग संसारमा चित्तमा स्थायीरूपले लुकेर बसेको लोभ कृत्यलाई भनिएको हो । यो लोभ कृत्य सर्वज्ञ बुद्धहरूले मात्र जान्न सक्छन् । शासन बाहिरका मनुष्य, देव, इन्द्र, ब्रह्माहरूको कुरा त त्यतिकै रहोस्, सर्भङ्ग ऋषि आदि अभिञ्ञा प्राप्त बोधिसत्त्वहरूले पनि आफ्नो अनुशय क्लेशलाई थाहा पाउन सक्दैनन् ।

## लोभको उपमा

यहाँ चित्त भनेको सलाईको काँटी समान हुन् । चित्तमा सधैं लुकेर बसेको लोभ सलाईको काँटीमा भएको अग्नि धातु समान हुन् । पियरूप, सातरूप भन्ने स्त्रीको वर्ण, रूप, शब्द आदि छ वटा आरम्मणहरू सलाईको बट्टामा बाहिर लगाएको गन्धक समान हुन् । सलाईको बट्टासँग घट्टन नभएसम्म सलाईको काँटी हातमा राखे पनि पोल्नु बल्नु भन्ने हुँदैन । शीतल रूपले बस्छ । यसरी नै अनुसय नामक सुषुप्त धातुले आफूलाई उत्तेजित गरी एक एक आरम्मण द्वारमा घट्टन नभए सम्म उत्पत्ति नभई शान्त रूपले बस्छ। क्लेश नभएको जस्तो हुन्छ। यो अनुशय नामक सुषुप्त धातुको आकार प्रकार हो ।



Downloaded from http://dhamma.digital

## सलाई बट्टा र काँटीको उपमा

सलाईको काँटीमा लुकेको अग्नि तत्त्व सलाईको बट्टामा भएको गन्धकसँग घट्टन हुँदा झिलिक्क बल्छ। त्यसरी नै जब लुकेर बसेका लोभ धातु बाहिर निस्कन प्रेरणा दिने आरम्मण चक्षु आदिद्वारमा घट्टन हुन्छ त्यस बखत लुकेको लोभ धातु तत्क्षणमै जवन कृत्यसँग मनोद्वार सन्ततिमा पानीझैं उम्लन्छ। यो परियुट्ठान नामक उत्पन्न धातुको आकार प्रकार हुन्।

## बल्ने पदार्थ र सलाईको काँटीको उपमा

सलाईको काँटीमा बलीरहेको आगोमा, बल्ने पर्दाथ केही नभएमा सलाईको काँटीमै आगो शान्त भएर जान्छ। बल्ने पदार्थ भएमा तुरुन्तै आगो दन्किइ नगर, ग्राम सवै भष्म हुने अवस्थासम्म पुग्न सक्छ। त्यसरी नै मनोद्वारमा उत्पन्न भएको लोभको आगोलाई स्मृति प्रज्ञाले नियन्त्रण गरीराखेकोले पिय वत्थु (प्रिय वस्तु) नामक बल्ने पदार्थसँग लामो समयसम्म बल्ने अवसर प्राप्त नभएमा मनोद्वारमै पहिले जस्तै सुषुप्त अवस्थामा नै रहन्छन्। जब स्मृति प्रज्ञाले संयम गर्दैन त्यस बेला पिय वत्थु नामक बल्ने पदार्थसँग संक्रमण हुन पुग्छ। त्यस बखत आरम्मण पनि नियन्त्रण रहित हुन्छ। त्यस बखत मनोद्वारमा मात्र होइन वचीद्वार र कायद्वारमा पनि आतिक्रमण हुन्छ। प्रिय वस्तुसँग सम्पर्क गर्ने शरीरको अङ्ग सञ्चालन हुने, आउने जाने आदि कार्य उत्पन्न हुन्छ। यो भयो वीतिक्कम्म हुने कुरा लोभ भनेको स्थूल, मध्यम र सूक्ष्म रूपले तीन प्रकारका भएको कुरा समाप्त।



Downloaded from http://dhamma.digital

## तीन कर्मको अभिप्राय

यस्तै दोस, मोह, मान, दिट्ठि आदी पनि कडा, मध्यम र सूक्ष्म रूपले तीन थरी भएको बुझ्नुपर्छ। तीन थरीमध्ये कायकर्म, वचीकर्म, नामक वीतिकम्म क्लेश हटाउने कार्य शील शासनको कार्य हो। त्यसैले शीलले वीतिकम्म कार्य मात्र तदङ्ग प्रहाणले हटाउन सक्छ। परियुट्ठान क्लेश, अनुशय क्लेशलाई हटाउन सक्दैन। मनोकर्म नामक मध्यम खाले परियुट्ठान क्लेश हटाउने कार्य उपचार भावनासहित आठ समापत्ति नामक समाधिको काम हो। त्यसैले समाधिले परियुट्ठान कार्यलाई मात्र विक्खम्भन प्रहाणद्वारा हटाउँछ। परियुट्ठानलाई हटाएपछि वीतिकम्म कार्यलाई विक्खम्भन प्रहाणले हटाउने कार्य स्वतः सिद्ध हुन्छ।

## स्त्रीको वर्ण (रूप) धातुरूपी शस्त्रले लागेको

अनुशय नामक सुषुप्त धातुलाई हटाउन सकिँदैन। बोधिसत्त्व हरितच ऋषि र धम्मधज ऋषिहरू लामो समय पछि ध्यान अभिज्ञा समापत्तिद्वारा हिमालयबाट वाराणसी देशमा आउनु भई राजाको बगैंचामा बस्नुभयो। त्यहाँ दिनहुँ उहाँहरू आकाश मार्गबाट राजाको दरवारमा भोजन गर्न जानुहुन्थ्यो। एक दिन आकाश मार्गबाट गइरहँदा वस्त्र खसेर निर्वस्त्र भएको महारानीलाई देखे। निवस्त्र भेष नामक रूपधातु ती ऋषिको चक्खु धातुमा, भवङ्ग धातुमा घट्टन भयो।



Downloaded from http://dhamma.digital

जसरी आगो गन्धक धातुसँग घट्टन भएपछि तुरुन्त आगो बल्नेझैं कामच्छन्द नामक लोभ, तृष्णा, रागको आगो अनुशय भन्ने सुषुप्त धातुबाट तुरुन्त बली परियुट्ठान कृत्यद्वारा हृदयमा भकभक उम्लेको रहेछ । आकाशमा उडीरहेको राजहंसलाई वाण हान्दा वाण छातीमा लागी हाँस खसेझैं त्यो ऋषि महारानीको वर्ण नामक रूपधातु शस्त्र भवङ्गमा घट्टन भएकोले तुरुन्तै आकाशबाट खस्यो । यो स्त्रीको वर्ण नामक रूपधातुरूपी शस्त्रले लागेको कथा हो ।

लंका द्वीपमा ध्यान अभिज्ञाद्वारा आकाशमा उडीरहेका श्रामणेर एउटी महिलाको संगीतमय शब्द सुनी त्यस शब्द धातु घट्टन भएको कारणले ध्यानबाट च्युत भई आकाशबाट खसे । यो स्त्रीको शब्द नामक शब्दधातु शस्त्रले लागेको कथा हो ।

ती ऋषिहरू र श्रामणेरलाई लुकेका लोभधातु उत्पन्न भई परियुट्ठान भावमा पुग्नासाथ दीर्घकालसम्म मेहनत गरी प्राप्त भएको ध्यान अभिज्ञा समापत्ति तत्क्षणमै सबै लोप भएर गए । आकाशबाट खसी ती स्त्रीहरू भेटेपछि परियुट्ठानमा मात्र सीमित नभई वीतिक्रम भावमा पुग्नासाथ दीर्घकालसम्म रक्षा गरेका ऋषि, श्रवणशील तत्क्षणमैं लोप भएर गयो । यसरी समथले अनुशय धातुलाई हटाउन सकिंदैन । अनुशय भनेको सुषुप्त धातु जरैदेखि नउखेलेसम्म भवग्ग भुवन भएको



Downloaded from http://dhamma.digital

ब्रह्माको भवमा पुगे पनि अपायबाट मुक्त हुने छैन । क्षणिक शीलवन्त, क्षणिक ध्यानलाभी, क्षणिक ब्रह्म भइरहन्छन् ।

## तीनवटा कर्मको बीज मूललाई काट्ने विधि

कायकर्म, वचीकर्म, मनोकर्मबाट अलग्ग भएर पनि ती तीनवटा कर्म उत्पन्न हुनलाई मूल-बीज र बीज-बीज रूपले चित्तमा सधैं लुकीरहेका अनुशय क्लेशलाई हटाउनु प्रज्ञाको काम हो । प्रज्ञाले मात्र सुच्छेद प्रहाणद्वारा त्यो अनुशय क्लेशलाई काट्न सकिन्छ । यी शील, समाधिसँग सम्बन्धित छैन । फेरि यसलाई शील समाधिले काट्न सक्दैन । लोभको मूल जरालाई काटेपछि लोभको परियुट्ठानकार्य वीतिकम्मकार्यलाई पनि समुच्छेद प्रहाणद्वारा काट्ने कार्य पूर्ण हुन जान्छ । त्यो व्यक्तिमा लोभ बिल्कुल हटेर जान्छ । वशवर्ती देवलोकमा वशवर्ती देवराजका छोरीहरू हजारौं आई रूप आकार, शब्द, स्पर्श आदिद्वारा जन्मभर स्पर्शद्वारा भुल्न आएता पनि आनन्द लिने तृष्णा, राग, लोभ अणु मात्र पनि उत्पन्न हुँदैन । जसरी पानीले भिजेको सलाईको काँटी, सलाईको बट्टामा सयपटक घोटे पनि आगोको बीउ सकिएको कारणले आगो नबल्ने हुन्छ । अनुशय नामक क्लेशको जरा कहाँ बसी उत्पन्न हुन्छ भनी हेर्दा पाँच खन्ध बाह्र आयतन, अट्ठार धातुभित्र लुकी त्यहींबाट वृद्धि भएर आउँछ ।



Downloaded from http://dhamma.digital

यहाँ उपमाद्वारा दिष्टि क्लेशलाई जरैदेखि उखेल्ने विधि बताउँछु। एक जना अलसी कृषकले एउटा झरपात भएको जग्गालाई प्रथम वर्षमा हलो जोती माथि माथिबाट झारपात हटाई ठूल्ठूला रूखको खोटोहरू बाँकी राखी खेत जोतेछन्। वर्षा राम्ररी भएकोले एक साल खानलाई पुग्यो। वर्षाकालपछि खेतभरी पहिलेझैं झरपातले छोप्यो। पहिलेझैं झारपात उखेली बाली लगायो तर बाली राम्ररी सप्रेन। वर्षै पिच्छे झारपात उखेल्ने, खेत खन्ने काम सकिएन। समयमा वर्षा नभएको वा आफू कहीं अन्यत्र जानु परेकोले झारपात हटाउन नभ्याएको कारणले तीन, चार, पाँच वर्ष बितेपछि पहिलेझैं जङ्गल भयो।

अर्को एक जना वीर्यशक्ति बलवान भएका कृषकले कोदालो, बन्चरो, खुकुरी, गल आदि ज्याभल लिई सम्पूर्ण झारपात रूखलाई सुरुदेखि नै पहिले शाखा प्रशाखाहरू काटी सफा गरे। देस्रो पटकमा रूखको खोटोहरू पनि काटी साना ठूला जरालाई मात्र बाँकी राखे। तेस्रो पटकमा जरासमेत उखेले। जमीनमा राखी ठूल्ठूला जरालाई खुकुरीले काटी टुक्रा टुक्रा गरी घाममा सुकाई सबै जम्म गरी बालेर खरानी पारे। उसले सबै रूखहरू हटाएकोले खेत ठूलो फाँट भयो। फेरि सय वर्ष, हजार वर्ष खेत नखने पनि रूख झारपात उम्री जङ्गल हुने छैन।



Downloaded from http://dhamma.digital

पालि ग्रन्थमा विषको बोटको उपमाको रूपमा खरानी खोलामा बगाउने कुरा पनि देखाइएको छ । यो उपमाअनुसार शाखा प्रशाखाहरूलाई काट्ने हटाउने शील विशुद्धि समान हुन् । भूमिमा बाँकी रहेका रूखको खोटोलाई, काटी, हटाउनु समाधि नामक चित्त विशुद्धि समान हुन् । भूमिमा रहेका ठूला साना जरालाई जरै देखि उखेली हटाउनु खन्ध नामरूप धर्ममा विपस्सना भावना गरेको समान हुन् ।

माथिको उपमाअनुसार त्यो भूमि पहिले जङ्गल भएझैं पछि पनि झारपात उम्रिनुको कारण रूखका साना ठूला जरालाई स्थायी रुपले पृथ्वी, जल नामक आहार पर्याप्त भएकोले हो । साना ठूला जराहरू राम्रो अवस्था प्राप्त भई फेरि वृद्धि भएर आयो । त्यसरी नै आफ्नो पाँच स्कन्ध नामरूप धर्मलाई पुद्गल सत्त्व, स्त्री, पुरुष, टाउको, हात, खुट्टा इत्यादी सण्ठान प्रज्ञप्ति सन्तति प्रज्ञप्ति नामक प्रज्ञप्ति नगर सम्झनु र त्यस क्लेशलाई साथमा लिइ प्रियरूप सातरूप नामक आहार तृप्त हुने गरी पालन पोषण गरेको समान हो । क्लेशहरूले आफ्नो पाँच स्कन्धबाट सहायता प्राप्त गरी अनमतग्ग संसार वृद्धि गरिरहेका छन् ।

त्यस पृथ्वी भागमा रूख, झारपात उम्रने हेतुलाई नष्ट गरी त्यो सानो-ठूलो जरालाई जरैदेखि उखेलेझैं आफ्ना खन्धलाई धातु नगरको रूपले दृष्टिगत गरी विपस्सना ज्ञान नामक बन्चरोले काटी सण्ठान प्रज्ञप्ति, सन्तति प्रज्ञप्ति द्रव्य



Downloaded from http://dhamma.digital

पदार्थ भन्ने अणु मात्र पनि बाँकी नरहने गरी हटाउन सकेमा त्यस क्लेशको सानो-ठूलो जरा आसक्त हुनुबाट बिल्कुल मुक्त हुन्छ।

फेरि ती साना-ठूला जरा त्यही ठाउँमा (भिजेको खेतमा) राखी छोडेमा लामो समय नबिल्दै माटोसँग मिलेर टुसा पलाएर आउँछन् । त्यसैले त्यो ठाउँबाट निकाली जमीनमा राखी घाममा सुकाई जलाउनु पर्ने हो । झारपात निर्मूल गर्नेझैं विपस्सना ज्ञानले प्रज्ञप्ति नगरलाई समाप्त गरी क्लेशको जराले जग लिने ठाउँ नभए पनि स्कन्धलाई त्यतिकै राखि छोडेमा तुरुन्त सम्पर्क भई पहिलेझैं बुद्धि हुन्छ । यसैले यसलाई मार्गज्ञान नामक अग्निले भष्म गर्नु पर्ने रहेछ ।

यो उपमाअनुसार रूखको जरा फेरि उम्रिन नदिन जरैदेखि उखेल्ने कार्यमा निर्भर रहन्छ । झारपात, रूख, जरा बाल्ने त्यतिको गाह्रो काम होइन तुरुन्तै सकिन्छ । यसरी नै सण्ठान प्रज्ञप्ति र सन्तति प्रज्ञप्तिले प्रहार गर्न नसक्ने गरी शरीर स्कन्धलाई विपस्सनारूपी बन्चरोले काट्नु नै मुख्य कुरो हो । मार्ग ज्ञानरूपी आगोले बाल्ने कुरा त्यति गाह्रो छैन । तुरुन्तै सकिन्छ । यो क्लेशको जरालाई उखेल्नु भगवान् बुद्धको शासनमा मात्र छ । त्यसपछि प्रत्येकबुद्धसँग हुन्छ । शासनबाट बाहिर कतै हुँदैन । किनकि त्यस्तो प्रज्ञा शासन नहुने बखतमा प्राप्त हुँदैन । शील, समाधि दुईवटा बुद्धशासनभित्र पनि शासन बाहिर पनि जुनसुकै कल्पमा अनन्त चक्रवालमा पनि हुन्छ ।



Downloaded from http://dhamma.digital

शील धर्म भएकोले जुनसुकै कल्पमा पनि अनन्त चक्रवालमा मनुष्य देव प्राणीहरू भरिभराउ हुन्छन् । समाधि धर्म भएकोले जुनसुकै कल्पमा पनि अनन्त चक्रवालमा ब्रह्मलोक, ब्रह्मसत्त्व भन्ने हुन्छन् ।

क्लेशमध्ये दिट्ठि नामक क्लेश सबभन्दा खराब छन् । जति पनि दुश्चरित्र कर्म छन् ती सवै दिट्ठिबाटै उत्पन्न हुन्छ । दिट्ठिकलेशको जरा उखेलिए पछि सारा दुश्चरित्र उखेलिन्छ । त्यो व्यक्ति अपाय संसारबाट बिल्कुल मुक्त हुन्छ । अनत्त विपस्सना कार्यले दिट्ठिकलेशको जरासमेत उखेलिदिन्छ । माथि उल्लेख गरेको धातु कर्मस्थान विशेष गरी अनत्त विपस्सना कार्य हो । तसर्थ दिट्ठिको जरा समेत उखेलिन्छ । माथि उल्लेख गरेको धातु कर्मस्थान विशेष गरी अनत्त विपस्सना कार्य हो । तसर्थ दिट्ठिको जरा निर्मूल गर्न इच्छुक व्यक्तिले भगवान् बुद्धको शासन प्राप्त भएको अवस्थामा धातुकर्मस्थानलाई जति सक्यो त्यति भावना गरौं । यो **"कट्ठञ्ज पटिच्च अग्गि जलति कथग्गि त्वेव सङ्खयं गच्छति"** आदि तण्हा सङ्खयं सूत्रको आधार लिई बताउनुभएको धातु कर्मस्थान संक्षिप्त रूपमा सकियो ।



Downloaded from http://dhamma.digital

## तीनवटा त्रिलक्षण विमोक्खमुख ज्ञान तीनवटासँग लक्षण विमोक्ख मिसिएको विधि

अव यहाँ त्रिलक्षण तीनवटालाई राम्ररी भावना गर्नेहरूलाई आआफूले देखेका अनित्य, दुःख, अनात्मालाई साँच्चैको अनित्य, साँच्चैको दुःख, साँच्चैको अनात्मा हो होइन विचार गरी हेर्न विमोक्खमुख ज्ञान तीनवटा मिसिएको काण्डलाई बताउँछु – **अनिच्चनुपस्सनाज्ञान, दुक्खानुपस्सनाज्ञान** र **अनत्तानुपस्सनाज्ञान** भन्ने अनुपस्सना ज्ञान तीनवटा, अनिमित्तानुपस्सना, अपणिहितानुपस्सना, सुञ्ञतानुपस्सना भन्ने विमोक्खज्ञान तीनवटा छन् । विमोक्खको अर्थ मुक्त हुनु हो । यो मार्गफल निर्वाणलाई भनिएको हो । मुखको अर्थ द्वार हो । मार्गफल निर्वाण रूपी द्वारलाई 'विमोक्खमुख' भनिन्छ ।

१. राम्ररी स्पष्ट भएको अनिच्चानुपस्सनाज्ञानलाई 'अनिमित्तानुपस्सनाज्ञान' भनिन्छ । २. राम्ररी स्पष्ट भएको दुक्खानुपस्सना ज्ञानलाई 'अपणिहितानुपस्सनाज्ञान' भनिन्छ । ३. राम्ररी स्पष्ट भएको अनत्तानुपस्सनाज्ञानलाई 'सुञ्ञचानुपस्सनाज्ञान' भन्निन्छ ।

## तीनवटा विमोक्ख र त्रिलक्षण

अनिच्चानुपस्सनाज्ञानलाई अनिमित्तानुपस्सनाज्ञान भन्नुको अर्थ धातु बिलाएर जाने लोप भएर जानेलाई 'अनिच्च'



Downloaded from http://dhamma.digital

भनिन्छ । सत्त्वहरूको स्वाभाविक चित्तमा प्रकट हुने सण्ठान प्रज्ञप्ति, सन्तति प्रज्ञप्ति, प्रतिबिम्बित हुने निमित्त सानो-ठूलोलाई 'निमित्त' भनिन्छ ।

धातु नगरको निरन्तर विनाश भएको, हराएर गएको लोप भएर गएकोलाई ज्ञानले स्पष्ट रूपले देखेपछि साधारण चित्तमा उत्पन्न हुने त्यो प्रतिबिम्बित हुने सानो-ठूलो निमित्त जति आफै हराएर जान्छ । यसरी साधारण चित्तमा प्रकट हुने पुद्गल, सत्त्व, सानो-ठूलो अङ्ग, कपाल, रोम आदि प्रतिबिम्बित हुने निमित्तलाई ज्ञानको दृष्टिले हेरी हटाउन सकिने, हराउन सकिने भएकोले अनिच्चानुपस्सनालाई 'अनिमित्तानुपस्सना' भनिन्छ ।

दुक्खानुपस्सनाज्ञानलाई 'अपणिहितानुपस्सना' भनिएको कारण पनि छ । तीनवटा भुवनमा रहेका धर्मसमूह धातु नगर दुःख सत्य हो । "भयट्ठेन दुःखं" भनिएअनुसार डरलाग्दो विघ्नकारक भय समूह मात्र हुन् । वास्तवमा आनन्द लिने भन्ने कुरा केही पनि छैन । अनित्य नामक मरण भयले निरन्तररूपमा संहार गरिरहेका धर्म मात्र साँच्चै नै विद्यमान छन् । मरण भय निरन्तर रूपले भक् भक् उम्लिरहेको धातु नगरलाई आफ्नो शरीरको अङ्ग, आफ्नो हक भएको सम्पत्तिको रूपमा समाइ राख्नु अत्यन्त भयानक भय उपद्रव दोष भनी देख्नुलाई 'दुक्खानुपस्सनाज्ञान' भनिन्छ ।



Downloaded from http://dhamma.digital

मनुष्यलोकमा देवलोकमा प्रिय हुने, मनाप हुने प्राप्त गर्न इच्छुक शोभायमान भएको शुभ सुख रूपले देखिरहेकोलाई 'पणिहित' भनिन्छ । सविञ्ञाणक अविञ्ञाणक भएको धातु नगरलाई दुःख हो भनी ज्ञानले राम्ररी स्पष्ट रूपमा देखेपछि त्यो शुभ सुख रूपले देखिरहेको शुभ सुखलाई ज्ञानको दृष्टिले हटाउन सकिने भएकोले दुक्खानुपस्सनालाई 'अपणिहितानुपस्सना' भनिन्छ।

धातुनगरलाई ज्ञानले देख्न नसकेकोले सण्ठान प्रज्ञप्ति, सन्तति प्रज्ञप्तिमा प्रकट भएका पुद्गल, सत्त्व, अत्तजीवलाई हटाउन पञ्चस्कन्धलाई केही सार नभएको पीजा, पानीको फोका, मृगतृष्णा, केराको बोट, जादूगरसमान देखिरहनुलाई 'अनत्तानुपस्सना' भनिन्छ।

पीजा पानीको फोका आदि रूपले ज्ञानको आँखाले देखेपछि त्यो पुद्गल, सत्त्व, अत्तजीव सबै हराएर जान्छ। पाँच स्कन्ध पुद्गल सत्त्व अत्तजीव होइन । तुच्छ शून्य रूपले देख्छन् । यसरी स्वभाविक चित्तमा साँच्चै छ भनी देखिरहेका पुद्गल, सत्त्व, अत्तजीवलाई प्रज्ञा ज्ञानले हटाउन सकिने भएकोले अनत्तानुपस्सनालाई 'सुञ्ञतानुपस्सना' भनिन्छ।

## तीनवटा विपस्सना ठीक ठाउमा छ छैन थाहा पाउने

जसरी कागजको राश, कागजको प्रासादलाई तोपले हान्दा त्यसको नाम निशानानै बाँकी रहँदैन त्यसरी नै सण्ठान प्रज्ञप्ति र



Downloaded from http://dhamma.digital

सन्तति प्रज्ञप्ति हटाउन पाँच स्कन्धमध्ये आफूलाई मन पर्ने एउटा स्कन्धलाई अनित्य ज्ञानले हेर्दै लगेमा सण्ठान प्रज्ञप्ति सन्तति प्रज्ञप्ति हराएर गई धातुको मरण नामक अनिच्च देख्दछ, त्यस बखत अनिमित्तज्ञान उत्पन्न हुन्छ। यस्तो अवस्थामा अनित्य ज्ञान ठाउँमा पुग्यो भनी थाहा पाउनुपर्दछ। यदि सानो-ठूलो प्रतिबिम्बि निमित्तले बाधा दिइरहेमा अनिमित्त ज्ञान ठाउँमा पुगेको छैन । अनित्य ज्ञान पूर्ण भएको छैन भनी थाहा पाउनुपर्दछ।

दुःखज्ञानलाई उद्देश्य गरी हेर्दै जाँदा जुन आरम्मण वस्तु आनन्द लिनु, मनपराउनु भन्ने पणिहितको आकार प्रकार हराएर जान्छ। भयानक भएको, त्याग गर्न योग्य, अलग्ग बस्न योग्य, भय आदीनव मात्र भएको भनी त्यस आरम्मण वस्तुलाई देखेपछि अपणिहित ज्ञान उत्पन्न हुन्छ र दुःख ज्ञान पूर्ण हुन्छ। पणिहितको आकार प्रकार हराएर नगएमा दुःखज्ञान पूर्ण भएको छैन भनी थाहा पाउनुपर्छ।

अनत्तज्ञानलाई उद्देश्य गरी ज्ञानले हेर्दै जाने अवस्थामा अत्त-सार, जीव-सारका आकार प्रकार हराएर जान्छ। असार, अजीव, तुच्छ, शून्य, धातु पुञ्ज, धातु ढिक्का, धम्म पुञ्ज, धम्म समूह मात्र देख्छन्। त्यस बखत शून्यता ज्ञान उत्पन्न हुन्छ । अनत्त ज्ञान पूर्ण हुन्छ। पुद्‌गल, सत्त्व अत्तसार, जीवसार रूपले देखिरहेसम्म अनत्तज्ञान ठाउँमा पुगेको छैन भनी थाहा पाउनुपर्दछ । अत्तसार, जीवसारलाई राम्ररी परीक्षा गर्न 'आहारदीपनी', 'अनत्तदीपनी' हेर्नुहोस । यो संक्षेपमा तीन अनुपस्सनाज्ञानसँग तीन विमोक्खसुख ज्ञान मिसिएको विधि ।



Downloaded from http://dhamma.digital

# क्लेश नगर तीन वटा

क्लेशको आधार भई बसोबास गरीरहेका अत्यन्त चहलपहल भएका निमित्त नगर एउटा, पणिहित नगर एउटा, अत्तजीवन नगर एउटा गरी जम्मा तीन वटा नगर छन् ।

ती तीन नगरमध्ये परमाणु र अणुदेखि लिएर स्वाभाविक चित्तमा प्रकट भइरहेका सण्ठान प्रज्ञप्ति, सन्तति प्रज्ञप्ति, सानो-ठूलो पदार्थ अनेक वस्तुलाई **'निमित्त नगर'** भनिन्छ ।

लोकमा तृष्णाद्वारा सुख ठानेका असल उत्तम शोभायुक्त सुख, शुभ जातिलाई 'पणिहित नगर' भनिन्छ ।

पुद्गल, सत्त्व म र पुरुष, स्त्री, अत्तसार, जीवसार, कारक, वेदक आदि आकार प्रकार समूहलाई **'अत्तजीव नगर'** भनिन्छ ।

कारक भनेको सत्त्वहरू सवैले सवै कायकर्म, वचीकर्म, मनोकर्मलाई आफ्नो शक्तिअनुसार अधिकार चलाउन सकिन्छ भनी सम्झनुलाई 'अत्तदिट्ठि' भनिन्छ ।

वेदक भनेको त्यसरी गरी सकेपछि इहलोकको फल परलोकको फललाई अनुभव गरिरहन्छ भनी सम्झीरहनुलाई **'अत्तदिट्ठि'** भनिन्छ ।

यी तीनवटा नगरलाई संक्षिप्तले छुट्याई देखाएको कुरा भयो । राम्ररी ब्याख्या गरेमा एक एकको कुराहरू धेरै हुन्छ ।



Downloaded from http://dhamma.digital

## राज्य चलाई राखेको धर्म

ती नगर तीनवटा मध्ये निमित्तनगरलाई मानले राज्य गरीरहेका छन् । पणिहितनगरलाई तृष्णाले राज्य गरेका छन् । अत्तजीव नगरलाई दिट्ठिले राज्य गरेका छन् ।

## निमित्त नगरमा राज्य गर्ने मानलाई हटाउने विधि

निमित्त नगरमा मानले कसरी राज्य चलाउँछ ? मान भनेको *"मञ्जनं=दृष्टि भ्रम हुनु, मानो=दृष्टि भ्रम हुनु"* भनिएअनुसार दुःख सत्य भएकोले साँच्चै खराब वा भयंकर लौकिक नाम रूप स्कन्धको भित्र पनि खराब, यो उत्तम, यो असल, यो नराम्रो भनी हीन, उत्तम छुट्याई दृष्टि भ्रम हुनु दृष्टि भुल्नुलाई नै मान भनिन्छ । उदाहरणको निम्ति माटोको डल्लो र सुनको ढिक्कोमा लोक व्यवहारअनुसार हीन उत्तम छुट्याएका छन् । माटोको डल्लो हीन भयो, सुनको ढिक्को उत्तम भयो । सत्य देशनाअनुरूप दुवै पृथ्वी धातु नै हुन् । आदीनव दोषअनुसार माटोको डल्लोमा तण्हा, मान, इर्ष्या, मात्सर्य आदि क्लेश बृद्धि हुने बाटो छैन । हेर विचार गर्नु सुरक्षा गर्नुपर्ने दुःख पनि वृद्धि गर्नुपर्ने हुँदैन । अपाय दुर्गतिमा पुग्ने अकुशल कार्य गर्ने बाटो पनि हुँदैन । सुनको ढिक्कामा ती सबै आदीनव दोष प्रकटरूपमा हुन्छ । त्यसैले दुःख सत्य समान भएपनि माटोको डल्लोमा दुःख सत्य साधारण रूपले



Downloaded from http://dhamma.digital

मात्र हुन्छ । सुनको ढिक्कोमा धेरै आदीनव, दोष, दुःख, भय हुन्छ ।

ऋषि सत्पुरुष, श्रमण सत्पुरुषहरूले पनि काम रागले अलग्ग भएका ब्रह्मा, देव, मनुष्य, अनागामी, अरहन्तहरूले पनि माटोको डल्लोलाई असल, उत्तमरूपले प्रयोग गरेका छन । सुनको ढिक्को देखि टाढैवाट अलग भएर बस्छन् । यो उदाहरण सत्य देशनाअनुसार सुनको ढिक्कोको दोष आदीनव दुःख भयलाई राम्ररी देखी सुनको ढिक्कोदेखि सुख लिने तृष्णावाट अलग्ग भएका पुद्गलहरूलाई लोक व्यवहारअनुसार सुनको ढिक्कोलाई सुनको ढिक्को उत्तम, बहुमूल्य रत्न भनी बताउनु भएमा पनि उहाँहरूले त्यसरी बताउनु भएकोलाई दृष्टि भ्रममा परेको भन्न मिल्दैन । अदीनव दुःख दोष भयलाई नदेखी माटोको डल्लोलाई हीन, सुनको डल्लो उत्तम भनी ठान्ने व्यक्तिहरूको धारणालाई साँच्चै नै दृष्टिभ्रममा परेको भनिन्छ । यही उदाहरणअनुसार मनुष्यलोक, देवलोक, बह्मलोकका अविञ्ञाणक, सविञ्ञाणक वस्तु, आरम्मण सवैलाई देख्नुपर्छ ।

धातु नगरमा ज्ञानले राम्ररी देखेका पुद्गलहरूको यसरी दृष्टि भ्रममा पर्दैनन् । निमित्त नगरवासीहरूमा मात्र हुन्छ । त्यसैले निमित्त नगरवासीहरूमा मात्र हुन्छ । त्यसैले निमित्त नगरलाई मानले राज्य गर्छ भनिएको हो ।



Downloaded from http://dhamma.digital

अनिच्चानुपस्सना ज्ञान भनेको त्यस निमित्त नगरलाई धूलो धूलो पारी खरानी गरी जलाईदिने समाप्त पारिदिने ज्ञान हो । यो वज्र हतियार (इन्द्रको हतियार) समान हुन् । त्यो निमित्त नगर नष्ट भएपछि नगरमा राज्य गर्ने मान राजा पनि सैन्य सिपाहीसहित नंष्ट हुन्छ । त्यसैले चूलराहुलोवाद सूत्रमा यसरी बताउनुभएको हो –

**अनिमित्तञ्च भावेहि, मानानुसय मुज्जह ।**
**ततो मानाभिसमया, वूपसन्तो चरिस्सति ॥**

यो निमित्त नगरमा उत्पत्ति भएका निमित्तमध्ये स्रोतापत्ति मार्गले निच्च-निमित्त, अत्त-निमित्त दुई बटालाई मात्र केही शेष नराखी नष्ट गर्छ । सुख-निमित्त, शुभ-निमित्तलाई त अरहत मार्गमा पुगेपछि मात्र केही शेष नराखी नष्ट गर्छ । त्यसैले मान भन्ने क्लेश पनि अर्हत् मार्गमा पुगेपछि मात्र नष्ट हुन्छ । निमित्त नगरलाई नष्ट गर्ने काण्ड सकियो ।

## पणिहित नगरमा तृष्णा

अब अणिहित नगरको बारेमा बताउँछु-कटुस गोलको आगोमा चीसो आगो भन्ने हुँदैन । त्यसरी नै सत्य देशनानुसार अत्यन्त भयङ्कर दुःख सत्य भित्र सुख, शुभ, इष्ट सम्पत्ति, श्री मङ्गल आनन्ददायक उत्तम धर्म वस्तु आरम्मण



Downloaded from http://dhamma.digital

भन्ने उत्पन्न हुँदैन । तैपनि मनुष्यलोकमा असल उत्तमको देखिने देवलोक, बह्मलोकमा राम्रो उत्तम देखिने पणिहित नगरलाई राज्य गर्ने पणिधि तण्हाको काम हो । पणिधिको अर्थ प्रणिधान गर्नु अथवा कामना गर्नु । लोकमा पृथक्जनहरूको स्वभाविक चित्तमा असल राम्रो भनी देखेका इष्ट आरम्मणलाई हेर्ने इच्छा, सुन्ने इच्छा, खाने इच्छा, पिउँने इच्छा, प्राप्त गर्ने इच्छा, अनुभव गर्ने इच्छा यी सवैलाई 'पणिधि' भनिन्छ । दुक्खानुपस्सना ज्ञान त्यस पणिधि नगरलाई चूर्ण गरी उदाउनेभैं त्यो इष्ट आरम्म्णलाई भयंकर त्रसित घृणित ठानी नष्ट गरी पठाउन सक्ने इन्द्रको शस्त्र (वज्र) समान हुन् ।

माटोको डल्लो र सुनको ढिक्कोको उपमा एक पटक फेरि उल्लेख गरी मान र तृष्णा दुवैको काम फरक भएको बताउँछु–माटोको डल्लोलाई हीन भनी ठान्नु, सुनको ढिक्कोलाई उत्तम भनी ठान्नु मान धर्मको काम हो । सुनको ढिक्कोलाई मन पराउनु प्रसन्न मनले आनन्द लिनु तृष्णाको काम हो । यहाँ मानको तात्पर्य अनुशय मानलाई लिइएको हो । कुशल चित्तमा पनि मैले गरेको भनी सम्भनु एक प्रकारको मान नै हो । तण्हा पनि अनुशय तण्हालाई लिइएको हो । कुशल चित्तमा आनन्द लिनु पनि एक प्रकारको तृष्णा नै हो ।

पणिहित नगर विनष्ट भएपछि त्यस नगरलाई राज्य गर्ने तृष्णा पनि आफ्नो सैन्यसहित विनष्ट भएर जान्छ । यो पणिहित नगर अरहन्त मार्गमा पुगिसकेपछि मात्र बिलकुल नष्ट



Downloaded from http://dhamma.digital

हुन्छ । तृष्णा पनि अरहन्त मार्गमा पुगेपछि मात्र बिल्कुल नष्ट हुन्छ ।

पणिहित नगर नष्ट गर्ने विधि देखाइएको कुरा समाप्त ।

## अत्तजीवन दिट्ठिलाई हटाउने विधि

अनिच्चानुपस्सना शस्त्रले बारम्बार प्रहार गरेपछि निच्चनिमित्त नगर नष्ट भएर जान्छ । यसरी नष्ट भएपछि अत्त-सार, जीव-सार नगर पनि नष्ट हुनेछ । कसरी नष्ट हुन्छ भने सवै शरीरमा धातुको मरण, धर्मको मरणको कारणले आँखा पलक मार्ने समय भित्रै सवै शरीर सधैं मरण भएको देख्छ । यसरी देखेपछि रूप-धातु, नाम-धातु भन्ने पुद्‌गल सत्त्वको ठोस पदार्थ अत्त-सार जाति होइन, पुद्‌गल सत्त्वलाई दीर्घकालसम्म स्थिर गर्न सक्ने जीव-सार जाति पनि होइन भनी अत्त पनि होइन पनि जीव होइन भन्ने कुरालाई राम्ररी स्पष्ट कमसे कम आँखा झिम्क्याउने भित्रमा पनि अघिपछि गरी निरन्तर रूपमा लगातार धेरै रूप धातु नाम धातु निरोध भएर गएका छन् । तसर्थ लोकको दृष्टिले देखेका कायकर्म, वचीकर्म, मनोकर्ममध्ये कुनै पनि क्रियालाई एउटैले मात्र सिद्ध गर्न सक्ने धातु नभएको कारणले कारकशक्ति नभएकोलाई स्पष्ट रूपले देख्दछ । अनुभव गर्नुमा पनि त्यसरी हुन्छ ।



Downloaded from http://dhamma.digital

अर्को शब्दले वर्णन गरेमा-बनाउने, अनुभव गर्ने भन्ने क्रिया पनि शुद्ध धातु मात्र भएकोले त्यो क्रिया गर्ने कारक धातु, वेदक धातु भनी भिन्न भिन्न छैन । धातुलाई छोडी कारक पुद्गल, वेदक पुद्गल भन्ने पनि छैन भनी स्पष्ट रूपले देखिन्छ । यसरी निच्च निमित्त नगर विनष्ट भएर गएपछि अत्त-जीव नगर पनि नष्ट भएर जान्छ । त्यस्तैले अत्तजीव नगरलाई नष्ट गर्ने कुरो फेरि एक पटक बताउनु पर्ने आवश्यता हुँदैन ।

## तीनवटा नगरलाई नष्ट गर्ने विधि

प्रज्ञा-ज्ञानमा यी तीन नगर लोप भएर गएपछि धम्मचक्खु, पञ्ञाचक्खु उत्पन्न हुन्छ, अविज्जासहित तण्हा, मान, दिट्ठि तीनवटै नष्ट भएर जान्छ । भगवान् बुद्धको शासन कार्य पूर्ण हुन्छ । अनागत शासनको आशा लिनु पर्ने कार्य हुँदैन । आज भोलि निच्चनिमित्त, अत्तजीव नगर दुईवटा नष्ट गर्ने ठूलो अवसर प्राप्त भएझैं यसलाई नष्ट गर्नु पनि अत्यन्त आवश्यक भएको छ । ती दुईवटा नगरलाई मात्र नष्ट गरेमा पनि मिथ्यादृष्टि, सम्पूर्ण दुश्चरित्र र अपाय संसारबाट बिलकुल मुक्त हुन्छ । धेरै जन्म धेरै कल्पसम्म संसारमा घुमिरहे पनि संसारमा डुब्ने संसार चक्रमा घुम्ने खालको हुँदैन । यसलाई **'वत्ताभिरत सोतापन्न'** भनिन्छ । त्यो पुद्गल विस्तारै विस्तारै निर्वाणतर्फ उत्तरोत्तर वृद्धि हुने कार्य गर्दै माथि माथिको भुवनमा



Downloaded from http://dhamma.digital

सुख अनुभव गर्दै जाने हुन्छ। यसबारे 'चतुसच्च दीपनी' मा सविस्तारपूर्वक लेखेको छु।

यो तीन नगर, तीन राजालाई चूर्ण, विचूर्ण गरी पठाउने तीन शस्त्रलाई देखाइएको कुरा हो।

## निगमन

**तेतिसकूटमण्डिते लेपडाउँ नाम पब्बते।**
**वसता महाथेरेन कता कम्मट्ठान दीपनी॥**

तेतीस वटा पर्वत शिखरले शोभायमान भएको लेपटाउ भन्ने पर्वतको फेदीमा बनाइएको चङ्क्रमण विहारमा बसेका (म) लोदीसयादो नामक महास्थविरले कम्मट्ठान दीपनी ग्रन्थ लेखिदिए।



Downloaded from http://dhamma.digital

# शुद्धिकरण

निम्न लिखित पेजहरुको निम्न लिखित लाइनमा उल्लेखित अशुद्ध शब्दहरुलाई शुद्धिकरण गरिएको छ ।

| पेज नं. | लाईन | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १२ | ७ | नरकमा असंख्य | नरकमा पुग्ने असंख्य |
| | ९ | सक्ने यसरी नै | सक्ने कर्महरु पनि प्रत्येक सत्वमा हुन्छ । यसरी नै |
| १३ | ७ | आगोको भय र | आमोको भय त |
| | १२ | भएक्मा | भएमा |
| १४ | ९ | रुखबाट एउटा | रुखबाट खसेको एउटा |
| २३ | ६ | निकाम्ति | निकम्ति |
| ३२ | १४ | उण्हेतपि | उण्हेनपि |
| | १९ | तञ्चरी | तञ्चारी |
| ३३ | ४ | पदार्थ | पदार्थ |
| | ५, ६ | व्यवहार .....भनिन्छ | नचाहिने वाक्य |
| ३४ | १० | लोभ | लोभ |
| | १३ | कोवल | केवल |
| ३५ | १५ | भएकोलाई | गएकोलाई |
| ४६ | ७ | ज्वाला भएको | ज्वालामा भएको |
| ५० | १७ | सन्तो | सन्तत्तो |
| | १९ | सञ्भिन्ने | सञ्भिन्नो |
| ५३ | १० | तजोधातुया | तेजोधातुया |
| ५७ | ६ | पथविधातुवेवेसा | तेजोधातुवेवेसा |
| | १८ | अच्छोन्ति | अच्छेन्ति |
| ५८ | २२ | आपो | तेजो |
| ५९ | ८ | आपो | वायो |
| ६० | ७ | देखकलाई गरिएको | देखनालाई स्पष्ट गरिएको |
| ७१ | २१ | हृदय | हृदयमा |
| ७२ | १३ | घट्न भई | घट्न हुन्छ । |
| | १४ | सरोवरमा पानीका | वर्षाको पानीले घट्न भई सरोवरमा पानीका |
| ७८ | १३ | अहय | अपाय |
| ८३ | १९ | मृगजललाई | मृगजललाई |
| १०३ | ४ | मयूपमञ्च | मायूपमञ्च |
| १०४ | ५ | मरीचिकूपमा | मरीचीकूपमा |
| १०६ | ६ | कायतन | कायायतन |
| १०९ | ४ | गोचर | गोचर |
| ११२ | १, ३, ५, ७, ९ | देमनस्सा | दोमनस्सा |
| ११८ | ३-१५ | सङ्घ | सङ्घं |
| १२१ | ३ | तदेविवंद ...... संसारति | तदेविदं ...... संसरति |
| १६२ | ७ | सुच्छेद | समुच्छेद |
| १६७ | १७ | सुञ्ञतानुपस्सना ञान | सुञ्ञतानुपस्सना ञान |
| १७० | २१ | विमोक्खसुख | विमोक्खमुख |
| १७४ | १७ | अणिहित | पणिहित |
| १७६ | ५ | असत्जीवन | असत्जीव |
| | १४ | होइन पनि जीव ..... स्पष्ट कमसेकम | होइन जीव पनि ...... स्पष्ट देखरछ । कमसेकम |
| १७८ | १० | सोदी | सेदी |

Downloaded from http://dhamma.digital